# महिलाको हक र अधिकारलाई सम्बोधन गर्न बनेका कानूनहरुको संगालो–२०७०

नेपाल सरकार

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
फोन नं.: ४२००३२८, ४२००१६८, ४२०००८२,
४२००४१३ फ्याक्स: ४२००११६
इमेल: ꣵबर्षरुयधअकधानयखालउ
धधधꣵयधअकधानयखालउ
सिंहदरबार, काठमाडौं

The Ministry of Women, Children and social Welfare (MOWCSW) thanks the United states Agency for International Development (USAID)- funded combating Trafficking in person (CTIP) project implemented by The Asia Foundation for their technical expertise and financial support in the publication of this document.

# महिलाको हक र अधिकारलाई सम्बोधन गर्न बनेका कानूनहरुको संगालो–२०७०

नेपाल सरकार

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

| | |
|---|---|
| प्रकाशक | : महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय सिंहदरवार, काठमाडौं |
| पुस्तकको नाम | : महिलाको हक र अधिकारलाई सम्बोधन गर्न बनेका कानूनहरुको संगालो–२०७० |
| दोस्रो संस्करण | : २००० प्रति |
| प्रकाशन मिति | : २०७० चैत्र |
| कम्प्युटर लेआउट | : निर्मल गैरे, मो.:९८४१७३९३३७ |
| मुद्रण | : स्काई प्रेस, बिजुलीबजार, काठमाडौं, फोन नं. ०१-४७८४२८३ |

# विषय सूचि


| | |
|---|---|
| १) नेपालको अन्तरिम संविधान, २०६३ मा भएका व्यवस्थाहरु | १(२ |
| ८. संविधान प्रारम्भ हुँदाका बखतको नागरिकता | १ |
| १३. समानताको हक: | १ |
| १८. रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक: | १ |
| २०. महिलाको हक: | १ |
| २१. सामाजिक न्यायको हक: | १ |
| ३३. राज्यको दायित्व : | १ |
| ३५. राज्यका नीतिहरू: | २ |
| ६३. संविधान सभाको गठन: | २ |
| १३१. राष्ट्रिय मानव अधिकार आयोग: | २ |
| १४२. राजनैतिक दलको रूपमा निर्वाचनको लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु २पर्नेः | |
| १५४. आयोगको गठन: | २ |
| २) मुलुकी ऐन | ३(१५ |
| महल १: अदालती बन्दोबस्तको : | ३ |
| महल ५: गरीव कङ्गालको: | ३ |
| महल १२: लोग्ने स्वास्नीको : | ४ |
| महल १३: अंश बण्डाको: | ५ |
| महल १४: स्त्री अंश धनको: | ७ |
| महल १६: अपुतालीको: | ८ |
| महल २१: रजिष्ट्रेशनको: | ९ |
| महल १०: ज्यान सम्वन्धीको: | ९ |
| महल १३: आसय करणीको: | १० |
| महल १४: जबर्जस्ती करणीको : | १० |
| महल १५: हाडनाता करणी गर्नेको: | १२ |
| महल १६: पशु करणीको: | १३ |
| महल १७: विहावरीको: | १३ |
| महल १८: जारीको: | १५ |
| महल १९: अदलको: | १५ |
| ३. अन्य ऐनहरु | १६(२० |
| गाली र बेइज्जती ऐन, २०१६ | १६ |
| कारागार ऐन, २०१९ | १६ |
| प्रमाण ऐन, २०३१ | १६ |

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने ) ऐन, २०३३ १६
श्रम ऐन, २०४८ १७
पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक सुविधा तथा सेवाका अन्य शर्त सम्वन्धी ऐन, २०४८ १७
निजामती सेवा ऐन, २०४९ १७
सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ १८
आयकर ऐन, २०५८ १९
नेपाल नागरिकता ऐन, २०६३ १९
सैनिक ऐन, २०६३ २०
राष्ट्रिय महिला आयोग ऐन, २०६३ २०
वैदेशिक रोजगार ऐन, २०६४ २०
४. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ २१
५. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ २७
६. लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३ ३१
७. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ ३७
८. घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७ ४५
९. लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ ६१
१०. प्रहरी नियमावली, २०४९ को वाह्रौ संशोधन : ६६
११) छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४ ६६
१२) श्रमजीवि महिलाहरुप्रति डान्स रेस्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५ ६८
१३) महिला उपर हुने सवै प्रकारका भेदभाव निर्मूलन सम्बन्धी महासन्धी ७३
१४) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको इच्छाधिन आलेख८२

## ८. संविधान प्रारम्भ हुँदाका बखतको नागरिकता:

(६) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा प्रचलित कानून बमोजिम अंङ्गीकृत नेपाली नागरिकता लिन सक्नेछ ।

(७) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निजको नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रह भने निजले प्रचलित कानून बमोजिम नेपालको अंङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।

## १३. समानताको हक:

(३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन । तर महिला, दलित, आदिवासी जनजाति, मधेशी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

(४) समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।

## १८. रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक:

(२) महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

## २०. महिलाको हक:

(१) महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन ।

(२) प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुनेछ ।

(३) कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ ।

(४) पैतृक सम्पतिमा छोरा र छोरीलाई समान हक हुनेछ ।

## २१. सामाजिक न्यायको हक:

आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरीब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ ।

## ३३. राज्यको दायित्व :

(घ) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्र लगायतका समस्याहरूलाई संबोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको

समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने,

(घ१) मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदूर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने,

## ३५. राज्यका नीतिहरू:

(८) महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ ।

(९) राज्यले एकल महिला, अनाथ, बालबालिका, असहाय, वृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ । (१४) राज्यले महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायत अल्पसङ्ख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्व पीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।

(१७) वृद्ध, अशक्त महिला तथा बेरोजगारलाई कानूनमा व्यवस्था गरी भत्ता दिने नीति अवलम्बन गर्नेछ।

## ६३. संविधान सभाको गठन:

(४) उपधारा (३) को खण्ड (क) बमोजिम राजनैतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनु पर्नेछ र खण्ड (ख) बमोजिम राजनैतिक दलहरूले उम्मेदवारहरूको सूचिकृत गर्दा महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी लगायत अन्य वर्ग समेतको कानूनमा व्यवस्था भए बमोजिम समानुपातिक प्रतिनिधित्व गराउनु पर्नेछ ।

(५) उपधारा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिलाको हकमा उपधारा (३) को खण्ड (ख) बमोजिम समानुपातिक प्रतिनिधित्वमा हुने सङ्ख्यामा सो उपधाराको खण्ड (क) अनुसार दिइने उम्मेदवारीको सङ्ख्या जोडेर कुल सङ्ख्यामा न्यूनतम एक तिहाई उम्मेदवारी दिनु पर्नेछ

## १३१. राष्ट्रिय मानव अधिकार आयोग:

(२) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्दा महिला सहित विविधता कायम गर्नु पर्नेछ ।

## १४२. राजनैतिक दलको रूपमा निर्वाचनको लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्ने:

(३) उपधारा (१) बमोजिम दर्ताको लागि निवेदन दिंदा कुनै पनि राजनैतिक दलले देहायका शर्तहरू पू गरेको हुनु पर्नेछः-

(ग) विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलित लगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरू समेत रहने समावेशी व्यवस्था गरिएको हुनु पर्छ,

## १५४. आयोगको गठन:

नेपाल सरकारले महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्ग, मजदुर वा किसान लगायत विविध क्षेत्रको हक हितको संरक्षण र प्रवर्धन गर्न आवश्यक आयोगहरू गठन गर्न सक्नेछ । त्यस्ता आयोगहरूको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

# २. मुलुकी ऐन

भाग २

## महल १: अदालती बन्दोबस्तको :

११ नं. ॥ ॥ मुद्दा हेर्दा देहायको प्राथमिकताले कारवाही गर्दै जाँदा जुन मुद्दा पहिलै छिन्न अङ्ग पु सोही मुद्दा पहिला किनारा गर्नु पर्छ .........

थुनुवा कैदीको थुना वा कैद परेको मद्दा ....................................................................१

वेवारिसी सोह्र बर्ष मुनिको नाबालकको मुद्दा ..............................................................२

तारीखमा रहेको पचहत्तर बर्ष माथिको बूढाबूढीको शारीरिक अशक्तता भएको व्यक्तिको ३मुद्दा .........
स्वास्नी मानिस बादी वा पुनरावेदक भएको न्वारान गराई पाउँ वा
नाता कायम गराई पाउँ भन्ने मुद्दा ..........................................................................४ विधवा महिला वादी वा पुनरावेदक भएको मद्दा.............................................................४क माथि

लेखिएको र त्यसपछि अरु मुद्दाका हकमा पुरानोको क्रमले ........................................५

११७ नं. ॥ ॥ स्वास्नी मानिसलाई पक्रन पठाउनु पर्दा स्वास्नी मानिस सिपाही भएका अड्डाले स्वास्नी मानिस सिपाही र नभएका अड्डाले दुईजना सिपाही पठाई डाकी ल्याउनु पर्छ। लोग्ने मानिसले हात हाली पक्रन हुँदैन। नआई अडिई भने मात्र नाडीमा समाई ल्याउनु पर्छ।

१३४ नं. ॥ ॥ स्वास्नीमानिसलाई केही कुराको अभियोग लागी आउँदा बैमनासिब ठट्टा मस्करीका हिसावसँग सोध बुझ गर्न हुँदैन।

भाग ३

## महल ५: गरीव कङ्गालको:

३ नं. ॥ ॥ बाबु मरेको वा बेपत्ता भएको वा विदेश गएको अवस्थामा आमाले अर्को विवाह गरेमा निजक नाबालकको हकमा देहाय बमोजिम हुन्छ।

जायजेथा वा उमेर पुगेको एकाघरको हकवाला नभएको नावालक भए आमाले आफूसाथ लगी पाल्नु पर्छ।.................................................................................................................. १

जायजेथा र उमेर पुगेका एकाघरको हकवाला भए पनि आठ बर्षभन्दा मुनिको नाबालक भए आठ बर्षको उमेर नपुगेसम्म आमाले आफूसाथ लगी र नाबालकको एकाघरको हकवाला नभए नाबालककै घरमा बसी पाल्न पाउँछ। ................................................................................................ २

आठ बर्ष नाघेको तर सोह्र बर्ष मुनिको नाबालकको उमेर पुगेको एकाघरको हकवाला भए पनि हकवा
नपालेमा वा पाल्न मन्जूर नगरेमा आमाले पाल्न पाउँछ..................................................। ३

आमाले पाल्दा नाबालकको एकाघरको हकवाला नै नभएको वा भए पनि उमेर पुगेको नभएको वा उमेर पुग भए पनि पाल्न नचाहेकोमा सो नावालकको जायजेथा समेत आमाले जिम्मा लिन पाउँछ। ............... ४

८ नं. ॥ ॥ नेपाल सरकारको तर्फबाट दिइने सदावर्त सिधा दिँदा देहायका क्रमले प्राथमिकता दिई दिनुपर्छ। क) महारोगी
ख) दुवै आँखा नदेख्ने अन्धा। ग) लुला,
लङ्गडा वा कूँजा।
घ) बाबु आमा कोही नभएका रोजगार गरी खान नसक्ने नाबालक टुहुरा। ङ) स्याहार
संभार गर्ने कोही नभएका अशक्त बुढाबुढीहरु।
च) बिरामी र असमर्थ।
छ) असल रमता दशनाम फकीर।
ज) कमाई खेतिपाती केही नभएका स्वास्नीमानिस।

## महल १२: लोग्ने स्वास्नीको :

१ नं. ॥ ॥ विहावारीको महलको २ नम्बरको ९ दफामा र ४,५,७ र ८ नम्बरमा लेखिएको र देहायको अवस्थामा वाहेक लोग्ने स्वास्नीको सम्वन्ध विच्छेद हुन सक्दैन । त्यस्तो अवस्था परी सम्बन्ध विच्छेद गनु परेमा पनि कारण खोली निवेदन गरी अड्डाबाट निर्णय भए पछि सो निर्णय बमोजिम मात्र सम्वन्ध विच्छेद हुन सक्तछ,
स्वास्नीले लोग्नेलाई निजको मन्जुरी बेगर लगातार तीन बर्ष वा सो भन्दा बढी समय देखि छोडी अल बस्ने गरेमा वा लोग्नेको ज्यान जाने, अङ्गभङ्ग हुने वा अरु कुनै ठूलो शारीरिक वा मानसिक कष्ट किसिमको काम वा जाल प्रपञ्च गरेमा वा स्वास्नीलाई निको नहुने यौन सम्वन्धी कुनै रोग लागेमा वा स्वास्नी परपुरुषसँग करणी गराएको ठहरेमा त्यस्ती स्वास्नीसित लोग्नेले आफ्नो सम्वन्ध विच्छेद गर्न पाउँछ । ... १ लोग्नेले अरु स्वास्नी ल्याएमा वा राखेमा वा स्वास्नीलाई घरबाट निकालेमा वा खान लाउन नदिएमा वा स्वास्नीको खोज खबर नलिई हेर विचार नराखी लगातार तीन बर्ष वा सो भन्दा बढी समयदेखि स्वास्नीलाई छोडी अलग बस्ने गरेमा वा स्वास्नीको ज्यान जाने, अङ्गभङ्ग हुने वा अरु कुनै ठूलो शारीरिक वा मानसि कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा वा लोग्ने नपुंसक हुन गएमा वा लोग्नेलाई निको न यौन सम्वन्धी कुनै रोग लागेमा वा लाग्नेले परस्त्रीसँग करणी गरेको ठहरेमा वा जवर्जस्ती करणीको महल
३ नम्बरको दफा ६ बमोजिम लोग्नेले स्वास्नीलाई जवर्जस्ती करणी गरेको ठहरेमा त्यस्तो लोग्नेसित स्वास आफ्नो सम्बन्ध विच्छेद गर्न पाउँछे ।

.................................................................................. २

लेखिए वाहेक अरु अवस्थामा दुवै थरीको मन्जूरी भएमा लोग्ने स्वास्नीको सम्वन्ध विच्छेद गर्न हुन्छ

१क नं ॥ ॥ यसै महलको १ नम्बरको १ दफा बमोजिम सम्बन्ध विच्छेद गर्न चाहने पक्षले वा ३ दफा बमोजिम दुबैको मन्जूरीले सम्बन्ध विच्छेद गर्न चाहेमा लोग्ने स्वास्नी दुवैले सम्वन्धित गाँउ विकास वा नगरपालिकामा निवेदन गर्नुपर्नेछ र गाउँ विकास समिति वा नगरपालिकाले पनि दुवैथरीलाई भरसक सम्झाई बुझाई मेलमिलाप गराई दिनुपर्छ । त्यसरी सम्झाउँदा बुझाउँदा पनि मेलमिलाप हुन नसकेमा र विवाह कायम राख्नुभन्दा सम्बन्ध विच्छेद गराउनु श्रेय भएमा निवेदन परेको एक बर्ष भित्र आफ्नो राय समेत संलग्न गरी प्राप्त निवेदन सम्वन्ध विच्छेद गर्न अधिकार भएको सम्वन्धित जिल्ला अदालतमा पठाउनु पर्छ ।

२ नं. ॥ ॥ स्वास्नीले अर्कोसँग विवाह गरेमा त्यस्तो लोग्ने स्वास्नीको सम्वन्ध स्वत: विच्छेद हुन्छ ।

३ नं. ॥ ॥ ऐन बमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद भएको मितिले दुईसय वहत्तर दिन भित्र जन्मेक सन्तान अन्यथा प्रमाणित नभएमा सो सम्बन्ध विच्छेद भएको लोग्नेकै सन्तान ठहर्छ । त्यस्ता सन्तान र पाँच बर्ष नपुगेका वा पाँच बर्षदेखि माथिका नाबालक पाल्ने बिषयमा देहाय बमोजिम हुन्छ ।

नाबालकलाई आमाले आफै पाल्न चाहेमा निजैले र निजले पाल्न नचाहेमा बाबुले पाल्नु पर्छ । .. यस नम्बरको १ दफामा जुनसुकै कुरा लेखिएको भए तापनि आमा बाबु दुवैको मन्जुरी भएमा त्य
नाबालकलाई आमा बाबुमध्ये कुनैले वा आलो पालो गरी पाल्न पाउँछ ।........................ ३ आमा बाबुमध्ये जोसुकैले पाले पनि
नाबालकको अहित हुने अवस्था वा त्यस्तो अहित हुने मन
आशंका नभएमा पाल्ने आमा बाबुले नपाल्ने आमा वा बाबुलाई बीच बीचमा नाबालकसँग भेटघाट गर्ने मौका दिनुपर्छ । त्यस्तो मौका अर्को विवाह गर्ने आमाले पनि पाउँछ । ......................................... ४

आमाले पाल्दा बाबुले आफ्नो इज्जत आमद अनुसार नाबालकलाई खान, लाउन, शिक्षा र औषधि उपचार समेतको मनासिब खर्च दिनुपर्छ । आमाले नपाली बाबुले त्यस्तो नाबालक पालेको रहेछ र बाबु आमाको आयस्ता बढी रहेछ भने अड्डाले अवस्था बिचार गरी आदेशद्धारा तोकिदिए बमोजिम त्यस्तो स्वास्नी मानिसले पनि नाबालकको खान, लाउन, शिक्षा र औषधि उपाचारको खर्च व्यहोर्नु पर्छ ।............. ५

४ नं. ॥ ॥ सासु ससुरा समेत भै वा लोग्नेले मात्र खान लाउन नदिई घरबाट निकाला गरेको वा बराबर कुटपीट गरी दुःख दिने गरेको वा लोग्नेले अरु स्वास्नी ल्याए वा राखेकोमा त्यस्ती स्वास्नीले लोग्नेको अ आफ्नो अंश छुट्याई लिन पाउँछे। त्यस्ती स्वास्नी मानिस मरेमा वा निजले अर्को विवाह गरेमा उसले खाई लाई बाँकी रहे जति हकवालाको हुन्छ । सासु ससुराले मात्र निकाला गरेकोमा इज्जत आमद अनुसा खान लाउन दिनुपर्छ ।

४क नं. ॥ ॥ यस महलको १ नम्बर बमोजिम लोग्ने र स्वास्नीको सम्वन्ध विच्छेद हुने भएमा अदालतले निजहरुबीच अंशबण्डा गर्न लगाएर मात्र सम्वन्ध विच्छेद हुने निर्णय गर्नु पर्छ । सम्बन्ध विच्छेद हुने लो मानिसले नै अंश लिई नसकेको अवस्थामा अदालतले तायदाती माग गरी अंशियारहरुबीच अंशबण्डा गर्न आदेश दिई त्यस्तो लोग्ने मानिसको भागमा पर्ने अंश र सो अंशबाट सम्बन्ध विच्छेद गर्ने स्वास्नी मानि पाउने अंशको अन्जाम गरी अंशबण्डा नभएसम्मको लागि त्यस्ती स्वास्नी मानिसको जीविकाको निमित्त मासिक रुपले खर्च भराईदिनु पर्छ । अंशबण्डा भैसकेपछि सम्वन्ध विच्छेद भएकी स्वास्नी मानिसको अंशमा परेका सम्पत्तिमा निजको हक हुनेछ । त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरेमा वा अर्को विवाह गरेको भ पनि कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पत्ति अघिल्लो लोग्नेपट्टिका सन्तान भए त्यस्ता सन्तानले र त्यस्ता सन्तान नभए अघिल्लो लोग्नेले पाउनेछ ।

४ख नं. ॥ ॥ यस महलको ४क नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्वन्ध विच्छेद हुने स्वास्नी मानिसले अंश नलिई सो बापत लोग्नेसँग बार्षिक वा मासिक खर्च भराई लिन चाहेमा अदालतले त्यस्ती स्वास्नी मानिसलाई लोग्नेको सम्पत्ति र आयस्ताको आधारमा बार्षिक वा मासिक खर्च भराई दिनुपर्छ । लोग्नेले त्यस्तो खर्च त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरेसम्म मात्र भर्नुपर्छ

४ग नं. ॥ ॥ यस महलको १ नम्बर बमोजिम सम्वन्ध विच्छेद भएकोमा दफा ४क बमोजिम वण्डा गर्नुपर्ने कुनै सम्पत्ति नभई लोग्नेबाट अंश नपाएकी स्वास्नी मानिसले लोग्नेबाट खान लाउन खर्च भराउन चाहेमा र त्यस्तो लोग्नेको आम्दानी आयस्ता भएमा अदालतले त्यस्ती स्वास्नी मानिसलाई लोग्नेको आयस्ताको आधारमा खान लाउन खर्च भराई दिनु पर्छ । लोग्नेले त्यस्तो खर्च त्यस्ती स्वास्नी मानिले अर्को विवाह नगरेसम् लागि मात्र भर्नुपर्छ ।

५ नं. ॥ ॥ स्वास्नीको दाइजो पेवा मास्ता अंश नभई एकाघरसँग बसेका अरु अंशियारहरु समेत रहेछन् भने अंशको हकदार सोह्र बर्ष नाघेका सबैको मन्जूरीको लिखत भएमा मात्र सो मासेको दाइजो पेवा व्यवहारको महल बमोजिम सबै अंशियारहरुको गोश्वारा धनबाट भर्ना हुन सक्छ । लेखिए बमोजिमको रीत नपुऱ्याई मासे दिएकोमा अरु अंशियारहरुको मन्जूरी नभएमा अंशियारहरुले वेहोर्न र गोश्वाराका धनबा भर्ना हुन सक्दैछ ।

## महल १३: अंश बण्डाको:

१ नं. ॥ ॥ यो नम्बर प्रारम्भ भएपछि अशंबण्डा गर्दा यस महलका अन्य नम्बरहरुको अधीनमा रही बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा , छोरीहरुको जीयजीयैको अंश गर्नुपर्छ ।
१क नं. ॥ ॥ यस महलको १ नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि विवाह गरिसकेकी छोरीको अंशबण्डा गर्नुपर्ने छैन ।

३ नं. ॥ ॥ सँगै बसेका दाजुभाईका छोराछोरीहरुमा आफ्नो आफ्नो बाबुको मात्र अंश हुन्छ

४ नं. ॥ ॥ कसैका सौता सौता स्वास्नीमात्र रहेछन् भने सबै सौताले आफ्ना लोग्नेको अंशमा ऐन बमो बाँडी खान पाउँछन् ।

५ नं. ॥ ॥ अंश नहुदै लोग्ने वा बाबु मरेमा निजले पाउन अंश स्वास्नी वा छोरा छोरीले पाउँछन् ।

५क नं. ॥ ॥ विहावरीको महल बमोजिम विवाह बदर भएकोमा त्यस्ता दम्पतीबाट जन्मिएका छोराछोरीले निजहरुबाट अंश पाउँछन् ।

७ नं. ॥ ॥ कुनै खास लोग्ने नतुल्याई बसेको स्वास्नीबाट जन्मेका सन्तानले बाबुको ठेगान नलागेमा अ सम्पत्तिमा मात्र अंश पाउँछन् ।

८ नं. ॥ ॥ प्रकाश नगरी वाहिर राखेका स्वास्नीले वा उसबाट जन्मेका छोराछोरीले लोग्ने वा बाबु मरेपछि अंशमा दावा गर्न पाउँदैन ।

११ नं. ॥ ॥ अंश लिई बेग्लै भएपछि आफ्नो र कोही स्वास्नी छोराको अंश समेत मिसाई सँग राखेका रहेछ भने पछि अरु स्वास्नी ल्यायो वा छोरा छोरी जन्मे भने सँग बसेकाहरुको अंश जिउनी जम्मा गरी सँग बसेका र पछि ल्याए जन्मेका स्वास्नी छोरालाई ऐन बमोजिम अंश गरी दिनुपर्छ । आफ्नो अंश लिई बग्लै भएपछि अर्को स्वास्नी ल्यायो वा छोरा छोरी जन्मे पछि ल्याए जन्मेकोले लोग्ने वा बाबुको अंश ि सबै खान पाउँछन् । पछि ल्याए जन्मेकोले अघि अंश लिई पर सरेकोसँग अंशमा दैया गर्न पाउँदैन ।

१२ नं. ॥ ॥ विधवा स्वास्नी मानिसले चाहेमा आफ्नो अंश लिई भिन्न हुन पाउँछे । सन्तान नभएका विधवा वा विधुरले अर्को विवाह गरेमा निजले आफ्नो अंश आफूखुस गर्न पाउँछन् । सन्तान भएका विधवा वा विधुर अर्को विवाह गरेमा सन्तान नाबालक भएसम्म त्यस्ता सन्तानको पालनपोषण र शिक्षा दिक्षाको व्यवस्था सोही सम्पत्तिबाट गर्नुपर्छ । सो काममा वाहेक त्यस्तो सम्पत्ति वण्डा र बेचबिखन गर्न पाउँदैनन् । सन्तान साबालक भएपछि आफ्नो अंशभागमा आफूखुस गर्न पाउँछन् । त्यस्ती विधवाले अर्को विवाह गरी कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पत्ति अघिल्लो लोग्नेपट्टिका कुनै सन्तान भए त्यस्ता सन्तानले त्यस्ता सन्तान नभए अघिल्लो लोग्नेपट्टिको हकवालाले पाउँछ ।

१३ नं. ॥ ॥ हकवालाले ऐन बमोजिम रीतसँग राखेकी अंश नलिएकी विधवा स्वास्नीमानिस आफ्ना घर नबसी अन्यत्र गै बस्दा यस्ती विधवाले लाएको ऋण अपुताली खानेले तिरिदिनु पर्दैन ।

१४ नं. ॥ ॥ बाबु लोग्नेका शेषपछि अंश गर्दा उसकौ काजक्रिया गरी बाँकी रहेको सँग बसेका र बेग्ल बसेका समेत सबै छोरा छोरी स्वास्नीसितका बाबु बाजे लोग्नेका आर्जनको ऋण धनमा सबै स्वास् छोराछोरीहरुलाई ऐन बमोजिम बाँडिदिनु पर्छ । बाबुका शेषपछि पनि कोही छोराछोरी आमासित सँग बस रहेछन् वा कोही पनि सँग बसेका रहनेछन् आफ्नो चित्त बुझी अंश नखोजी बेग्ला बेग्लै बसेका रहेछन आमा मरेपछि अंश गर्न पर्‍यो भने पनि आमाको काज क्रिया गरी बाँकी रहेको सबैसितका बाबु बाजेका आर्जनका ऋण धनमा ऐन बमोजि सबै छोराछोरीलाई बाँडिदिनु पर्छ । मानो छुट्टेपटिको ऋण धनमा बमोजिम गर्नुपर्छ ।

१९ नं. ॥ ॥ अंश नलिएका स्वास्नी, छोरा अविवाहित छोरी वा विधवा वुहारी हुने मानिसको चल अचल सम्पत्तिमा देहायमा लेखिए बमोजिम हुनेछ ।

पिता पुर्खाका पालाको चल अचल गैह्र सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनलाई स्वास्नी, छोरा अविवाहित छोरी वा विधवा वुहारीको मन्जूरी नभए पनि आफू खुश गर्न पाउँछ । अचलमा आधीभन्दा बढी भने व्यवहार चलाउनै परे पनि एक्काईस बर्ष नाघेका स्वास्नी, छोरा, अविवाहित छोरी र विधवा वुहारीहरुको मन्जूरी लिई मात्र खर्च गर्न हुन्छ । मन्जूरी नलिई गरेको सदर १हुदैन ।

आफ्ना पालामा आर्जेको चल अचल सबै एक स्वास्नी वा एक स्वास्नी पट्टिका छोरा अविवाहित छोरी मात्र भएकोले वा अरु छोरा अविवाहित छोरी स्वास्नी मरी वा त्यस्तो अवस्था हुन आएकाले पनि आफ्नो खुश गर्न पाउँछ। एकदेखि बढ्ता स्वास्नी वा एक स्वास्नीदेखि वढ्ता स्वास्नीपट्टिको छोरा अविवाहित छोरी वा एटा स्वास्नी र अर्को स्वास्नी पट्टिका छोरा अविवाहित छोरी भएकाले सो को अवस्थामा भने मन परेका सस्नी छोरा अविवाहित छोरीलाई दिन वाहेक आफ्नो खुशी गर्न पाउँछ। मन परेका कोही स्वास्नी छोरा अविवाहित छोरीलाईमात्र वकस समेत केही व्यहोरा गरिदिन भने हुँदैन। सबै स्वास्नी छोरा अविवाहित छोरीला ऐनले पाउने भाग बमोजिम दिएको मात्र सदर हुन्छ। २

माथि दफा दफामा लेखिए बमोजिम आफू खुशी गर्न पाउनेमा स्वास्नी, छोरा अविवाहित छोरी र विधवा वुहारीको मन्जूरी नभए पनि र खुश गर्न नपाउनेमा अंश नलिएका एक्काईस बर्ष नाघेका स्वास्नी, छोरा अविवाहित छोरी र विधवा वुहारीहरुको मन्जूरी भए मात्र पिता पुर्खाका पालाको आर्जनको समेत चल अचल गैह्र सम्पी मन परेका स्वास्नी, छोरा अविवाहित छोरी वा बुहारीलाई दिन समेत आफू खुशी गरेको सदर हुन्छ।

माथि दफा दफामा लेखिए बमोजिम आफु खुशी गर्न नपाउने अवस्थामा पनि आफ्नो हकको अंश जति भने आफू खुशी गर्न पाउँछ४।

माथि लेखिए बमोजिम दिन पाउने जति अंश बण्डा नहुँदै कुनै स्वास्नी छोरा अविवाहित छोरी वा बुहारीलाइ लिखत गरिदिएको जति पछि अंश बण्डा गर्दा बण्डा गर्नुपर्दैन। जसले पाएको हो उसले एकलौटी ग खान पाउँछ। दिन नपाउने दिएको रहेछ भने पछि बण्डा गर्दा समेत सबै सम्पत्तिमा मिसाई बण्डा गरिदिनुपर्छ। ५

## महल १४: स्त्री अंश धनको:

१ नं ॥ ॥ कन्या, सधवा वा विधवा स्वास्नी मानिसले आफ्नो आर्जनको चल अचल आफ्नो खुश गर्न पाउँछन्‌।

२ नं. ॥ ॥ भिन्न भएको कन्या, सधवा वा विधवाले आफ्नो अंश हकको चल अचल सम्पत्ति आफूखुशी गर्न पाउँछन्।

३ नं. ॥ ॥ यसै महलको २ नम्बर बमोजिम आफ्नो खुश गर्न नपाउने अचल सम्पत्तिबाट त्यस्ता स्वास्नी मानिसले लगाएको कपाली साहूको थैली भरी भराउ हुन सक्दैन।

४ नं. ॥ ॥ स्वास्नी मानिसलाई माइती मावलीपट्टिका नातेदार इष्टमित्रहरुले दिएको चल अचल र त्यसबाट बढे बढाएको सम्पत्ति दाइजो ठहर्छ। लोग्ने वा लोग्नेपट्टिका अंशियारले सबै अंशियारहरुको मन्जूरीको लि गरी दिएको र लोग्नेपट्टिका अरु नातेदार वा इष्टमित्रले दिएको चल अचल र त्यसबाट बढे बढाएको सम्पत्ति पेवा ठहर्छ।

५ नं. ॥ ॥ स्वास्नी मानिसले आफ्नो दाइजो पेवा आफूखुस गर्न पाउँछन्। ऊ मरेपछि यसले खानु भनी लिखत गरी दिएको रहेछ भने लिखतै बमोजिम हुन्छ। लिखत रहेनछ भने सँग बसेका छोराछोरी भ त्यस्ता छोराछोरीले, त्यस्ता छोराछोरी नभए भिन्न बसेका छोराछोरीले, त्यस्ता छोराछोरी पनि नभए लोग्न लोग्ने पनि नभए विवाह भएकी छोरीले, ऊ पनि नभए छोराका छोरा वा अविवाहित छोरीले र निजहरुपनि नभए हकवालाले पाउँछन्।

७ नं. ॥ ॥ स्वास्नीमानिसले दाइजो पेवा वाहेक आफ्नो हक पुग्ने अरु सम्पत्ति कसैलाई अघिबाट दानबकस विक्री समेत केही व्यहोरासँग दिइछ र जसलाई दान वकस विक्री गरीदिएको हो उसैसित विवाह गरिछ भने सो दिई दिएको सदर हुदैन। हक पुग्नेले फिर्ता गरिलिन पाउँछ।

महल १६: अपुतालीको:

२ नं. ॥ ॥ यस महलको अन्य नम्बरहरुको अधीनमा रही अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी, छोरा, अविवाहिता छोरी, छोराको छोरा वा निजको अविवाहिता छोरी भएसम्म अरुले अपुताली पाउँदैन । मर्नेक छोरा नभई विधवा वुहारी भएमा निजले छोरा सरह अपुताली पाउँछे । त्यस्ता कोही नभएमा विवाहिता छोरी, विवाहिता छोरी पनि नभए निजका छोरा वा अविवाहिता छोरी र निजहरु पनि नभए त्यस्तो अपुताली ऐन बमोजिम हकवालाले पाउँछन् ।

३ नं. ॥ ॥ भिन्न भई बसेका लोग्ने, स्वास्नी, छोरा, अविवाहिता छोरी, छोराको छोरा वा निजको अविवाहिता छोरीले हेचाह नगरी विवाहिता छोरी वा छोरी ज्वाँई वा त्यस्ता छोरी ज्वाइँका छोरा वा अविवाहिटा छोरीले स्याहार सम्भार गरी पालेको रहेछ भने त्यसरी पालेको बाबु, आमा, सासु, ससुरा वा बाजे, बज्यैको अपु
पाल्ने विवाहिता छोरी, छोरी ज्वाइँ वा नाति नातिनाले पाउँछन् । अरु हकवालाले पाउँदैनन् ।

६ नं. ॥ ॥ एकै स्वास्नीपट्टि वा एकदेखि बढी स्वास्नीपट्टिका सन्तान हुने बाबु आमाले आफू र सबै स्वास्नी छोरा अविवाहिता छोरी बुहारीहरुलाई समेत ऐन बमोजिम अंशबण्डा गरी दी लिई कोही स्वास्नी छोरा अविवाहिता छोरी बुहारीसँग आफ्नो अंश मिसाई बसेकोमा बाबु आमा मरी अपुताली पऱ्यो भने त्यो अपुताली सँग बस
स्वास्नी छोरा अविवाहिता छोरी बुहारीले मात्र पाउँछन् । लिखत भए लिखत बमोजिम हुन्छ ।

७ नं. ॥ ॥ भिन्न भई बसेका लोग्ने, स्वास्नी, छोरा, अविवाहिता छोरी वा छोराका छोरा वा अविवाहिता
छोरलि हेचाह नगरी एकै बाबुबाट नन्मिएका दाजुभाई वा दिदीवहिनीले स्याहार सम्भार गरी पालेका रहेछन् भने त्यसरी पालेका दाजुभाई वा दिदीवहिनीको अपुताली पाल्ने दिदीवहिनी वा दाजुभाईले पाउँछन् । अरु हकवालाले पाउदैनन् ।

९ नं. ॥ ॥ एकै स्वास्नीपट्टिका छोरा अविवाहिता छोरी रहेछन् ,ऐन बमोजम अंशबण्डा गी लिई दिई अरु छोरा अविवाहि छोरि बेल्गनै बसेछन्, एक छोरा अविवाहित छोरी बुहारीपट्टि आफू बसेको रहेछ र सँग ब छोरा अविवाहिता छोरी बुहारीले स्याहार संभार नगर्दा आफ्नो जो भएको अंश जिउनी लिई अर्को छा अविवाहिता छोरी बुहारीसँग बस्न गएको मऱ्यो भने पछि सँग बस्न गएकोले खान पाउँछन् । अंश जिउनी लिई बस्न गएको रहेनछ केही कारणले केही दिन बस्न गएकोमा मरेको भए त्यो अपुताली केही दिन ब गएको छोरा अविवाहिता छोरी बुहारी हकवालाले पाउँदैनन् ।

१० नं. ॥ ॥ एकै आमापट्टिका छोरा अविवाहिता छोरी मात्र छन् ऐन बमोजिम अंशबण्डा भएपछि आमा
बाबु मात्र बेग्लै बसेका रहेछन वा कुनै छोरा अविवाहिता छोरीसित बसेका रहेछन भने लोग्ने मरे लोग्नेको अंश जिउनी स्वास्नीको हुन्छ । स्वास्नी मरी भने लोग्नेको हुन्छ । अंश लिई छुट्टिएकी स्वास्नी भने छोरा अविवाहिता छोरी भए छोरा अविवाहिता छोरीले र छोरा अविवाहिता छोरी नभए लोग्नेले पाउँछ यी नभए सौतनी छोरा अविवाहिता छोरीले पाउँछ ।

१२ नं. ॥ ॥ कुनै भाई वा अविवाहिता बहिनी अंश लि भिन्न बसेको र कुनै भाई वा अविवाहिता बहिनीसँग बसेकोमा सँग बसेका भाइ वा अविवाहिता बहिनीमा कुनै भाइ वा अविवाहिता बहिनी मरी अपुताली पऱ्यो भने भिन्न भएको भाइ वा अविवाहिता बहिनीले पाउँदैन । विभातृक भए पनि सँग बसेकोले मात्र पाउँछ । सँग बसे पनि खानु पिउनु आफ्नो अंशबाट आफ्ना हिस्सा बमोजिम राखी खाएका रहेछन् भने सँग बसेको भए पनि त्यस्तोमा र भिन्न बसेका भाइ वा अविवाहिता बहिनीको अपुतालीमा समेत मर्ने भाइ वा बहिनीको सहोदर भाइ वा अविवाहिता बहिनीहरुले पाउँछन् । विमातृक पट्टिकाले पाउँदैनन् ।

महल २१: रजिष्ट्रेशनको:

३१ नं. ॥ ॥ रजिष्ट्रेशन हुने गैह्र लिखतमा गर्ने गराई लिने दुबै थरको आफ्नो आफ्नो आफ्नो आमा र बाजे, बज्यैको नाम खोली लेखिएको हुनुपर्छ। संगठित संस्थाहरुको हकमा भने सो संस्थाको नाम लेखे पुग्छ।

भाग ४

महल १०: ज्यान सम्वन्धीको:

२८ नं. ॥ ॥ कसैले गर्भ तुहाएमा वा गर्भ तुहाउने नियतले वा गर्भ तुहिन सक्तछ भन्ने जानी जानी विश्वास गर्नु पर्ने कारण भई कुनै काम गर्दा गर्भ तुहिन गएमा निजलाई देहाय बमोजिम सजाय हु
वाह्र हप्ता सम्मको गर्भ भए एक बर्ष कैद
पच्चीस हप्तासम्मको गर्भ भए तीन बर्षसम्म कैद
पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच बर्षसम्म कैद।

२८क नं. ॥ ॥ कसैले गर्भवती महिलालाई करकाप, धम्की, ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन हुदैन। त्यसरी गर्भ पतन गराउनेलाई देहाय बमोजिम सजाय हुनेछ। वाह्र हप्तासम्मको गर्भ भए एक बर्ष
पच्चीस हप्तासम्मको गर्भ भए तीन बर्षसम्म कैद
पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच बर्षसम्म कैद।

२८ख नं. ॥ ॥ यस महलको २८ नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा नेपाल सरकारले तोके बमोजिमको प्रक्रिया अपनाई निर्धारित योग्यता पूरा गरेका इजाजतपत्र प्राप्त स्वास्थकर्मी गर्भपतन गराएकोमा यस महल बमोजिम गर्भ तुहाएको मानिने छैन। गर्भ बोक्ने महिलाको मन्जुरीले वाह्र हप्ता सम्मको गर्भपात गरेकोमा।
जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ त्यस्तो गर्भ बोक्ने महिलाको मन्जुरीले गर्भपात गराएकोमा।
गर्भापात नगराएमा गर्भ बोक्ने महिलाको ज्यानमा खतरा पुग्न सक्तछ वा निजको स्वास्थ्य शारीरिक वा मानसिक रुपले खराब हुन सक्तछ वा विकलाङ्ग बच्चा जन्मन्छ भन्ने प्रचलित कानून बमोजिम योग्यता प्राप्त चिकित्सकको राय भई त्यस्तो महिलाको मन्जुरीले गर्भपात गराएकोमा।

२८ग नं. ॥ ॥ कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै क गराउन हुदैन। त्यस्तो काम गर्ने गराउनेलाई तीन महिनादेखि ६ महिनासम्मको कैद हुनेछ

२९ नं ॥ ॥ केही रिस इबीले गर्भवति स्वास्नीमानिसलाई केही कुरा गर्दा गर्भ तुहिन गयो भने गर्भ तुह गयो भने गर्भ तुहाउने मनसायले गरेको रहेनछ भने पनि बात लाग्छ।

३२ नं. ॥ ॥ यस महलको २९ नम्बर बमोजिमको कसुर स्वास्नी मानिस गर्भवती छ भन्ने कुरा जानी जानी थाहा पाई गरेको रहेछ भने पच्चीस हप्तासम्मको गर्भ तुहिन गएकोमा तीन महिना र पच्चीस हप्ता नाघेका गर्भ तुहिएमा छ महिना कैद गर्नु पर्छ। गर्भवती छ भन्ने कुरा नजानी गरेको रहेछ भने पच्चीस हप्तासम् गर्भ भए पाँचसय रुपैया र पच्चीस हप्ताभन्दा बढीको गर्भ भए एक हजार रुपैया जरिवाना गर्नुपर्छ।

महल १३: आसय करणीको:

१ नं. ॥ ॥ कसैले कुनै महिलाको मन्जरी बिना निजको सम्बेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेम निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजलाई अस्वाभाविक रुपमा कुनै एकान्त ठाउँमा लगेमा, आफ्नो यौन सम्वन्धी अङ्ग निजलाई छुन, समाउन लगाएमा वा निजलाई अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द, संकेत प्रयोग गरेमा वा चित्र, तस्बीर देखाएमा, यौनको आशयले जिस्काएमा वा हैरानी दिएमा वा निजसँग यस्तै अन्य कुनै किसिमले अस्वाभाविक व्यवहार गरेमा वा निजलाई करणीको आशयले समातेमा यौन दुर्व्यवाहार गरेको मानिनेछ र त्यस्तो कसूर गर्ने व्यक्तिलाई एक बर्षसम्म कैद र दश हजार रु सम्म जरिवाना हुनेछ । यस्तो कार्यबाट पीडितलाई कसूरदारबाट मनासिब माफिकको क्षतिपूर्ति समेत भराइ दिनु पर्नेछ ।

५ नं. ॥ ॥ आफू वा अरुसँग गैर कानूनी करणी गर्न स्वास्नीमानिसलाई फकाउने वा वेश्या गमनको लागि सर्म्पक र व्यवस्था गरी दिने लाई छ महिना देखि दुई बर्षसम्म कैद वा पाँचसय रुपैयादेखि छ हजार रुपैयासम्म जरिवाना वा दुवै हुन्छ ।

महल १४: जबर्जस्ती करणीको :

१ नं. ॥ ॥ कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र बर्ष भन्दा कम उमेर बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जवर्जस्ती करणी गरेको ठहर्छ

स्पष्टीकरण : यस नम्बरको प्रयोजनको लागि :

क) डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव झुक्यानमा पारी वा जोरजुलुम गरी वा अपहरण गरी वा शरीर बन्धक राखी लिएको मन्जुरीलाई मन्जुरी मानिनेछैन ।

ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन । ग) योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिनेछ ।

२ नं. ॥ ॥ हाडनाताकी स्वास्नीमानिसको जबर्जस्ती करणी गरेमा यस महल बमोजिमको सजायमा हाडनातामा करणी गर्नेको महलमा लेखिएको सजाय समेत थपी सजाय हुन्छ । जन्मकैदको सजाय पाउनेमा भने जबर्ज करणी बापतको सजाय थप हुदैन ।

३ नं. ॥ ॥ जवर्जस्ती करणी गर्नेलाई देहाय बमोजिम कैद सजाय हुनेछ । दश बर्षभन्दा
मुनिको बालिका भए दश देखि पन्ध्र बर्षसम्म
दश बर्ष वा सो भन्दा बढी चौध बर्षभन्दा कम उमेरकी बालिका भए आठ देखि वाह्र बर्षसम्म चौध बर्ष वा सो भन्दा बढी
सोह्र बर्षभन्दा कम उमेरकी बालिका भए छ बर्ष देखि दश बर्ष सम्म
सोह्र बर्ष वा सो भन्दा बढी बीस बर्ष भन्दा कम उमेरकी महिला भए पाँच बर्ष देखि आठ बर्षसम्म
बीस बर्ष वा सोभन्दा बढी उमेरकी महिला भए पाँच देखि सात बर्षसम्म
यस नम्बरमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोग्नेले स्वास्नीलाई जवर्जस्ती करणी गरेमा त
महिना देखि छ महिना सम्म

३क नं. ॥ ॥ महिलालाई सामुहिक रुपमा जवर्जस्ती करणी गर्ने वा गर्भवती, असक्त वा अपाङ्ग महिलालाई जवर्जस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप पाँच बर्ष कैद गर्नुपर्छ ३ख नं. ॥ ॥ ३ नम्बर र ३क नम्बरमा जुनसुकै करा लेखिएको भए तापनि आफूलाई मानवरोग प्रतिरोधक क्षमता नष्ट गर्ने जिवाणु (एच.आई.भी पोजेटिभ) को रोग भएको थाहा पाउँदा पाउँदै कसैले जर्वजस्ती क

गरेको रहेछ भने त्यस्तो कसूरदारलाई ३ नम्बर र ३ क नम्बरमा लेखिएको सजायमा थप एक बर्ष कै सजाय हुनेछ ।

४ नं. ॥ ॥ जवर्जस्ती करण गर्ने भएको कुरा जानी थाहा पाई हूल गरी सँग लागि जाने समाउने र सो काममा मद्दत दिनेलाई जनही तीन बर्षसम्म कैद गर्नुपर्छ । सोह्र बर्ष मुनिकी स्वास्नी मानिसका सम्वन्धमा भने दोब्बर सजाय हुन्छ ।

५ नं. ॥ ॥ जवर्जस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जवर्जस्ती कर गर्नेलाई हुने सजायको आधा हुन्छ ।

६ नं. ॥ ॥ अह्राई जवर्जस्ती करणी गर्न लगाएको भए सो अह्राउनेलाई करणी भैसकेकोमा करणी गर्नेल हुने सजायको र करणी हुन नपाएको उद्योगसम्म गरेको भए उद्योग गर्नेलाई हुने सजायको आधा गर्नुपर्छ।

८ नं. ॥ ॥ आफूलाई जवर्जस्ती करणी गर्ने मनासय लिई उद्योग गरी हातपात, छेकथुन, बाँध छाँद इत्यादि जोरजुलुम गर्न लाग्यो र त्यस बखत कराई गुहार मागी वा अरु केही उद्योग गरी त्यस्तो जुल्मीको पन्जाब उम्की भागी आफ्नो धर्म बचाउन नसक्ने अवस्था परी त्यस्ता जुल्मीलाई आफ्नो अक्कल वर्कतले सक्ने सम्मका कुरा केही नगरे आफ्नो धर्म नष्ट हुने सम्मको ठूलो डर त्रास परी करणी लिन नपाउदै वा उ बखत आफ्नो जोडबल पुग्न नसक्नेमा करणी लीसकेपछि पनि सोही कुराको रीस थाम्न नसकी उसै बखत करणी लिएकै थलामा वा त्यहीदेखि लपेट्दै गई एक घण्टा भित्र हतियार, लाठो, ढुङ्गा इत्यादि केहि चलाई ज्यान मर्न गएको ठहरे बात लाग्दैन । एक घण्टा उप्रान्त मारेमा पाँच हजार रुपैयासम्म जरिवाना वा दश बर्षसम्म कैद हुन्छ ।

९ नं. ॥ ॥ अपुतालि खानाका लागि कसैले कुनै स्वास्नीमानिसको जवर्जस्ती करणी गरेमा वा गर्न लगाएमा त्यस्तो जबर्जस्ती करणी गर्ने व ागर्न लगाउनेले सो स्वास्नी मासिनको अपुताली खान पाउँदैन

१० नं. ॥ ॥ कसैले कुनै महिलालाई जवर्जस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएक शारीरिक वा मानसिक क्षति विचार गरी मनासिव ठहराए बमोजिमको क्षतिपूर्ति कसूरदारबाट भराई दिनुपर्नेछ। त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गाम्भीर्यता, कसूरबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहे निजमा आश्रित नाबालक छोराछोरी भए निजहरुलाई पर्न गएको पीडा समेत विचार गरी निर्धारण गर्नु पर्नेछ ।

१०क नं. ॥ ॥ यस महल अन्तर्गतको कुनै अपराधको अनुसन्धान र तहकिकातको सिलसिलामा पीडित स्वास्नी मानिसको बयान गराउँदा महिला प्रहरी कर्मचारीले गराउनु पर्नेछ र महिला प्रहरी कर्मचारी नभएमा समाजसेवी महिलाको रोहवरमा अन्य प्रहरी कर्मचारीले गराउन सक्नेछ ।

१०ख नं. ॥ ॥ यस महल अन्तर्गत कुनै मुद्दाको कारवाही चल्दा सम्वन्धित कानून व्यवसायी, अभियुक्त, पीडित स्वास्नी मानिस र निजको संरक्षक तथा मुद्दा हेर्ने अधिकारीले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र इजलासमा उपस्थित हुन सक्नेछन् ।

१०ग नं. ॥ ॥ यस महल अन्तर्गतको मुद्दाको फैसला गर्दा जवर्जस्ती करणी ठहर गरेकोमा सोही फैसलाम यस महल बमोजिम कसूरदारबाट भराई दिनुपर्ने क्षतिपूर्ति समेत उल्लेख गरी सम्वन्धित महिलालाई भरा दिनुपर्नेछ । क्षतिपूर्ति भराउने प्रयोजनको लागि यस महल अन्तर्गतको मुद्दा दायर भए लगतै अदालतले आर व्यक्तिको अंश लगायतका अन्य सम्पत्ति रोक्का राख्नु पर्नेछ ।

११ नं. ॥ ॥ जबर्जस्ती करणीको कुरामा सो भए गरेको मितिले पैतीस दिन भित्र नालिस नदिए लाग्न सक्तैन ।

## महल १५: हाडनाता करणी गर्नेको:

१ नं. ॥ ॥ आफूलाई जन्माउने आमाको करणी गर्नेलाई जन्मकैद हुन्छ । आफ्ना एकै बाबुबाट जन्मे दिदी बहिनी वा आफूले जन्माएका छोरीको करणी गर्नेलाई दशबर्ष कैद हुन्छ ।

२ नं. ॥ ॥ देहायमा लेखिएको नाताकी स्वास्नी मानिसको करणी गर्नेलाई तीन बर्ष देखि छ बर्ष सम्म कैद हुन्छ । आफ्ना हाडको नातामा आफ्नी सैतेनी आमा, हाँगा नफाटेकोमा जतिसुकै माथिको पुस्ता भ पनि र हाँगा फाटेकोमा तीन पुस्तासम्मका बज्यू, आफ्ना छोराकी स्वास्नी छोरा वुहारी, आफ्ना हाँगामा जतिसुकै पुस्ताको छोरा सन्तान भए पनि त्यस्ता छोरा सन्तानकी स्वास्नी वा छोरी, आफ्ना एकै बाबुबाट जन्मेका भाईकी स्वास्नी भाई वुहारी, आफना एकै बाबुबाट जन्मेका दाजु वा भाइकी छोरी वा छोरा वुहारी, आफना एकै बाबुबाट जन्मेका दाजु वा भाइका छोराकी छोरी वा छोरा वुहारी, आफना एक बाजेबाट जन्मेकी दिदी वा वहिनी वा आफ्ना एकै बाजेबाट जन्मेका दाजु वा भाइकी छोरा वा त्यस्तो भाईकी स्वास्नी । आफूले जन्माएको छोरीको छोरी वा छोरा वुहारी, आफूलाई जन्माउने आमालाई जन्माउने बज्यू, आ जन्माउने आमाको वावु वा आमालाई जन्माउने बज्यू, बाबुको आमालाई जन्माउने बज्यू, आफ्नी स्वास्नीला जन्माउने सासू, त्यस्ती सासू वा आफ्ना ससुरालाई जन्माउने बूढी सासू, आफ्नी आमाका एक आँतका दिदी वा वहिनी, आफ्ना एकै बाबुबाट जन्मेका दिदी वा वहिनीको छोरी वा त्यस्ती दिदी वा वहिनीकी छोरा वुहारी, आफूलाई जन्माउने आमाका एकै आँतका दाजु वा भाइकी स्वास्नी आफ्नी माइजु

३ नं. ॥ ॥ देहायमा लेखिएको नाताकी स्वास्नीमासिनको जानी जानी करणी गर्नेलाई नाता र पुस्ताको विचार गरी बढीमा दुई बर्ष सम्म कैद हुनेछ ।
आफना हाडमा सात पुस्ता सम्मका यसै महलका १ नम्बरमा र २ नम्बरको देहाय दफा १ मा लेखिएदेखि वाहेकका बज्यू, भाइ वुहारी, छोरा वुहारी, नातिनी वुहारी, दिदी वहिनी, छोरी नातिनी, फूपु , जेठा वा कान्छ बाबुकी स्वास्नी ,

आफ्ना एकै बाजेबाट जन्मेका जेठा वा कान्छा बाबुकी छोराकी छोरी वा आफ्ना एकै बाबुबाट जन्मेका दाजु वा भाइकी छोरीकी छोरी, आफना एक बाबुबाट जन्मेका दिदी वा वहिनीका छोराकी छोरी वा छोरा वुहारी वा त्यस्ता दिदी वहिनीकी छोरीकी छोरी वा छोरा वुहारी, आफना सौतनी सासू वा सौतनी बुढी सासु।

४ नं. ॥ ॥ अरु कसैले भाउज्यूको करणी गरेमा आफ्ना एकै बाबुबाट जम्नेका दाजुकी स्वास्नी भए तीन देखि छ बर्षसम्म र अरुमा अफ्ना हाडमा सात पुस्तासम्मका दाजुकी स्वास्नीको जानी जानी करणी गरेको भए नातार पुस्ताको विचार गरी बढीमा एक बर्षसम्म कैद हुनेछ ।

५ नं ॥ ॥ एका लोग्नेबाट जन्मेको छोराको र उसै स्वास्नीले अर्को लोग्नेबाट जन्माएकी छोरीको जानी करणी भएमा सो करणी गर्ने लोग्ने मानिसलाई बढीमा एक बर्षसम्म कैद हुनेछ ।

६ नं. ॥ ॥ कसैले आफ्ना धर्मपुत्र छोराका स्वास्नी वा सन्तानमा वा धर्मपुत्र राख्ने बाबुका नातामा करणी गरेमा यस महल बमोजिम सजाय हुने हाडनाताको रहेछ भने सोही बमोजिम र अरुमा धर्मपुत्रले धम राख्ने बाबुकी स्वास्नीको वा त्यसै बाबुबाट जन्मेकी छोरकिो वा धर्मपुत्र राख्नेले धर्मपुत्रकी स्वास्नी धर्मपुत्रकी छोरीको करणी गरेमा बढीमा एक बर्षसम्म कैद हुनेछ ।

९ नं. ॥ ॥ यस महल बमोजिम सजाय हुने कुनै स्वास्नीमासिनको करणी गरे बापत सजाय भैसकेपछि फेरी सोही स्वास्नी मानिसको करणी गरेमा निजलाई पचास रुपैया जरिवाना हन्छ र सो बमोजिम जरिवाना

गरिसकेपछि निजले सोही स्वास्नी मानिसको करणी गरेमा तेश्रो पटक देखि निजलाई प्रत्येक पटकलाई बढीम तीन महिनासम्म कैद हुन्छ ।

१० नं. ॥ ॥ यस महलमा लेखिए बमोजिम लोग्ने मानिसलाई सजाय हुने कसूरमा राजीखुशीले करणी गराउने स्वास्नी मानिसलाई लोग्ने मानिसलाई हुने सजायको चार खण्डको एक खण्ड सजाय हुन्छ । त्यस्ता सजाय गर्दा तीन बर्ष भन्दा बढी कैद हुने भएमा तीन बर्षसम्मको मात्र कैद गर्नुपर्छ

१०क नं. ॥ ॥ यस महलको अन्य नम्बरहरुमा जुनसुकै करा लेखिएको भए तापनि आफ्ना जात वा कूलम चली आएको चलन अनुसार विवाह वा करणी गर्न हुने नाता सम्वन्धमा विवाह वा करणी भएकोमा यो महल बमोजिम सजाय हुनेछैन ।

११ नं. ॥ ॥ यस महलको अन्य नम्बरहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस महल बमोजिम सजाय हुने नाताको कुनै सधवा स्वास्नीको करणी गरेको रहेछ र साधुले जारीको महल बमोजिम क सजाय समेत गराउन चाहन्छ भने यस महल बमोजिम हुने सजायमा सो कैदको सजाय समेत थपी कैद गरिदिनु पर्छ तर सो बमोजिम थपी कैद गर्दा छ बर्ष भन्दा बढी कैद हुन जाने रहेछ भने एक बर्ष थप कैद गर्नुपर्छ ।

## महल १६: पशु करणीको:

कसैले स्त्रीजाती चौपायमध्ये गाईको करणी गरेमा निजलाई दुई बर्षसम्म कैद र गाई वाहेक अरु चौ करणी गरेमा एक बर्षसम्म कैद वा पाँच सय रुपैया जरिवाना हुन्छ ।

## महल १७: विहावरीको:

१ नं. ॥ ॥ हाडनाता करणीको महलले सजाय हुने नातामा वाहेक यस महलको नम्बर नम्बरमा लेखिएका कुराका अधीनमा रही आफ्नो इच्छा अनुसार राजीखुशीले विहावरी गर्न हुन्छ । विहावरी भएकोमा हाडनातामा पर्न गएको रहेछ भने ती लोग्ने स्वास्नीलाई छुट्याई दिनुपर्छ । जानी जानी त्यस्तो विहावरी गरेकोमा हा करणीको महलमा लेखिए बमोजिम सजाय समेत हुन्छ ।

२ नं. ॥ ॥ विहावरी गर्दा महिला र पुरुषको उमेर संरक्षकको मन्जुरी भए अठार बर्ष र संरक्षकको मन्जुरी नभए बीस बर्ष नपुगी विहावरी गर्न गराउन हुदैन । विवाह गरे गराएमा सो गर्ने गराउने मध्ये उमेर पु मुख्यलाई देहाय बमोजिम हुन्छ ।
दश बर्ष नपुगेकी बालिकाको विवाह गरे गराएको रहेछ भने छ महिना देखि तीन बर्ष सम्म कैद र ए हजार रुपैया देखि दश हजार रुपैया सम्म जरिवाना हुनेछ ।
दश बर्ष देखि माथि चौध बर्ष नपुगेकी बालिकाको विवाह गरे गराएको रहेछ भने तीन महिना देखि एक सम्म कैद र पाँच हजार रुपैया सम्म जरिवाना हुनेछ ।
चौध बर्ष देखि अठार बर्ष नपुगेकी स्वास्नी मानिसको विवाह गरे गराएको रहेछ भने छ महिना सम्म क वा दश हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ ।
बीस बर्ष उमेर नपुगेकी स्वास्नी मानिस वा लोग्ने मानिसको विवाह गरे गराएको रहेछ भने छ महिना सम् कैद वा दश हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ ।
ऐनले विवाह गर्न पाउने हदभित्रको हो भनी ढाँटी विवाह गरे गरिदिएको नजानी विवाह गर्ने गराउनेला सजाय हुदैन ।
माथि दफा दफामा लेखिए बमोजिम विवाह गर्न गराउन नहुनेमा जानी जानी विवाहको काम गर्ने पुरोहित, लमी र अरु मद्दतीहरुमध्ये उमेर पुगेकोलाई एक महिनासम्म कैद वा एक हजार रुपैयासम्म जरिवाना हुनेछ ।

यस नम्बरको माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि विवाह भने भई नसकेको रीत दस्त पुऱ्याई छिनीसम्म सकेको रहेछ भने सो कुरा छिन्ने मुख्यलाई पाँच सय रुपैयासम्म जरिवाना गरी छि सकेको कुरा बदर गरिदिनुपर्छ ।

माथि १,२,३, र ४ दफा बमोजिम भएको जरिवाना तिरे लिई सो जरिवाना त्यसै बालिका, स्वास्नी मानिस वा लोग्ने मानिसलाई दिनुपर्छ । नतिरेमा सो जरिवाना हुने व्यक्तिको मात्र अंश जायजात गरी उपर भएकाबाट सो लागेको जरिवानाको अकं जति सो बालिका, स्वास्नी मानिस वा लोग्ने मानिसलाई दिनु पर्छ । जायजातबाट सो जरिवाना उपर हुन नसके उपर नभएको जरिवानाको रुपैया जतिमा तीन महिनासम्म कैद गर्नु पर्छ । लोग्ने मानिस वा स्वास्नी मानिसमध्ये कसैको उमेर अठार बर्ष नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेको रहेनछन् भने अठार बर्ष उमेर नपुगी विवाह भएकाले अठार बर्ष पुगे पछि मन्जुरी नगरे त्यस्तो बदर गर्न पाउँछ ।

४ नं. ॥ ॥ वक्क लाटो, महारोगी, लुलो, कुँजो, दुबै आँखाको अन्धो, लिङ्ग नभएको नपुंसक, हात ग भाँची बेकम्मा भएको, वौलाहा वा छारे रोग भएको लोग्ने मानिसलाई सद्दे छ भनी ढाँटी विवाह भएकोम स्वास्नी मानिसले मन्जूर नगरे सो विवाह बदर हुन्छ । त्यस्तो ढाँटी विवाह गर्ने गरी दिनेलाई पाँचसय रुपैयासम्म जरिवाना हुन्छ ।

५ नं. ॥ ॥ वक्क लाटी, महारोगी, लुली , कुँजी, दुबै आँखाकी अन्धी योनीहिन भएकी, हात गोडा भाँची बेकम्मा भएकी, बौलाएकी वा छारे रोग भएकी स्वास्नी मानिस सद्दे छ भनी ढाँटी विवाह भएकोमा लोग्ने मानिसले मन्जुर नगरे विवाह वदर हुन्छ । त्यस्तो ढाँटी विवाह गर्ने गरी दिनेलाई पाँच सय रुपैयासम्म जरिवाना हुन्छ ।

७ नं ॥ ॥ लोग्ने मानिस र स्वास्नी मानिस दुवैको मन्जूरी विना विवाह गर्न गरी दिन हुदैन । विना मन्जूरी जवर्जस्ती विवाह गरे गरिदिए बदर हुन्छ । त्यस्तो विवाह गर्ने गरीदिनेलाई दुई बर्षसम्म कैद ह

८ नं. ॥ ॥ सधवा, विधवा वा सम्वन्ध विच्छेद भईसकेकी स्वास्नी मानिसलाई कन्या हो भनी वा विवाहित, विदूर वा सम्वन्ध विच्छेद भइसकेको लोग्ने मानिसलाई विवाह भएको थिएन भनी ढाँटी विवाह भएकोमा त्यसरी झुक्यानमा परी विवाह गर्नेले मन्जूर नगरे विवाह बदर हुन्छ । त्यस्तो विवाह गर्ने गराउने मुख्य मध्ये
पुगेकोलाई दश हजार रुपैयासम्म जरिवाना गरी त्यसरी झुक्यानमा पर्नेलाई दिलाई दिनु पर्छ

९ नं. ॥ ॥देहायका अवस्थामा बाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जिवित छदै वा कानून बमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की स्वास्नी मानिससँग विवाह गर्न वा अर्की स्वास्नी राख्न हुँदैन स्वास्नीलाई यौन सम्बन्धी कुनै सरुवा रोग भै निको नहुने भएमा । स्वास्नी निको नहुने गरी बौलाएमा ।
स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने नेपाल सरकारबाट मान्यता प्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा।
स्वास्नी हिंडडुल गर्न नसक्ने गरी कुँजी भएमा ।
स्वास्नी दुवै आँखा नदेख्ने अन्धी भएमा ।
अंशबण्डाको महलको १० नम्बर बमोजिम स्वास्नीले अंश लिई भिन्न बसेमा ।

९क नं. ॥ ॥ यसै महलको ९ नम्बर बमोजिम विवाह गर्दा स्वास्नी निको नहुने गरी बौलाएको र अंश लिई भिन्न बसेकोमा वाहेक अन्य अवस्थामा स्वास्नीको सहमति लिनु पर्नेछ ।

१० नं. ॥ ॥ कसैले यो महलको ९ र ९क नम्बरमा लेखिएको कुराको विपरित अर्को विवाह गरेमा स्वास्नी राखेमा निजलाई एक बर्ष देखि तीन बर्षसम्म कैद र पाँचहजार रुपैया देखि पच्चीस हजार रुपैयासम्म जरिवाना समेत हुनेछ । स्वास्नी मानिसले जानी जानी त्यस्तो विवाह गरेमा वा स्वास्नी भै बसेमा निजलाई पनि सोही बमोजिम सजाय हुनेछ ।

महल १८: जारीको:

१ नं. ॥ ॥ अर्काको स्वास्नी हो भन्ने कुरा जानी जानी वा सो थाहा पाउने मनासिव कारण भई कसैले त्यस्तो स्वास्नी मानिसलाई स्वास्नी बनाउन लगेमा जारी गरेको ठर्हछ ।

२ नं. ॥ ॥ जारी खतमा साधुको नालिस परे जार र जारी गरिएको स्वास्नी मानिसलाई एक महिना देखी दुई महिना सम्म कैद र एक हजार रुपैयादेखि दुई हजार रुपैया सम्म जरिवाना हुनेछ

३ नं. ॥ ॥ देहायको अवस्थामा साधुले सजाय गराउन पाउने छैन । साधु आफैले
जारी गरी ल्याएकी स्वास्नीको अरुले जारी गरेकोमा । सौता भएको स्वास्नी
मानिसको जारी गरेकोमा ।
लोग्ने स्वास्नीको महलको १ नम्बरको २ दफाले सम्बन्ध विच्छेद गर्न र विहावरीको महलको २ नम्बरको
दफाले र ४ र ७ नम्बरले विवाह बदर गराउन पाउने स्थितिको स्वास्नीमानिसको जारी भएमा ।

५ नं. ॥ ॥ कसैले कसैको स्वास्नीको जारी गरी साधुको धनमाल समेत लगेकोमा वा स्वास्नी मानिसल अर्को विवाह गरी जाँदा आफूले लगाएको वा प्रयोग गर्ने लत्ताकपडा वा आफ्नो दाइजो पेवा, आर्जन वा साधुको अरु धनमाल समेत लगेमा लग्न नपाउने धनमालको हकमा साधुले र निज मरेमा वा विदेश गएमा निजको हकमा हकदारले देवानी मुद्दा सरह नालिस गरी फिर्ता लिन पाउँछ ।

महल १९: अदलको:

५ नं. ॥ ॥ कैद वा थुनामा रहेकी कुनै महिलालाई सरकारी कर्मचारीले करणी गरेमा वा करणी गर्न अरु कसैलाई संयोग पारी, मिलाई दिई करणी गराएमा वा चिकित्सा सेवा उपलब्ध गराउने चिकित्सक वा स्वास्थ्यकर्मीले त्यस्तो सेवा प्राप्त गर्न आएकी कुनै महिलालाई सो सेवा उपलब्ध गराउँदा वा गराउने स्थानम करणी गरेमा वा आफूले संरक्षण दिएकी वा आफ्नो हेरविचारमा रहेकी कुनै महिलालाई त्यसरी संरक्षण दिने वा हेरविचार गर्ने व्यक्तिले करणी गरेमा वा होस ठेगानमा नरहेकी वा शारीरिक वा मानसिक रोग लागि उपचार वा पुनर्स्थापना गर्न राखिएकी कुनै महिलालाई त्यस्तो उपचार वा पुनर्स्थापना गर्ने संस्थाका पदाधिका वा कर्मचारीले करणी गरेमा एक बर्ष देखि तीन बर्षसम्म कैद हुनेछ । त्यस्तो कार्य गर्दा यस ऐन वा कानून अनुसार पनि सजाय हुने रहेछ भने सो सजाय समेत थप हुनेछ ।

१०ख नं. ॥ कसैले कसैलाई वोक्सो वा बोक्सीको आरोप लगाउने वा त्यस्तो आरोपमा निजलाई बस गरेको ठाँउबाट निकाला गर्ने, सामाजिक वहिष्कार गर्ने वा अन्य कुनै अमानविय वा अपमानजनक व्यवहार गर्ने वा यातना दिने काम गरेमा वा कुनै रोग लागेको व्यक्तिलाई त्यस्तो रोग लागेको कारणबाट ति वा अमानवीय वा अपमानजनक व्यवहार गरी निजलाई बसोबास गरेको ठाँउबाट निकाला गरेमा तीन महिना देखि दुई बर्षसम्म कैद वा पाँच हजार रुपैया देखि पच्चीस हजार रुपैया सम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

## गाली र बेइज्जती ऐन, २०१६

८ आईमाईलाई अपमानित गर्ने नियतले कुनै काम कुरा गरेमा मा कसैले कुनै आईमाईको अपमान ग निजले देख्ने सुन्ने गरी, कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हावभाव व्यक्त गरेमा वा कुन देखाएमा वा निजको गोपनियतामा दखल दिएमा एकसय रुपैयाँदेखि पाँचसय रुपैयाँसम्म जरिवाना हुनेछ र ६ महीनासम्म कैदको सजाय पनि हुन सक्नेछ।

## कारागार ऐन, २०१९

दफा ६ थुनुवा कैदीलाई राख्ने व्यवस्था :

(१) थुनुवा कैदीलाई थुन्दा वा कैद गर्दा देहाय बमोजिम राखिनेछ।

(क) लोग्ने मानिस र स्वास्नी मानिसलाई छुट्टयाई पाएसम्म छुट्टाछुट्टै घरमा र सो नभै एउटै घरम राख्नु पर्ने भएमा परस्पर भेटघाट वा कुराकानी गर्न नपाउने गरी सो घरको भिन्दा भिन्दै भागमा। दफा ८ कारागारमा नाबालकको हेरचाह

(१) थुनिए वा कैद परेको स्वास्नी मानिसको कारागार भित्र छोरा छोरी जन्मेछ वा दुई बर्ष नपुग नाबालक छोरा छोरी रहेछ भने वाहिर हेरविचार गर्ने वारिसबाला भएपनि निजलाई आमाले आफैसित राखी हेरविचार गर्न चाहेमा कारागार भित्रै राख्न हुन्छ। त्यस्ता नाबालक दुई बर्ष पुगे पछि आवश्यक भएमा वाहे निजलाई वारिसवालाको जिम्मा लगाईदिनु पर्छ।

## प्रमाण ऐन, २०३१

४१. लोग्ने स्वास्नीका बीचको कुरा प्र कट गर्न नहुने : कुनै लोग्नेले स्वास्नीलाई वा स्वास्नीले ला आफ्नो दाम्पत्य सम्वन्ध कायम रहेको अवस्थामा व्यक्त गरेको कुनै करा प्र कट गर्न कर लाग्ने छैन र त्यस्तो लोग्ने र स्वास्नीका बीचमा परेको कुनै मुद्दामा वा त्यस्तो लोग्ने वा स्वास्नीले स्वास्नी वा लोग बिरुद्ध कुनै अपराध गरेको सिलसिलामा श्री ५ को सरकार वादी भई चलेको कु नै फौज्दारी मुद्दामा क त्यस्तो कुरा व्यक्त गर्न लोग्ने वा स्वास्नीले अनुमति नदिएसम्म त्यस्तो कुरा प्रकट गर्न हुँदै न

## जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने ) ऐन, २०३३

व्यक्तिगत घटनाको सूचना : (१) देहायको अवस्थामा देहायका व्यक्तिले व्यक्तिगत घटना दर्ता गराउनको लागि त्यस्तो घटना घटेको पैंतीस दिनभित्र तोकिए बमोजिमको फाराम भरी स्थानीय पंजिकाधिकारीको कार्यालयमा सूचना गर्नु पर्नेछ :-

(क) जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको ........... व्यक्तिले,

(ख) विवाहको सूचना पति पत्नीले दुबैले,

(ग) सम्बन्ध विच्छेदको सूचना पति वा पत्नीले,

(घ) बसाई सराईको सूचना बसाई सर्ने परिवार भए परिवारको मुख्य व्यक्तिले र परिवार नभए बसाइ सराई गर्ने व्यक्तिले।

(२) व्यक्तिगत घटना नेपालबाहिर घटेको भए उपदफा (१) बमोजिम सो घटनाको सूचना दिनु पर्ने कर्तव्य भएको व्यक्ति नेपालमा आएपछि निजले साठी दिनभित्र सूचना दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम व्यक्तिगत घटनाको सूचना दिनु पर्ने कर्तव्य भएको व्यक्तिले त्यस्तो सूचना दर्ता गराउनको लागि कुनै व्यक्तिलाई अधिकृत गर्न सक्नेछ।

(४) उपदफा (१) को खण्ड (क) बमोजिम जन्म तथा मृत्युको सूचना दिनुपर्ने कर्तव्य भएको व्यक्ति नभएका अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको व्यक्तिले त्यस्तो सूचना दिनुपर्नेछ।

## श्रम ऐन, २०४८

५. काम लगाउने : (२) तोकिएको अवस्थामा बाहेक नाबालिग तथा महिलालाई सामान्यतः बिहान छ बजेदेखि साँझ छ बजेसम्म काममा लगाउन सकिने छ ।
(३) व्यवस्थापक र कामदार वा कर्मचारी बीच आपसी मन्जूरीबाट उपयुक्त व्यवस्था मिलाई महिलाहरुलाई पनि पुरुष सरह काममा लगाउन सकिनेछ ।
(४) व्यवस्थापकले कामदार वा कर्मचारीलाई कामको प्रकृति वा स्तरमा फरक नपर्ने गरी प्रष्ठिानको कुनै शाखा वा इकाईमा सरुवा गर्न सक्नेछ ।

२७ (ज) महिला तथा पुरुष कामदार वा कर्मचारीहरुको निमित्त पायक पर्ने स्थानमा बेग्लाबेग्लै आधुनिक शौचालयको व्यवस्था गर्ने,

४२. बालकहरुको निमित्त व्यवस्था :

(१) पचास वा सो भन्दा बढी महिला कामदार तथा कर्मचारीहरु कार्यरत रहने प्रतिष्ठानको व्यवस्थापकले त्यस्ता महिला कामदार तथा कर्मचारीहरुको बालकहरुको लागि स्वास्थ्यप्रद कोठाको व्यवस्था गर्नु पर्ने छ ।
(२) उपदफा (१) मा उल्लिखित बालकहरुका निमित्त आवश्यक खेलौनाको साथै तालीम प्राप्त धाईको प्रबन्ध गर्नु पर्नेछ ।
(३) महिला कामदार तथा कर्मचारीका बालकहरुलाई आवश्यकतानुसार दुध खुवाउने समय दिनु पर्नेछ।

४८ (क) महिलालाई काममा लगाउन सकिने : होटल वा ट्राभल एजेन्सीका हकमा कामको प्रकृतिको आधारमा विशेष सुरक्षाको प्रबन्ध गरी महिलाई जुनसुकै समयमा पनि काममा लगाउन सकिनेछ ।

## पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक सुविधा तथा सेवाका अन्य शर्त सम्वन्धी ऐन, २०४८

२१ प्रसूति विदा : (१) महिला न्यायधिशले प्रसुतिको अघि पछि गरी बढीमा साठी दिन पारिश्रमिक सहितको प्रसुति विदा लिन सक्नेछ ।
(२) प्रसुति विदा सेवाको तमाम अवधिभर दुई पटक मात्र लिई पाइनेछ ।
(३) उपदफा (२) मा उल्लेख भए अनुसार लिएको प्रसुति विदाको अभिलेख न्यायधिशको विदा स्वीकृत गर्ने अदालतले अद्यावधिक बनाई राख्नु पर्नेछ ।

## निजामती सेवा ऐन, २०४९

२ (घ) “परिवार” भन्नाले निजामती कर्मचारीप बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिताद्द महिला कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउछ ।

७ (७) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देह बमोजिमका उम्मेदवारबीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-

(क) महिला - तेत्तीस प्रतिशत
(ख) आदिवासी/जनजाति - सत्ताइस प्रतिशत
(ग) मधेसी - बाइस प्रतिशत
(घ) दलित - नौ प्रतिशत (ङ)
अपांग - पाँच प्रतिशत
(च) पिछडिएको क्षेत्र - चार प्रतिशत

स्पष्टीकरणः
(१) यस उपदफाको प्रयोजनका लागि "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनुपर्छ ।
(२) यस उपदफाको खण्ड (क), (ख), (ग) र (घ), को प्रयोजनको लागि "महिला, आदिवासी/जनजाति, मधेसी र दलित" भन्नाले आर्थिक र सामाजिक रूपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेसी र दलितलाई सम्झनुपर्छ ।

१०. उम्मेदवार हुनको लागि अयोग्यताः
१(ग) पुरुष उमेदवारको हकमा पैतीस वर्ष र महिला उम्मेदारको हकमा चालिस वर्ष उमेर पुरा भैसकेक (२) नेपाल सरकारको विकास आयोजनाको वा विकासतर्फको कुनै पदमा कम्तीमा पाँच वर्षदेखि अस्थायी नियुक्ति पाई अविच्छिन्न रूपमा सेवा गरिरहेका महिला कर्मचारीको हकमा खुल्ला प्रतियोगिताको लागि हुन लोकसेवा आयोगको विज्ञापनमा उम्मेदवार हुन उमेरको बन्देज लाग्ने छैन ।

१६. परीक्षणकालः निजामती सेवाको स्थायी पदमा नयाँ नियुक्ति गर्दा महिला कर्मचारीको हकमा छ महिना र पुरुष कर्मचारीको हकमा एक वर्षको परीक्षणकालमा रहने गरी गरिनेछ । परीक्षणकालमा निजको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ । यसरी नियुक्ति बदर नगरिएका निजामती कर्मचारीको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतः सदर भएको मानिनेछ ।

तर निजामती सेवाको कुनै पदमा एकपटक स्थायी नियुक्ति भई परीक्षणकाल भुक्तान गरिसकेको कर्मचारी निजामती सेवाको अर्को पदमा स्थायी नियुक्ति भई रमाना लिई आएमा त्यस्तो कर्मचारीलाई पु परीक्षणकालमा राखिने छैन ।
स्पष्टीकरण : दफा १० को उपदफा (१) को खण्ड (ग) को प्रतिबन्धात्मक वाक्यांश (३) र यस दफाको प्रयोजनका लागि "निजामती सेवा" भन्नाले संसद् सेवा र नेपाल स्वास्थ्य सेवालाई समेत जनाउनेछ ।

२१. बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यताः (१)बढुवाको निमित्त उम्मेद हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणी मुनिको पदको लागि तोकिएबमोजिमको शैक्षिक योग देहायबमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनुपर्नेछः-

(क) राजपत्र अनङ्कित पदको निमित्त तीन वर्ष,
(ख) राजपत्रांकित पदको निमित्त पाँच वर्ष ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपांग र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका निजामती कर्मचारीहरूको उल्लिखित सेवा अवधिमा एक वर्ष कम सेवा अवधि भए पनि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछन् ।

## सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९

१०. खानतलासी : (१) कुनै अपराधको सम्वन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधसँग सम्वन्धित कुनै व्यक्ति वा दशी प्रमाण कुनै व्यक्तिसँग वा कुनै ठाउँमा छ भन्ने शंका गर्नु पर्ने मनासिब कारण भएम निजले त्यस्तो व्यक्ति वा ठाउँ को तोकिए बमोजिम खानतलासी लिन सक्नेछ ।

तर कुनै महिलाको जिउको तलासी लिन पर्दा महिला प्र हरी वा अन्य कुनै महिलाद्वारा नै लिन लगाउनु पर्ने छ ।

१२. रगत, वीर्य इत्यादि जाँच गर्ने : अपराधको प्रकृतिबाट पक्राउमा परेका व्यक्तिको रगत, वीर्य वा शरीरको कुनै अंग वा अन्य कुनै कुराको जाँच गरिएमा अपराध सम्वन्धी प्रमाण उपलब्ध हुन सक्तछ भन्ने विश्वास गर्ने मनासिब आधार भएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी चिकित्सकद्वारा वा प्रयोगशालामा त्यस्तो रगत, वीर्य, अंग वा कुनै कुराको जाँच गराउन सक्नेछ ।
तर कुनै महिलाको शारीरिक अंग जाँच गर्नु परे मा पाएसम्म कु नै महिला चिकित्सकद्वारा वा पुरुष चिकित्सकको निर्देशनमा कुनै महिलाद्वारा गराउनु पर्ने छ ।

१४ (४) कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासंभव महिला प्रहरीद्वारा पक्रन लगाउनु पर्नेछ ।

अनुसची १ को क्रमसंख्या ३० क
३०क. मुलुकी ऐन अदलको महलको १०ख. नं. अन्तर्गत सजाय हुने मुद्दा ।

## आयकर ऐन, २०५८

दफा १० छुट हुने रकमहरु : देहायका रकमहरुमा कर छुट हनेछ : (ङ) नेपाल सरकारबाट विधवा, बृद्ध वा अपाङ्ग व्यक्तिलाई दिईने भत्ता ,

## नेपाल नागरिकता ऐन, २०६३

३. वंशजको नाताले नेपाली नागरिकता प्राप्ति : (१) कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गर्ने नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानको हकमा दफा ५ को उपदफा (२) बमोजिम हुनेछ ।

(३) नेपाल सरहदभित्र फेला परेको पितृ त्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागे सम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ ।

५. अङ्गीकृत नेपाली नागरिकता प्राप्ति : (१) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तोकिएको अधिकारीसमक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ त्यसरी निवेदन दिँदा नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पनि साथै पे श गर्नु पर्नेछ ।

(२) विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदे मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिए बमोजिम अङ्गीकृत नागरिकता प्रदान गर्न सकिनेछ

(३) उपदफा (२) बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न चाहने व्यक्तिले देहायका कागजात संलग्न गरी तोकिएको अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ :-

(क) आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नेपालमा जन्म भई स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिस,

(ग) बाबुको नागरिकताको आधारमा कुनै विदेशी मु लुकको नागरिकता नलिएको निस्सा । (४) देहायका शर्त र अवस्था पूरा गरिसकेका विदेशी नागरिकमध्ये विज्ञान, दर्शनशास्त्र, कला, साहित्य, विश्वशान्ति, मानव कल्याण वा नेपालको औद्योगिक, आर्थिक वा सामाजिक उन्नतिमा विशेष योगदान पुऱ्याएको वा पुऱ्याउन सक्ने भनी मनासिब आधारमा नेपाल सरकारले ठहऱ्याएको व्यक्तिलाई तोकिए बमोजिम अङ्गीकृत नेपाली नागरिकता प्रदान गर्न सकिनेछ :-

(क) नेपाली वा नेपालमा प्रचलित अन्य कुनै भाषा बोल्न र लेख्न जानेको, (ख) नेपालमा कुनै व्यवसाय गरी बसेको,

(ग) अन्य मुलुकको नागरिकता त्यागेको वा त्याग्ने घोषणा गरेको , (घ) कम्तीमा पन्ध्र वर्ष सम्म नेपालमा बसोबास गरेको,

(ङ) नेपाली नागरिकलाई अङ्गीकृत नागरिकता दिने कानूनी व्यवस्था वा प्रचलन भएको मुलुकको नागरिक भएको,

(च) असल चालचलन भएको,

(छ) मानसिक रुपले स्वस्थ भएको ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अङ्गीकृत नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको सन्तानमध्ये निजले सो नागरिकता प्राप्त गर्नुभन्दा पहिले जन्मेको सन्तानले तोकिए बमोजिम अङ्गी नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम अङ्गीकृत नेपाली नागरिकता पाउने व्यक्तिलाई अनुसूची बमोजिमको शपथग्रहण गराई तोकिएको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिनेछ र त्यस्तो प्रमाणपत्र पाएको मितिदेखि त्यस्तो व्यक्ति नेपालको अङ्गीकृत नागरिक हुनेछ ।

## सैनिक ऐन, २०६३

१३.अयोग्यताः (१) देहायको व्यक्ति नेपाली सेनामा नियुक्त हुन अयोग्य मानिनेछ :-

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएको,

(ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त भएको,

(घ) मानव अधिकार हननमा कसूरदार ठहरिएको,

(ङ) दफा १२ को उपदफा (४) बमोजिम तोकिएको योग्यता नभएको ।

(२) उपदफा (१) को खण्ड (क) मा लेखिएको कुराले अल्पकालको लागि गैर नेपाली नागरिकबाट प्राविधिक तथा विशेषज्ञ सेवा प्राप्त गर्न नेपाल सरकारलाई बाधा पुऱ्याएको मानिने छैन ।

## राष्ट्रिय महिला आयोग ऐन, २०६३

११(१) (घ) महिला विरुद्धका भेदभाव तथा सामाजिक कुरीति विरुद्ध जनचेतना अभिबृद्धि गर्ने वा गराउने, (झ) महिला अधिकारबाट वञ्चित, पीडित वा असहाय महिलालाई आवश्यक कानूनी सहायता प्रदान गर्न आवश्यक व्यवस्था गर्ने,

(ञ) महिलाको हकहित र सरोकारको विषयमा आवश्यकतानुसार सार्वजनिक सुनुवाई गर्ने, (२) आयोगले देहायको बिषयमा कुनै व्यक्तिबाट निवेदन प्राप्त गरेमा वा कुनै श्रोतबाट जानकारी प्राप्त गरे त्यस्तो बिषयमा आवश्यक जाँचबुझ गर्न सक्नेछ :-

(क) महिला अधिकारको प्रयोगगर्न नदिएको वा वञ्चित गरेको,

(ख) कुनै पनि हिंसा वा सामाजिक कुरीतिबाट कुनै महिला पिडीत भएको ।

११ (५) उपदफा (३) बमोजिम भएको जाँचबुझबाट कसैले उपदफा (२) बमोजिमको कार्य गरेको देखिए आयोगले आवश्यकतानुसार मेलमिलाप गराउने वा सो सम्बन्धमा पिडित महिलालाई उपयुक्त उपचार, राहत वा क्षतीपूर्ती उपलव्ध गराउन वा पुनर्स्थापना गराउन सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने वा उपयुक्त अन्य कारवाही गर्न सम्वन्धित कार्यालय, निकाय वा संस्थालाई सिफारिश गर्ने छ र सो अनुरुप भए वा नभएको अनुगमन गर्नेछ ।

## वैदेशिक रोजगार ऐन, २०६४

८. लैङ्गिक विभेद नगरिने : यस ऐन बमोजिम वैदेशिक रोजगारमा कामदार पठाउँदा लैङ्गिक विभेद गरिन छैन । तर रोजगारदाता संस्थाबाट पुरुष वा महिला कामदारमध्ये कुनै एकको मात्र माग भई आएकोमा प्राप्त मागपत्र बमोजिमका कामदार वैदेशिक रोजगारमा पठाउन बाधा पर्ने छैन ।

९. विशेष सुविधा तथा आरक्षण प्रदान गर्ने : (१) वैदेशिक रोजगारमा जाने महिला, दलित, आदिवासी जनजाति, उत्पीडित, दैवीप्रको प पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्न सक्ने

(२) वैदेशिक रोजगारमा कामदार पठाउँदा संस्थाले नेपाल सरकारद्वारा तोके बमोजिमको संख्यामा महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्रका व्यक्तिलाई आरक्षण प्रदान गर्नु पर्नेछ ।

# ४. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

प्रमाणीकरण र प्रकाशन मिति :२०६४।४।८

प्रस्तावना : मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण तथा पुनर्स्थापना गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो ऐन नेपालभर लागू हुनेछ र नेपालबाहिर बसी नेपाली नागरिक विरुद्ध यस ऐन बमोजिमका कसूर गर्ने जुनसुकै व्यक्तिको हकमा समेत लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कसूर" भन्नाले दफा ३ बमोजिमको कार्य सम्झनु पर्छ।

(ख) "केन्द्र" भन्नाले दफा १३ बमोजिम स्थापित पुनर्स्थापना केन्द्र सम्झनु पर्दछ।

(ग) "पीडित" भन्नाले बेचिएको, ओ सारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति सम्झनु पर्छ।

(घ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नभएको व्यक्ति सम्झनु पर्छ।

(ङ) "शोषण" भन्नाले दास तुल्याउने, बाँधा बनाउने कार्य सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्य समे तलाई जनाउँछ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२
## कसूर र अनुसन्धान सम्बन्धी व्यवस्था

३. मानव बेचबिखन र ओसारपसार गर्न नहुने: (१) कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्नु गराउ हुँदैन।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिने

४. मानव बेचबिखन र ओसारपसार गरेको मानिने: (१) कसै ले देहायको कुनै कार्य गरेमा म बेचबिखन गरेको मानिनेछ :-

(क) कुनै पनि उद्देश्यले मानिस बे च्ने वा किन्ने,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,

(ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,

(घ) वेश्यागमन गर्ने।

(२) कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,

(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभ पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी,

शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहो स पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलो भनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा
पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने।

५. उजुर गर्ने : (१) दफा ३ बमोजिमको कसूर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले नजिकको प्र हरी कार्यालयमा उजुर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नु पर्नेछ।

६. बयान प्रमाणित गराउने : (१) दफा ५ बमोजिमको उजुर पीडित आफैंले दिएमा प्रहरी कार्या लयले निजको तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउनको लागि निजलाई तुरुन्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्ने छ।

(२) प्रहरी कार्यालयले उपदफा (१) बमोजिम बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि र सो बयानसँग सम्बन्धित कसूरको मुद्दा सो जिल्ला अदालतक क्षेत्राधिकारभित्र नपर्ने भए पनि त्यस्तो जिल्ला अदालतको न्यायाधीशले त्यस्तो बयान निजलाई पढी बाँची सुनाई निजले भने बमोजिम लेखिएको भए सोही व्यहोरा र भने बमोजिम नभएमा के कति फरक छ व्यहोरा उल्लेख गरी प्रमाणित गरिदिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्ने छ।

७. पक्राउ गर्न वा खानतलासी लिन सकिने : (१) यस ऐन अन्तर्ग त कसूर मानिने कुनै कार्य कुनै घ जग्गा, स्थान वा सवारी साधनमा भएको वा भइरहेको वा हुन लागेको जानकारी पाई तु रुन्त कारबाही नगरेमा कसूरदार भाग्ने उम्कने वा त्यस्तो कसूरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नष्ट हुने सम्भावना देखिएम प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा प्रहरी सहायक निरीक्षक स्तरको प्र हरी कर्मचारीले पर्चा खडा गरी जुनसुकै बखत देहायको कार्य गर्न सक्ने छ :-

(क) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा प्रवे श गर्न, खानतलासी लिन वा आफ्नो कब्जामा राख्न,

(ख) त्यस्तो कार्य गर्न लाग्दा कसैले बाधा विरोध गरेमा आवश्यकता अनुसार झ्याल, ढोका खोली वा फोरी आवश्यक कारबाही गर्न,

(ग) त्यस्तो कार्य गर्ने व्यक्तिलाई बिना पक्राउ पूर्जी गिरफ्तार गर्न वा निजको खानतलासी लिन,

(घ) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा भेटिएका सबै दसी, प्रमाण बरामद गर्न वा कब्जामा लिन।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा त्यस्तो प्र हरी कर्मचारीले सम्भव भएसम्म स्थानीय निकायका प्रतिनिधि समेत र सम्भव नभए त्यस समयमा उपस्थित व्यक्तिहरुको रोहबरमा गर्नु पर्नेछ र सोको मुचुल्क तयार गरी सोको प्रतिलिपि सम्बन्धित घर, जग्गा वा सवारी साधन धनीलाई दिनु पर्नेछ।

८. थुनामा राखी कारबाही गर्नु पर्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐ दफा ४ को उपदफा (१) को खण्ड (घ) बाहेक सो दफाका अन्य कसूर सम्बन्धी मुद्दामा कारबाही गर्दा अदालतले अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्नेछ।

९. प्रमाणको भार : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐन अन्तर्ग कसूर गरेको अभियोग लागेकोमा सो कसूर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले न पर्नेछ।

१०. छुट्टै कानून व्यवसायी राख्न पाउने : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको सुनुवाइ अदालत हुँदा पीडितले छुट्टै कानून व्यवसायी मार्फत प्रतिनिधित्व गराउन चाहेमा निजले त्यस्तो कानून व्यवसायी राख्न सक्नेछ।

११. दोभाषे वा अनुवादक राख्न सक्ने : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको काम कारबाहीमा प्रयो हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे वा अनुवादक रा सक्ने छ ।

## परिच्छेद-३
## उद्धार, पुनर्स्थापना तथा पुनर्मिलन सम्बन्धी व्यवस्था

१२. उद्धार सम्बन्धी कार्य : कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्
नेपाल सरकारले गर्नेछ ।

१३. पुनर्स्थापना केन्द्र : (१) पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नेछ ।

(२) कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यको लागि पुनर्स्थापन केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ र नेपाल सरकारले त्यस्तो संस्था तथा सं स्थाद्वारा स्थापित पुनर्स्थापना केन्द्रको नियमित र प्रभावकारी अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सञ्चालन भएको केन्द्रलाई नेपाल सरकारले तोकिदिए बमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ ।

(४) केन्द्रमा रहेको व्यक्तिलाई सामाजिक रुपमा पुनर्स्थापना र पारिवारिक पुनर्मिलन गराउने व्यवस्था केन्द्रले गर्नेछ ।

(५) केन्द्रले पीडितलाई आवश्यकता अनुसार औषधि उपचार र परामर्श सेवा तथा सुविधाको व्यवस्था गर्नु पर्नेछ ।

(६) केन्द्रमा रहेका पीडितलाई निजको इच्छा विपरीत कसै ले कुनै काममा लगाउन हुँदैन । (७) केन्द्रको व्यवस्थापन, सञ्चालन मापदण्ड, अनुगमन, पीडितको लागि सीपमूलक तालिम तथा
रोजगारी, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. पुनर्स्थापन कोष : (१) दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुनर्स्थापना केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक पुनर्स्थापन कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्र ाप्त रकम,

(ग) दफा १५ बमोजिम भएको जरिबाना बापत प्राप्त हुने रकमको आधा रकम ।

(३) पुनर्स्थापन कोषको व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४
## दण्ड सजाय तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था

१५. दण्ड सजाय : (१) दफा ३ बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ :- (क) मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिबाना, (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार द
वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपै याँदेखि एक लाख रुपै याँ सम्म जरिबाना,

(ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई ल रुपैयाँदेखि पाँच लाख रुपै याँ सम्म जरिबाना,

(घ) वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रुपैयाँदेखि पाँच हजार रुपै याँ सम्म जरिबाना ।

(ङ) किन्न, बेच्न वा वे श्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई,-

(१) विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्ष सम्म कैद र पचास हजार रुपै याँदेखि एक लाख रुपैयाँ सम्म जरिबाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिबाना,

(२) नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिबाना ।

(च) शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भ वर्षदेखि पाँच वर्ष सम्म कैद,

(छ) खण्ड (ङ) र (च) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद,

(ज) मानव बेचबिखन वा ओ सारपसारको कसूर गर्न दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको आधा सजाय ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुराका हकमा देहाय बमोजिम हुनेछ :-

(क) किन्ने वा बे च्ने व्यक्ति र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा निजलाई किने वा बे चे बापत र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाए बापत छुट्टाछुट्टै सजाय,

(ख) किन्ने वा बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने र दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसूर गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र त्यस्तो कसूर गरे बापत छुट्टाछुट्टै सजाय,

(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम छुटाइ लैजाने र किन्ने, बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलि वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लै जाने व्यक्ति एउटै भएमा त्यसरी छुटाइ लगेको र विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगे बापत छुट्टाछुट्टै सजाय ।

(३) दफा ३ बमोजिमको कसूर कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा निजला सो कसूर गरे बापत हुने सजायको अतिरिक्त सो सजायको पच्चीस प्रतिशत थप सजाय हुनेछ ।

(४) कसैले दफा ३ बमोजिमको कसूर आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको वा मुलुकी ऐनक हाडनाता करणीको महल बमोजिम सजाय हुने व्यक्तिका सम्बन्धमा गरेको रहेछ भने निजलाई यस ऐनमा लेखिएको सजायको अतिरिक्त सो सजायको दश प्रतिशत थप सजाय हुनेछ ।

(५) कसैले दफा ३ बमोजिमको कसूर पुनः गरेमा प्र त्येक पटक कसूर गरे बापत सो कसूर ग हुने सजायको एक चौथाई थप सजाय हुने छ ।

(६) दफा ५ बमोजिम उजुर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाक

पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा वा अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ ।

१६. सजाय नहुने : आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको वा लगेको वा किनेको वा बे वा वे श्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नु पर्ने मनासिब आधार भई निजले कुनै ठाउँबाट उम्क

भाग्न मद्दत माग्दा मद्दत प्राप्त नभएको र उम्कन भाग्न खोज्दा कसैले बाधा विरोध गरेमा वा रोकेमा वा पक्रेमा वा जोरजुलुम गरेमा बल प्रयोग नगरी त्यस्तो बाधा विरो ध वा जोरजुलुमबाट वा पक्राउबाट भाग उम्कन सकिंदैन भन्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरो ध गर्ने, पक्रन जोरजुलुम गर्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानून जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छ

१७. क्षतिपूर्ति : (१) अदालतले कसूरदारलाई भएको जरिबानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृ त्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइनेछ ।

(३) उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम पाउने पीडितको नाबालक छोराछोरी र आश्रित बाबुआमा नभएमा त्यस्तो रकम दफा १४ बमोजिमको पुनर्स्थापन कोषमा जम्मा गर्नु पर्नेछ ।

## परिच्छेद-५
## विविध

१८. सम्पत्ति जफत हुने : (१) कसैले यस ऐन अन्तर्गतको कसूरबाट कुनै चल-अचल सम्पत्ति प्राप्त गरेक रहेछ भने त्यस्तो सबै सम्पत्ति जफत हुनेछ ।

(२) कसैले यस ऐन अन्तर्ग तको कसूर मानिने कार्य गर्न वा गराउनको लागि आफ्नो घर, जग्ग वा सवारी साधन जानी-जानी प्रयोग गरेको वा प्रयोग गर्न दिएको प्रमाणित भएमा त्यस्तो घर, जग्गा वा सवारी साधन जफत हुनेछ ।

१९. पुरस्कार : (१) यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य गरेको वा गर्न लागेको छ भन्ने सूचना कसै ले दिएको आधारमा कसैलाई उद्धार गरिएमा वा त्यस्तो कार्यमा संलग्न व्यक्ति पक्राउ परेमा त्यस्तो सूचना दिने व्यक्तिलाई दफा १५ बमोजिम भएको जरिबानाको दश प्रतिशत बराबरको रकम पुरस्कार स्वरुप दफा १४ बमोजिमको पुनर्स्थापन कोषबाट प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिने व्यक्ति एक जनाभन्दा बढी भएमा निजहरुलाई त्यस्तो रकम दामासाहीको दरले दिइनेछ ।

२०. सुराकीको विवरण गोप्य राख्नु पर्ने : दफा १९ को उपदफा (१) बमोजिम सूचना दिने सुराकीको न ठेगाना र निजबाट प्राप्त सू चनाको विवरण गोप्य राख्नु पर्ने छ ।

२१. सजायको माग दाबीमा छुट : (१) यस ऐन बमोजिमको कसूर गरेको भनी अभियोग लागेको कुनै अभिय आफूले गरेको कसूर स्वीकार गरी सो कसूरका सम्बन्धमा प्रमाण जु टाउन, अन्य अभियुक्त वा त्यसको गिरो वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकिल वा अदालतलाई सघाउ पुऱ्याएको र निजले पहिलो पटक कसूर गरेको रहे छ भने त्यस्तो कसूरमा अदालतले सजाय तोक्दा निजलाई हुने सजायको बढीमा पच प्रतिशतसम्म सजाय छु ट दिन सक्नेछ । तर, निजले गरेको सहयोग अन्य सबुद प्रमाणबाट प्रमाणित नभएमा
वा निजले प्रहरी वा सरकारी वकिललाई गरेको सहयोग प्रतिकूल हुने गरी अदालत समक्ष बयान दिएमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निज उपर पुनः मुद्दा दायर गन सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा यस दफा बमोजिम सजायको माग दाबीमा छुट दिन सकिने छैन :-

(क) मुख्य अभियुक्तलाई सजायको माग दाबी छुट दिन, (ख)
बालबालिका बेचबिखन वा ओसारपसार गरेकोमा,

(ग) एकपटक सजाय छुटको सुविधा पाइसकेको ।

२२. दाबी गर्न सक्ने : यस ऐन बमोजिमको कसूरमा अदालतमा मुद्दा दर्ता गर्दाका बखत सम्बन्धित सरकारी वकिलले अभियुक्तले नैतिक पतन देखिने फौजदारी कसूर गरेको हो भनी दाबी लिन सक्नेछ

२३. समिति गठन गर्न सक्ने : (१) यस ऐन बमोजिमको कसूर नियन्त्रण गर्ने तथा पीडितलाई पुर्नस्थापन गर्ने सम्बन्धी कार्यमा सरकारी निकाय तथा गैरसरकारी संस्थाबीच समन्वय समेत गर्नका लागि तोकिए बमोजिम नेपाल सरकारले एक राष्ट्रिय समिति र आवश्यकता अनुसार जिल्ला समिति गठन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२४. बाधा विरोध गर्नेलाई सजाय हुने : कसैले यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाहीमा बाधा विरोध गरेमा निजलाई दश हजार रुपैयाँ सम्म जरिबाना हुनेछ ।

२५. प्रचार प्र सार गर्न नहुने : (१) कसै ले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्वीर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिम नाम, तस्वीर, विवरण छाप्ने वा प्रचार प्रसार गर्ने व्यक्तिलाई दश हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

२६. सुरक्षाको व्यवस्था : दफा ५ बमोजिम उजुर गर्ने व्यक्तिले आफूले प्रहरीमा उजुर गरेको कारण वा अ अदालतमा बयान वा साक्षीको रुपमा गरेको बकपत्रको आधारमा कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न सक्ने मनासिब कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्या लयमा अनुरोध गरेमा त्यस्तो प्रहरी काया लयले निजलाई देहाय बमोजिमको कुनै वा सबै व्यवस्था गरिदिनु पर्नेछ :-

(क) मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालत आउँदा-जाँदा सुरक्षा दिने, (ख) निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने , (ग) केन्द्रमा राख्ने ।

२७. बन्द इजलासमा कारबाही हुने : (१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा कारबाही तथा सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरुका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन्।

२८. सरकार वादी हुने : यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी हुने छ र सो मुद्दा सरकारी मुद्दा सम्बन्ध ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

२९. नियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

३०.खारेजी र बचाउः (१) जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ खारेज गरिएको छ । (२) उपदफा (१) बमोजिमको ऐन अन्तर्ग त भए गरेका काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेका मानिनेछन् ।

# ५. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६

प्रमाणीकरण मिति :२०६६।१।१४

प्रस्तावना : प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको श मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्य लाई समेत जनाउँछ।

(ख) "घरेलु सम्बन्ध" भन्नाले बंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरुका बीचमा भएको सम्बन्ध सम्झनु पर्छ।

(ग) "शारीरिक यातना" भन्नाले प्रचलित कानून बमोजिम अङ्गभङ्ग ठहर्ने बाहेक कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने क सम्झनु पर्छ।

(घ) "मानसिक यातना" भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलो ज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्ने गराउने कार्य सम्झनु पर्छ र सो शब्दले वैचारिक, धार्मि सांस्कृतिक तथा प्रथा परम्पराका आधारमा गरिने भेदभाव समेतलाई जनाउँछ।

(ङ) "यौनजन्य यातना" भन्नाले यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पु ग्ने कुनै पनि कार्य सम्झनु पर्छ (च) "आर्थिक यातना" भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँ च वा प्रयो गमा वञ्चित गर्ने कार्य सम्झनु पर्छ।

(छ) "पीडित" भन्नाले पीडकसँग घरेलु सम्बन्ध भै निजद्वारा गरिएको घरेलु हिंसाबाट पीडित भनी दाबी गर्ने व्यक्ति सम्झनु पर्छ।

(ज) "पीडक" भन्नाले पीडितसँग घरेलु सम्बन्ध भै निजविरुद्ध घरेलु हिंसा गरेको भनी पीडितले दाबी गरेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले घरेलु हिंसा गर्ने कार्यमा संलग्न रहेको व्यक्ति वा मतियारलाई समेत जनाउँ छ।

(झ) "प्रहरी कार्यालय" भन्नाले पीडित बसोबास गरेको, पीडक रहेको वा घटनास्थलको नजिकको प्रहरी कार्यालय सम्झनु पर्छ र सो शब्दले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको बालबालिका वा महिला से ल वा प्रहरी चौकी वा उपचौकी समेतलाई जनाउँछ।

(ञ) "स्थानीय निकाय" भन्नाले पीडित बसोबास गरेको वा पीडक रहेको वा घटना भएको गाउँ विकास समिति वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले नगरपालिकाको वडा समिति समेतलाई जनाउँछ।

(ट) "अदालत" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालत सम्झनु पर्छ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको व तोकिए बमोजिम सम्झनु पर्छ।

३. घरेलु हिंसा गर्न गराउन नहुने : (१) कसैले पनि घरेलु हिंसा गर्न गराउन वा सो कुराको उद्यो वा घरेलु हिंसाको निमित्त कसैलाई दुरुत्साहन गर्न हुँदैन ।

(२) कसैले उपदफा (१) विपरीतको कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ

४.उजुरी गर्ने : (१) घरेलु हिंसा भएको , भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकाय समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरी लिखित रुपमा प्र ाप्त भएकोमा तुरुन्त र मौखिक रुपमा प्राप्त भएकोमा सो सम्बन्धी आवश्यक विवरण ले खी ले खाई उजुरीकर्ताको सहीछाप गराई दर्ता गर्नु पने

(३) राष्ट्रिय महिला आयोगमा दर्ता भएको उजुरीको सम्बन्धमा राष्ट्रिय महिला आयोग सम्बन्धी प्रचलित कानून बमोजिम आवश्यक कारबाही हुने छ ।

(४) प्रहरी कार्यालयमा उजुरी दर्ता भएकोमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरे पक्राउ गरी तुरुन्त बयान गराउनु पर्नेछ ।

(५) स्थानीय निकायमा उजुरी दर्ता भएको मा बाटो को म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई तथा अटेर गरेमा प्रहरीको सहयो ग लिई पक्राउ गरी तु रुन्त बयान गराउनु पर्ने छ ।

(६) घरेलु हिंसाको कारण पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएम तत्काल उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको उपचार र घा जाँच गराउनु पर्नेछ । स्थानीय निकायले गराएको घा जाँच प्रतिवेदनको एक प्रति प्रहरी कार्यालयमा पठाउनु पर्नेछ

(७) उपदफा (१) बमोजिम प्राप्तभएको उजुरी प्रारम्भिक रुपमा छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(८) उपदफा (४) वा (५) बमोजिमको बयान समेतबाट घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले तीस दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराइदिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम मेलमिलाप गराउँदा आवश्यकता अनुसार उपलब्ध भएसम्म मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले पत्याएको परिवारको सदस्य र अन्य साक्षी समेतको सहयोग लिन सकिनेछ। यसरी मेलमिलाप गराउँदा पीडितलाई पर्न सक्ने मनोवैज्ञानिक तथा सामाजिक प्रभाव र गोपनीयताको अधिकार समेतलाई ध्यानमा राख्नु पर्नेछ ।

(१०) प्रहरी कार्यालय वा स्थानीय निकायले उजुरीको कारबाही र किनारा गर्दा पीडकलाई तारेखमा राखी गर्नु पर्नेछ ।

(११) उपदफा (४) वा (५) बमोजिम झिकाउँदा पीडक उपस्थित नभएमा वा उपस्थित गराउन नसकिएमा वा पक्षहरुबीच मे लमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा स्थानीय निकायले उजुरीकर्ताको सहमति भएमा उपदफा (८) बमोजिमको म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र सो ही व्यहोरा उल्लेख गरी उजुरी र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण अदालत समक्ष पठाइदिनु पर्नेछ ।

(१२) उपदफा (५) र (७) बमोजिम सहयोग उपलब्ध गराउनु प्रहरी कार्यालयको कर्तव्य हुनेछ ।

५. अदालतले कारबाही गर्ने : (१) दफा ४ को उपदफा (११) बमोजिम उजुरी प्राप्त भएमा अदालतले सोही उजुरीको आधारमा यस ऐन बमोजिम कारबाही र किनारा गर्नु पर्नेछ ।

(२) दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितले चाहेमा सोझै अदालतमा उजुरी दि सक्नेछ ।

६. अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने : (१) उजुरीको प्रारम्भिक छानबिनबाट पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा देहाय बमोजिम गर्न आदेश दिन सक्नेछ :-

(क) पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न

तथा शिष्ट र सभ्य व्यवहार गर्न,

(ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,

(ग) पीडक र पीडितलाई एकै ठाउँमा बसोबास गर्न उपयुक्त हुने नदेखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी अलग बस्दा पीडितको भरण पोषणको लागि आवश्यक व्यवस्था गर्न,

(घ) गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,

(ङ) पीडित छुट्टै बसेको ठाउँमा वा बाटोघाटोमा वा कार्यालयमा गई वा कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,

(च) पीडितको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन ।

(२) उजुरीको प्रारम्भिक छानबिनबाट पीडितको अतिरिक्त निजका नाबालक सन्तान वा निजसँग आश्रित कुनै व्यक्तिलाई उपदफा (१) बमोजिमको कुनै संरक्षण दिन आवश्यक देखिएमा अदालतले सो उपदफा बमोजिमको कुनै आदेश दिन सक्नेछ ।

७. बन्द इजलासमा सुनुवाइ गर्ने : (१) पीडितले अनुरोध गरेमा यस ऐन अन्तर्गतको उजुरी सम्बन्धी कारब र सुनुवाइ अदालतले बन्द इजलासमा गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा कारबाही र सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरुका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

८. संक्षिप्त कार्यविधि अपनाउनु पर्ने : यस ऐन बमोजिमको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यवि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

९. उपचारको रकम पीडकले व्यहोर्ने : (१) घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रुपमा अशक्त भएको कारणले अस्पतालमा उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडकको आर्थिक अवस्था कमजोर भएको कारण पीडकले त्यस्तो उपचार खर्च उपलब्ध गराउन नसक्ने कुरा अदालतलाई लागेमा दफा ११ बमोजिमको सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी अदालतले आदेश गर्न सक्नेछ ।

१०. क्षतिपूर्ति दिलाइदिने : पीडित व्यक्तिलाई घरे लु हिं साको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई विचार गरी अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइदिन सक्नेछ ।

११. सेवा केन्द्र : (१) पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाको लागि नेपाल सरकारले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्नेछ ।

(२) कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्दे श्यको लागि सेवा केन स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सञ्चालन भएको केन्द्रलाई दफा १२ बमोजिमको कोषबाट आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सकिनेछ ।

(४) सेवा केन्द्रले आवश्यकता अनुसार पीडितलाई कानूनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानि सेवा र आर्थिक सहायता उपलब्ध गराउन सक्ने छ ।

(५) सेवा केन्द्रको व्यवस्थापन, सञ्चालन तथा अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. सेवा कोष : (१) दफा ११ को उपदफा (१) बमोजिम स्थापना भएका सेवा केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक से वा कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) अन्य स्रोतबाट प्र ाप्त रकम ।

(३) सेवा कोषको व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१३. सजाय : (१) कसैले घरेलु हिं सा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने स आधा सजाय हुनेछ ।

(३) घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सो ही कसूर गरेमा पटकैपिच्छे द सजाय हुनेछ ।

(४) सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले यस ऐन बमोजिमको कसूर गर निजलाई थप दश प्रतिशत सजाय हुनेछ ।

(५) कसैले दफा ६ बमोजिम अदालतबाट दिएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयाँदेखि पन्ध्र हजार रुपै याँ सम्म जरिबाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

१४. हदम्याद : यस ऐन बमोजिमको कसूरमा भए गरेको मितिले नब्बे दिनभित्र उजुरी दिनु पर्नेछ

१५. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने : यस ऐन बमोजिम कसूर मानिने कुनै काम कारबाहीम अन्य प्रचलित कानून बमोजिम पनि सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन तथा कारबाही गर्न यस ऐनले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

१६. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कान बमोजिम हुनेछ ।

१७. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

## ६. लैंगिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन,

प्रमाणीकरण मिति :२०६३।०७।१७

'लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३" बाट संशोधन भएका कानूनह

२. मुलुकी ऐनमा संशोधन : मुलुकी ऐनको,–

(१) अदालती वन्दोवस्तको महलको,–

(क) ७६ नं. मा रहेका "...फलानाको छोरा, छोरी वा पत्नी" भन्ने शव्दहरुको सट्टा "...फलानाको छोरा छोरी पति वा पत्नी" भन्ने शव्दहरु राखिएका छन्।

(ख) १०७ नं. को ठाउं टाउंमा रहेका "वाबु वा पतिको" भन्ने शव्दहरुको सट्टा "वाबु आमा वा पति पत्नीको" भन्ने शव्दहरु राखिएका छन् ।

(ग) ११० नं. मा रहेका "एकाघरका जहान" भन्ने शव्दहरु पछि रहेका "भरसक लोग्ने मानिसलाई र नभए स्वास्नीमानिसलाई" भन्ने शव्दहरुको सट्टा "मध्ये उमेर पुगेको कुनै व्यक्तिलाई" भन्ने शव्दहरु राखिएका छन् ।

(घ) १२८ नं. रहेका "...फलानाको छोरा, छोरी वा पत्नी" भन्ने शव्दहरुको सट्टा "...फलानाको छोरा छोरी पति वा पत्नी" भन्ने शव्दहरु राखिएका छन् ।

(ङ) १५२ नं. मा रहेका "तिम्रो वावुको" भन्ने शव्दहरुको सट्टा "तिम्रो वावु, आमा वा संरक्षकको" भन्ने शव्दहरु राखिएका छन् ।

(च) १६१ नं. मा रहेको "तिम्रो वावुको" भन्ने शव्दहरुको सट्टा "तिम्रो वावु, आमा वा संरक्षकको" भन्ने शव्दहरु राखिएका छन् ।

(२) स्त्री अंश धनको महलको : ७ नं. खारेज गरिएकोछ ।

(३) धर्मपुत्रको महलको,–

(क) शीर्षकमा रहेको "धर्मपुत्रको" भन्ने शव्दको सट्टा "धर्मपुत्र धर्मपुत्रीको" शव्दहरु राखिएको छ ।

(ख) ३ नं. को सट्टा देहायको ३ नं. राखिएकोछ :–

"३ नं. ॥ ॥ धर्मपुत्र वा धर्मपुत्रीले छोराछोरी सरह समान अंश पाउँछ । रीतपूर्वकको लिखत गरी धर्मपुत्र धर्मपुत्री राखिसकेपछि छोरा छोरी जन्मिया भने पनि अघि राखेको धर्मपुत्र धर्मपुत्री बदर हुंदैन । धर्म सन्तानले जन्माउ वावुपट्टि अंशमा दावी गर्न पाउँदैन । लिखत भए लिखत बमोजिम हुन्छ ।

(ग) ९घ. नं. खारेज गरिएकोछ ।

(४) अपुतालीको महलको,–

(क) १ नं. को सट्टा देहायको १ नं. राखिएकोछ :–

"१ नं.॥ ॥ हकवाला भनेको जो मरी अपुताली परेको हो उसको सात पुस्तासम्मको सवै भन्दा नजीकको व्यक्ति हुन्छ"

(ख) ४ नं. मा रहेको "बावु" भन्ने शव्दको सट्टा "बावु आमा" भन्ने शव्द, "छोरा,"भन्ने शव्दको सट्टा "छोरा, अविवाहित छोरी" भन्ने शव्दहरु र "छोरी" भन्ने शव्दको सट्टा "विवाहित छोरी" भन्ने शव्दहरु राखिएका छन्। ५ नं. मा रहेको "छोरी" भन्ने शव्दको सट्टा "अविवाहित छोरी" भन्ने शव्दहरु राखिएका छन् ।

(५) रजिष्ट्रेशनको महलको,–

(क) १ नं. मा रहेको "धर्मपुत्र" भन्ने शव्दको सट्टा "धर्मपुत्र धर्मपुत्री" भन्ने शव्दह राखिएका छन् ।

(ख) ३१ नं. मा रहेका "बावु र वाजेको" भन्ने शव्दहरुको सट्टा "बावुआमा बाजेबज्यैको" भन्ने शव्दहरु राखिएका छन् ।

(६) ज्यान सम्वन्धीको महलको १९ नं. मा जानकार शव्द पछि रहेको “लोग्नेमानिसलाई” भन्ने शव्दको सट्टा “व्यक्तिलाई” भन्ने शव्द राखिएको छ ।

(७) जवर्जस्ती करणीको महलको,–

(क) १ नं. को सट्टा देहायको १ नं. राखिएकोछ :–
“१ नं. ॥ ॥ सोह्र वर्ष मुनिकीलाई उसको मन्जूरी लिई वा नलिई जुनसुक व्यहोरासंग करणी गरे पनि र सोह्र वर्ष नाघेकीको राजीखुशी विना वेमन्जूरीले जुनसुकै तरहसंग भए पनि जोरजुलुम गरी वा डरधाक देखाई वा अनुचित प्रभावमा पारी करणी गरेको समेत जवर्जस्ती करणी गरेको ठर्हछ ।”

(ख) १० नं. को सट्टा देहायको १० नं. राखिएको छ :–
“१० नं. ॥ ॥ कसैले कुनै स्वास्नी मानिसलाई जवर्जस्ती करणी गरेमा त्यस्तो करणी गर्नेको आधा अंश बरावरको क्षतिपूर्ति त्यस्ती स्वास्नी मानिसलाई दिलाई दिनु पर्दछ । त्यस्तोमा दशौंद लाग्दैन । त्यसरी क्षतिपूर्ति दिलाएकी स्वास्नीमानिसले अन्य कानून वमोजिम पाउने अंश पाउनमा कुनै वाधा पुग्ने छैन ।”

(ग) १०ख नं. पछि देहायको १०ग. नं. थपिएकोछ :–
“१०ग नं. ॥ ॥ यस महल अन्तर्गतको मुद्दाको फैसला गर्दा जर्वजस्ती करणी ठहर हुने देखेमा प्रतिवादीबाट तायदाती माग गरी फैसला गर्दा एकैसाथ पीडित स्वास्नी मानिसलाई आधा अंश वरावरको क्षतिपूर्ति समेत दिलाई दिनु पर्छ ।”

(८) हाडनातामा करणी गर्ने,–

(क) १० नं. को सट्टा देहायको १० नं. राखिएको छ :–
“१० नं. ॥ ॥ यस महलमा लेखिए बमोजिम लोग्नेमानिसलाई सजाय हुने कसूरमा राजीखुसीले करणी गराउने स्वास्नीमानिसलाई पनि लोग्ने मानिसलाई हुने सजाय सरह सजाय हुन्छ।”

(ख) ८ नं. खारेज गरिएको छ ।

३. नेपाल कानून व्याख्या सम्वन्धी ऐन, २०१० मा संशोधनः नेपाल कानून व्याख्या सम्वन्धी ऐन, २०१० को दफा २ को खण्ड (म) पछि देहायको खण्ड (म१) थपिएको छ :–
“(म१) “पुत्री” (छोरी) यो शव्दले ऐनमा धर्मपुत्री राख्न पाउनेले राखेको धर्मपुत्री समेत जनाउ

४ प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ मा संशोधन : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ४ को खण्ठ (घ) मा रहेका “वावुवाजेको नाम” भन्ने शव्दहरुको सट्टा “वावु आमा र वाजे वज्यैका नाम” भन्ने शव्दहरु राखिएका छन् ।

५ कर्मचारी संचय कोष ऐन, २०१९ मा संशोधन : कर्मचारी संचय कोष ऐन, २०१९ को दफा १५क. को उपदफा (१) को “खण्ड क देखि झ” को सट्टा देहायको “खण्ड क देखि ध” राखिएका छन्ः– “(क) सगोलको पति वा पत्नी,

(ख) सगोलका छोरा, अविवाहित छोरी, विधवा छोरा वुहारी,
(ग) सगोलको बाबु आमा,
(घ) आफैले पालन पोषण गर्नु पर्ने बाजे, बज्यै, महिलाको हकमा सासु ससुरा र छोरा पि नाति र अविवाहित नातिनी,
(ङ) भिन्न बसेको पति वा पत्नी,
(च) भिन्न बसेको छोरा वा अविवाहिता छोरी, विधवा छोरा बुहारी,
(छ) भिन्न बसेका बाबु आमा,
(ज) सगोलको सौतेनी छोरा, अविवाहित सौतेनी छोरी,

(झ) सगोलको सौतनी आमा,
(ञ) सगोलको दाजु, भाई, अविवाहित दिदी वहिनी,
(ट) महिलाको हकमा भिन्न बसेका सासु, ससुरा,
(ठ) विवाहिता छोरी,
(ड) सगोलको भतिजा, अविवाहित भतिजी,
(ढ) भिन्न बसेका छोरापट्टिको नाति, अविवाहित नातिनी,
(ण) सगोलको काका, विधवा काकी, भाउज्यू, भाई बुहारी,
(त) भिन्न बसेको सौतेनी छोरा, अविवाहित सौतेनी छोरी,
(थ) भिन्न वसेको सौतेनी आमा,
(द) भिन्न बसेका दाजुभाई, अविवाहिता दिदी, वहिनी,
(ध) विवाहिता दिदी, बहिनी, भिन्न वसेका बाजे, बज्यै, नातिनी वुहारी भतिजा, अविवाहित भतिजी।"

६ भूमि सम्वन्धी ऐन, २०२१ मा संशोधन : भूमि सम्वन्धी ऐन, २०२१ को दफा २६ को,–
(क) उपदफा (१) मा "पत्नी" शव्द पछि रहेको "छोरा" भन्ने शव्द पछि "अविवाहित छारी" भन्ने शव्द र "धर्मपुत्र" भन्ने शव्दपछि "अविवाहित धर्मपुत्री" भन्ने शव्दहरु थपिएका छन् । सोही उपदफामा रहेका "३५ वर्ष पुगेकी अविवाहित छोरी" भन्ने शव्दहरु हटाई "नाति" भन्ने शव्दपछि "अविवाहित नातिनी" भन्ने शव्दहरु र "दाजुभाई" भन्ने शव्दको सट्टा "दाजुभाई वा अविवाहित दिदी वहिनी" भन्ने शव्दहरु राखिएका छन् ।
(ख) दफा २ग. को उपदफा (२) मा रहेको "छोरा" भन्ने शव्द पछि "अविवाहित छोरी" भन्ने शव्दहरु थपिएका छन् ।
(ग) दफा २ग. को उपदफा (३) खारेज गरिएको छ ।

७ सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक सेवाका शर्त र सुविधा सम्वन्धी ऐन, २०२६ मा संशोधनः सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक सेवाको शर्त र सुविधा सम्वन्धी ऐन, २०२६ को दफा ५ग. को उपदफा २ को ठाउंठाउंमा रहेको "श्रीमती" भन्ने शव्दपछि "वा श्रीमान्" भन्ने शव्दहरु थपिएका छन् ।

८ बोनस ऐन, २०३० मा संशोधन : बोनस ऐन, २०३० को दफा १० को उपदफा (२) को खण्ड " (क) देखि (ड)" को सट्टा देहायको खण्ड "क देखि ध" राखिएको छ : –
"(क) सगोलको पति वा पत्नी,
(ख) सगोलका छोरा, अविवाहित छोरी, विधवा छोरा वुहारी,
(ग) सगोलको बाबु आमा,
(घ) आफैले पालन पोषण गर्नु पर्ने बाजे, बज्यै, महिलाको हकमा सासु ससुरा र छोरा पि नाति र अविवाहित नातिनी,
(ङ) भिन्न बसेको पति वा पत्नी,
(च) भिन्न बसेको छोरा वा अविवाहिता छोरी, विधवा छोरा बुहारी,
(छ) भिन्न बसेका बाबु आमा,
(ज) सगोलको सौतेनी छोरा, अविवाहित सौतेनी छोरी,
(झ) सगोलको सौतनी आमा,
(ञ) सगोलको दाजु, भाई, अविवाहित दिदी वहिनी,
(ट) महिलाको हकमा भिन्न बसेका सासु, ससुरा,
(ठ) विवाहिता छोरी,
(ड) सगोलको भतिजा, अविवाहित भतिजी,
(ढ) भिन्न बसेका छोरापट्टिको नाति, अविवाहित नातिनी,
(ण) सगोलको काका, विधवा काकी, भाउज्यू, भाई बुहारी,
(त) भिन्न बसेको सौतेनी छोरा, अविवाहित सौतेनी छोरी,

(थ) भिन्न वसेको सौतेनी आमा,
(द) भिन्न बसेका दाजुभाई, अविवाहिता दिदी, वहिनी,
(ध) विवाहिता दिदी, बहिनी, भिन्न वसेका बाजे, बज्यै, नातिनी वुहारी भतिजा, अविवाहित भतिजी।"

९ वाणिज्य वैंक ऐन, २०३१ मा संशोधन : वाणिज्य वैंक ऐन, २०३१ को दफा २३ को उपदफा (१) को खण्ड "क देखि झ" को सट्टा देहायको खण्ड "क देखि ध" राखिएको छ :–

"(क) सगोलको पति वा पत्नी,
(ख) सगोलका छोरा, अविवाहित छोरी, विधवा छोरा वुहारी,
(ग) सगोलको बाबु आमा,
(घ) आफैले पालन पोषण गर्नु पर्ने बाजे, बज्यै, महिलाको हकमा सासु ससुरा र छोरा पटि नाति र अविवाहित नातिनी,
(ङ) भिन्न बसेको पति वा पत्नी,
(च) भिन्न बसेको छोरा वा अविवाहिता छोरी, विधवा छोरा बुहारी,
(छ) भिन्न बसेका बाबु आमा,
(ज) सगोलको सौतेनी छोरा, अविवाहित सौतेनी छोरी,
(झ) सगोलको सौतनी आमा,
(ञ) सगोलको दाजु, भाई, अविवाहित दिदी वहिनी,
(ट) महिलाको हकमा भिन्न बसेका सासु, ससुरा,
(ठ) विवाहिता छोरी,
(ड) सगोलको भतिजा, अविवाहित भतिजी,
(ढ) भिन्न बसेका छोरापट्टिको नाति, अविवाहित नातिनी,
(ण) सगोलको काका, विधवा काकी, भाउज्यू, भाई बुहारी,
(त) भिन्न बसेको सौतेनी छोरा, अविवाहित सौतेनी छोरी,
(थ) भिन्न वसेको सौतेनी आमा,
(द) भिन्न बसेका दाजुभाई, अविवाहिता दिदी, वहिनी,
(ध) विवाहिता दिदी, बहिनी, भिन्न वसेका बाजे, बज्यै, नातिनी वुहारी भतिजा, अविवाहित भतिजी।"

१० जन्म, मृत्यू, तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ मा संशोधन : जन्म,मृत्यू, तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को ,–

(क) दफा ४ को उपदफा (१) को खण्ड (क) मा रहेको "पुरुष" भन्ने शव्दको सट्टा "व्यक्ति" भन्ने शव्द र "जेठो" भन्ने शव्दको सट्टा "पाको" भन्ने शव्दहरु राखिएका छन् ।
(ख) दफा ४ को उपदफा (१) को खण्ड (ख) मा रहेको "पतिले र निजको अनुपस्थितिमा पत्नीले" भन्ने शव्दको सट्टा "पति वा पत्नीले" भन्ने शव्दहरु राखिएका छन् ।

११ निवृत्ति कोष ऐन, २०४२ मा संशोधन : निवृत्ति कोष ऐन, २०४२ को दफा २३ को उपदफा (१) को "खण्ड क देखि झ" को सट्टा देहायको "खण्ड क देखि ध" राखिएका छन् :–

"(क) सगोलको पति वा पत्नी,
(ख) सगोलका छोरा, अविवाहित छोरी, विधवा छोरा वुहारी,
(ग) सगोलको बाबु आमा,
(घ) आफैले पालन पोषण गर्नु पर्ने बाजे, बज्यै, महिलाको हकमा सासु ससुरा र छोरा पटि नाति र अविवाहित नातिनी,
(ङ) भिन्न बसेको पति वा पत्नी,
(च) भिन्न बसेको छोरा वा अविवाहिता छोरी, विधवा छोरा बुहारी,
(छ) भिन्न बसेका बाबु आमा,
(ज) सगोलको सौतेनी छोरा, अविवाहित सौतेनी छोरी,
(झ) सगोलको सौतनी आमा,
(ञ) सगोलको दाजु, भाई, अविवाहित दिदी वहिनी,

(ट) महिलाको हकमा भिन्न बसेका सासु, ससुरा,
(ठ) विवाहिता छोरी,
(ड) सगोलको भतिजा, अविवाहित भतिजी,
(ढ) भिन्न बसेका छोरापट्टिको नाति, अविवाहित नातिनी,
(ण) सगोलको काका, विधवा काकी, भाउज्यू, भाई बुहारी,
(त) भिन्न बसेको सौतेनी छोरा, अविवाहित सौतेनी छोरी,
(थ) भिन्न वसेको सौतेनी आमा,
(द) भिन्न बसेका दाजुभाई, अविवाहिता दिदी, वहिनी,
(ध) विवाहिता दिदी, बहिनी, भिन्न वसेका बाजे, बज्यै, नातिनी वुहारी भतिजा, अविवाहित भतिजी।"

१२ बालवालिका सम्वन्धी ऐन, २०४८ मा संशोधन : बालवालिका सम्वन्धी ऐन, २०४८ को,–

(क) दफा ३ को उपदफा (१) रहेको "बाबु भए बाबुले, बाबु नभए आमाले र आमा पनि नभए" भन्ने शव्दहरुको सट्टा "बावु वा आमाले र बाबुआमा दुवै नभए" भन्ने शव्दहरु राखिएका छन्।
(ख) दफा १० को पहिलो हरफमा रहेको "अवस्थामा" भन्ने शव्दपछि "बाबु, आमा र बाजेबज्यैको नाम र" भन्ने शव्दहरु थपिएका छन् ।

१३ पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्वन्धी ऐन, २०४८ मा संशोधन : पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्वन्धी ऐन, २०४८ को दफा २ को खण्ड (घ) मा रहेका "धमपुत्र" भन्ने शव्द पछि "अविवाहित धर्मपुत्री" भन्ने शव्दहरु राखिएका छन् ।

१४ बीमा ऐन, २०४९ मा संशोधन : वीमा ऐन, २०४९ को दफा ३८ को उपदफा (२) को खण्ड "क देखि झ" को सट्टा देहायको खण्ड "क देखि ध" राखिएका छन् :–

"(क) सगोलको पति वा पत्नी,
(ख) सगोलका छोरा, अविवाहित छोरी, विधवा छोरा वुहारी,
(ग) सगोलको बाबु आमा,
(घ) आफैले पालन पोषण गर्नु पर्ने बाजे, बज्यै, महिलाको हकमा सासु ससुरा र छोरा पट्टि नाति र अविवाहित नातिनी,
(ङ) भिन्न बसेको पति वा पत्नी,
(च) भिन्न बसेको छोरा वा अविवाहिता छोरी, विधवा छोरा बुहारी,
(छ) भिन्न बसेका बाबु आमा,
(ज) सगोलको सौतेनी छोरा, अविवाहित सौतेनी छोरी,
(झ) सगोलको सौतनी आमा,
(ञ) सगोलको दाजु, भाई, अविवाहित दिदी वहिनी,
(ट) महिलाको हकमा भिन्न बसेका सासु, ससुरा,
(ठ) विवाहिता छोरी,
(ड) सगोलको भतिजा, अविवाहित भतिजी,
(ढ) भिन्न बसेका छोरापट्टिको नाति, अविवाहित नातिनी,
(ण) सगोलको काका, विधवा काकी, भाउज्यू, भाई बुहारी,
(त) भिन्न बसेको सौतेनी छोरा, अविवाहित सौतेनी छोरी,
(थ) भिन्न वसेको सौतेनी आमा,
(द) भिन्न बसेका दाजुभाई, अविवाहिता दिदी, वहिनी,
(ध) विवाहिता दिदी, बहिनी, भिन्न वसेका बाजे, बज्यै, नातिनी वुहारी भतिजा, अविवाहित भतिजी।"

१५ महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्वन्धी ऐन, २०५२ मा संशोधन : महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्वन्धी ऐन, २०५२ को दफा १० को उपदफा (२) को ठाउँ ठाउँमा रहेको "श्रीमती" भन्ने शव्दपछि "वा श्रीमान" भन्ने शव्दहरु थपिएका छन् ।

१६ संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त सुविधा सम्वन्धी ऐन, २०५३ मा संशोधन : संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त सुविधा सम्वन्धी ऐन, २०५३ को दफा १३ को उपदफा (२) को ठाउँ ठाउँमा रहेका "श्रीमती" भन्ने शव्द पछि "वा श्रीमान्" भन्ने शव्दहरु थपिएका छन् ।

१७ संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवका पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्वन्धी ऐन, २०५५ मा संशोधन : संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवका पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्वन्धी ऐन, २०५५ को दफा १५ को उपदफा (२) को ठाउँ ठाउँमा रहेका "श्रीमती" भन्ने शव्द पछि "वा श्रीमान" भन्ने शव्दहरु थपिएका छन् ।

१८ आदिवासी /जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा संशोधन : आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा ७ को उपदफा (३) को प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ ।

# ७. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५

प्रमाणीकरण मिति :२०६५।८।९

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ सम्झनु पर्छ ।

(ख) "राष्ट्रिय समिति" भन्नाले नियम ३ बमोजिमको समिति सम्झनु पर्छ ।

(ग) "जिल्ला समिति" भन्नाले नियम ५ बमोजिमको समिति सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सम्झनुपर्छ ।

३. राष्ट्रिय समितिको गठन: (१) ऐनको दफा २३ बमोजिमको राष्ट्रिय समितिमा देहायका अध्यक्ष र सदस्य रहनेछन् :–

| | | |
|---|---|---|
| (क) | सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | अध्यक्ष |
| (ख) | सहसचिव, श्रम मन्त्रालय | सदस्य |
| (ग) | सहसचिव, गृह मन्त्रालय | सदस्य |
| (घ) | सहसचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| (ङ) | सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| (च) | प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| (छ) | मानव बेचबिखन तथा ओसापसार विरुद्धको क्षेत्रमा कार्यरत संस्था वा व्यक्तिहरु मध्येबाट यथासम्भव समावेशी सिद्धान्तका आधारमा मन्त्रालयले मनोनीत गरेको तीन जना महिला | सदस्य |
| (ज) | मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको दुई जना महिला | सदस्य |
| (झ) | सहसचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | सदस्य–सचिव |

(२) उपनियम (१) को खण्ड (छ) र (ज) बमोजिमका सदस्यहरुको पदावधि चार वर्ष हुनेछ।

(३) उपनियम (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च) र (झ) बमोजिमको सदस्यमा सम्बन्धित निकायले उपलब्ध भएसम्म महिलालाई मनोनयन गर्नु पर्नेछ ।

४. राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार : (१) राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ख) स्वीकृत भएको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा कार्यान्वयनको अनुगमन गर्ने,

(ग) विदेशमा अलपत्र परेका पीडितको उद्धार गर्ने तथा निजको सहमतिमा स्वदेश फर्काउने,

(घ) नेपाल सरकारले दिएको निर्देशन बमोजिम केन्द्रले गरेको काम कारबाहीको अनुगमन गराउने तथा आवश्यक निर्देशन दिने,

(ङ) जिल्ला समितिको काम कारबाहीको समन्वय तथा अनुगमन गर्ने,

(च) मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने,

(छ) नेपाल पक्ष भएका मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित अन्तर्राष्ट्रिय तथा क्षेत्रीय

सन्धि सम्झौता अन्तर्गतका दायित्वहरु कार्यान्वयनको अनुगमन गर्ने,

(ज) सीपमूलक तालीम लिएका व्यक्ति मध्ये बीउ पूँजी (सिडमनी) उपलब्ध गराउने सम्बन्धी मापदण्ड बनाइ लागू गर्ने,

(झ) केन्द्र सञ्चालन निर्देशिका बनाई जारी गर्ने ।

(२) राष्ट्रिय समितिले उपनियम (१) को खण्ड (ग) बमोजिम उद्धार कार्य गर्दा संघ संस्थाहरुसँग समन्वय गरी गर्नेछ ।

(३) ऐन तथा यस नियमावली बमोजिम गरिने उद्धारसँग सम्बन्धित सम्पूर्ण कार्यको अभिलेख राखिनेछ । यसरी अभिलेख राख्दा उद्धार गरिएका व्यक्तिको पहिचान र विवरण गोप्य रहनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकार प्राप्त निकायबाट माग गरेका अवस्थामा त्यस्तो अभिलेख उपलब्ध गराउन सकिनेछ ।

(५) राष्ट्रिय समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

५. बैठक सम्बन्धी कार्यविधि : (१) राष्ट्रिय समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(२) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा राष्ट्रिय समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) बैठकको अध्यक्षता राष्ट्रिय समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्ये वरिष्ठ सदस्यले गर्नेछ । बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकका अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(४) बैठक सम्वन्धी अन्य कार्यविधि राष्ट्रिय समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. जिल्ला समितिको गठनः (१) ऐनको दफा २३ बमोजिमको जिल्ला समितिमा देहायका अध्यक्ष र सदस्य रहनेछन् :–

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| (ख) | जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय | सदस्य |
| (ग) | जिल्ला प्रहरी कार्यालयको प्रमुख | |
| (घ) | मानव बेचबिखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा जिल्लामा कार्यरत व्यक्ति वा संस्थाहरुमध्येबाट समावेशी सिद्धान्तका आधारमा प्रमुख जिल्ला अधिकारीद्वारा मनोनीत तीन जना महिला | सदस्य |
| (ङ) | प्रतिनिधि, नेपाल पत्रकार महासंघ जिल्ला कार्यसमिति | सदस्य |
| (च) | महिला विकास अधिकृत | सदस्य-सचिव |

(२) जिल्ला समितिमा जिल्ला विकास समितिको सभापति आमन्त्रित सदस्यको रुपमा रहनेछ।

७. जिल्ला समितिको काम, कर्तव्य र अधिकार : (१) जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) ऐन तथा यस नियमावली बमोजिम उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ख) स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरुको गठन गरी परिचालन गर्ने,

(ग) राष्ट्रिय समितिले दिएको निर्देशन बमोजिम जिल्लास्थित पुर्नस्थापना केन्द्रको अनुगमन गर्ने,

(घ) मानव बेचबिखन तथा ओसापसार विरुद्ध जनचेतना अभिबृद्धि गराउने,

(ङ) राष्ट्रिय समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने,

(च) जिल्लाभित्र मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको उद्धार

(छ) गर्ने,
मानव बेचबिखन तथा ओसारपसारका विरुद्ध जिल्लामा कार्यरत संघसंस्थाहरु बीच समन्वय गर्ने,

(ज) मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र प्रत्येक तीन महिनामा सो सम्बन्धी प्रतिवेदन राष्ट्रिय समितिमा पठाउने ।

(२) जिल्ला समितिको सदस्य-सचिवले ऐन तथा यस नियमावली बमोजिम आफूले गरेका काम कारबाहीको विवरण समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

८. बैठक सम्बन्धी कार्यविधि : (१) जिल्ला समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(२) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा जिल्ला समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) बैठकको अध्यक्षता जिल्ला समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थित सदस्य मध्ये वरिष्ठ सदस्यले गर्नेछ । बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकका अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(४) बैठक सम्बन्धी अन्य कार्यविधि जिल्ला समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. उजुर गर्ने व्यक्तिको गोप्यता : (१) ऐनको दफा ३ बमोजिम उजुर गर्ने व्यक्तिले आफ्नो नाम राखिदिन अनुरोध गरेमा उजुरकर्ताको काल्पनिक नाम राखी उजुर दर्ता गर्ने व्यवस्था उजूर दत गर्ने प्रहरी कार्यालयले मिलाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गोप्य राखिएको नाम अनुसन्धान, अभियोजन र न्याय निरोपणको सिलसिलामा माग भएको अवस्थामा बाहेक कसैले खुलासा गर्नु हुँदैन ।

१०. दोभाषे वा अनुवादक सम्बन्धी व्यवस्था : (१) जिल्ला समितिले अड्डा अदालतको काम कारबाही भाषा अनुवाद गर्न सक्ने विज्ञ वा दोभाषेको सूची तयार गरी अद्यावधिक गर्नु पर्नेछ

(२) उपनियम (१) बमोजिमको सूची तयार गर्दा जिल्ला समितिले सार्वजनिक सूचना प्रकाशन गरी इच्छुक व्यक्तिहरुको दक्षताको आधारमा गर्नेछ ।

(३) अड्डा अदालतको काम कारबाहीको भाषा नबुझ्ने पीडितले दोभाषे वा अनुवादक राख्नु पर्ने भएमा पीडितले जिल्ला समिति समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम पीडितले अनुरोध गरेमा जिल्ला समितिले उपनियम (१) बमोजिमको सूचीमा नाम समावेश भएका व्यक्तिहरु मध्येबाट पीडितले चाहेको व्यक्तिलाई दोभाषे वा अनुवादकका रुपमा काम गर्ने गरी तोक्न सक्नेछ ।

११. केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था : (१) जिल्ला समितिले पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउन केन्द्रको स्थापना र सञ्चालन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्थापना भएका केन्द्रको व्यवस्थापन निश्चित अवधिका लागि शर्तहरु तोकी करारमा जिल्ला समितिले निजी वा गैरसरकारी संस्थालाई दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम व्यवस्थापन करारमा दिँदा केन्द्रलाई बढी आर्थिक र प्राविधिक योगदान दिने संस्थालाई प्राथमिकता दिनु पर्नेछ ।

(४) ऐनको दफा १३ को उपदफा (२) बमोजिम केन्द्र स्थापना र सञ्चालन गर्न चाहने संस्थाले देहायका विवरण खोली अनुसूची-१ बमोजिमको ढाँचामा जिल्ला समितिसमक्ष निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको विधान र दर्ता प्रमाणपत्रको प्रतिलिपी,
(ख) केन्द्र स्थापना हुने स्थान र त्यस्तो केन्द्रको क्षमता लगायतका भौतिक पूर्वाधारको विवरण,
(ग) केन्द्रको लागि आवश्यक जनशक्तिको विवरण,
(घ) आर्थिक श्रोतको विवरण ।

(५) उपनियम (४) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी नियम १२ बमोजिमको पूर्वाधार तथा सुविधा भएको वा हुन सक्ने देखिएमा जिल्ला समितिले त्यस्तो संस्थालाई केन्द्रको स्थापना र सञ्चालन गर्न अनुसूची-२ बमोजिमको ढाँचामा स्वीकृतिको प्रमाणपत्र दिनेछ ।

(६) यो नियमावली प्रारम्भ हुँदाका बखत सञ्चालन भई रहेका केन्द्रका सञ्चालकले छ महिनाभित्र यस नियम बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(७) जिल्ला समितिले यस नियमावली विपरीत केन्द्र स्थापना र सञ्चालन गर्ने वा नियम १२ मा तोकिएको मापदण्ड पूरा नगर्ने वा राष्ट्रिय समिति वा जिल्ला समितिलेदिएको निर्देशन पालना नगर्ने केन्द्रको सञ्चालनमा रोक लगाउन, निश्चित अवधिका लागि निलम्बन गर्न वा स्वीकृति रद्द गर्न सक्नेछ । यसरी केन्द्रको स्वीकृति रद्द गर्नु अघि त्यस्तो केन्द्रलाई सुनुवाइको मौका पर्नेछ ।

१२. केन्द्रको व्यवस्थापन : (१) केन्द्र सञ्चालन गर्ने संस्थाले केन्द्रको व्यवस्थापनका लागि एक व्यवस्थापन समिति गठन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समितिको कुल संख्यामध्ये कम्तीमा पचास प्रतिशत महिला हुनु पर्नेछ ।

(३) केन्द्रले आफूले प्रदान गर्ने सेवासँग सम्बन्धित विषयमा दक्षता र अनुभव भएका व्यक्तिहरुबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) केन्द्रमा रहेका प्रत्येक पीडितहरुको छुट्टा छुट्टै व्यक्तिगत विवरणको अभिलेख राख्नु पर्नेछ।

१३. केन्द्रको सञ्चालन मापदण्ड : (१) ऐन तथा यस नियमावली बमोजिम स्थापना हुने केन्द्रले देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछः–

(क) पीडितलाई राख्न न्यूनतम आधारभूत सुविधा सहितको भौतिक संरचना भएको,

(ख) पीडितलाई मनोसामाजिक विमर्श र स्वास्थ्य सेवा समेतको परामर्श सेवा उपलब्ध गराउन सक्ने,

(ग) पीडितलाई आवश्यकता अनुसार औषधोपचारको सेवा प्रदान गर्न वा सोको प्रवन्ध गर्नसक्न

(घ) पीडितलाई आवश्यकता अनुसार कानूनी सेवा प्रदान गर्न वा सोको प्रवन्ध गर्न सक्ने,र

(ङ) पीडितलाई शिक्षाको आवश्यक प्रवन्ध गर्न सक्ने ।

(२) केन्द्रले नियम ४ को उपनियम (१) को खण्ड (झ) बमोजिम जारी भएको पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका पालना गर्नु पर्नेछ ।

१४. केन्द्रको अनुगमनः (१) ऐन तथा यस नियमावली बमोजिम केन्द्र सञ्चालन भए नभएको सम्बन्धमा राष्ट्रिय समितिले आवश्यकता अनुसार र जिल्ला समितिले कम्तीमा छ महिनाको एक पटक निरीक्षण र अनुगमन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण र अनुगमन गर्न खटिएको पदाधिकारीले अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित समितिसमक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ । जिल्ला समितिले आफूसमक्ष प्राप्त अनुगमन प्रतिवेदन राष्ट्रिय समितिमा पठाउनु पर्नेछ ।

१५. सीपमूलक तालीमः (१) केन्द्रले राष्ट्रिय समिति तथा जिल्ला समितिसँग समन्वय गरी केन्द्रमा रहेका पीडितहरुका लागि सीपमुलक तालीमको व्यवस्था गर्नुपर्नेछ ।

(२) नियम ४ को उपनियम (१) को खण्ड (ज) बमोजिम लागू भएको मापदण्डको आधारमा जिल्ला समितिले तालीमप्राप्त व्यक्तिहरुको छनौट गरी निजहरुलाई बीउ पूँजी (सिड मनी) उपलब्ध गराउन वा यस्तो पुँजी उपलब्ध गराउन सक्ने बैंक वा वित्तीय संस्था वा कार्यक्रमसँग समन्वय गरिदिनेछ।

(३) यस नियम बमोजिम तालीमप्राप्त व्यक्तिहरुलाई केन्द्रले रोजगार बजार सम्बन्धी सूचना प्रवाह तथा रोजगारीको लागि सहजीकरण गर्नु पर्नेछ ।

१६. पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलनः (१) ऐन तथा यस नियमावली बमोजिम उद्धार गरिएका पीडित तथा निजसँग रहेका नाबालकलाई तिनीहरुको पुर्नस्थापना तथा पारिवारिक पुनर्मिलन

नहुञ्जेलसम्मकालागि केन्द्रमा राख्ने व्यवस्था गरिनेछ ।

(२) उपनियम (१) बमोजिमका व्यक्तिहरुलाई केन्द्रले निजको घर परिवारको खोजतलास गरी परिवारिक पुनर्मिलन गराउनु पर्नेछ । केन्द्रले यस्तो पारिवारिक पुनर्मिलन गराउँदा पीडित तथा निजको परिवारका सदस्यलाई आवश्यक परामर्श दिने, सहजीकरण गर्ने लगायतका आवश्यक उपायको अवलम्बन गर्नेछ ।

(३) उपनियम (१) बमोजिम तत्कालका लागि केन्द्रमा राखिएका पीडितलाई छ महिना भन्दा बढी अवधि केन्द्रमा राखिने छैन ।

तर उद्धार गरिएको व्यक्ति नाबालिग रहेछ भने निजलाई वैकल्पिक व्यवस्था गरी बालबालिकाका निम्ति स्थापित केन्द्रमा स्थानान्तरण गरिनेछ ।

१७. पुनर्स्थापना कोषको व्यवस्थापन र सञ्चालनः (१) केन्द्रीय स्तरको पुनर्स्थापना कोष राष्ट्रिय समिति अन्तर्गत रहनेछ ।

(२) राष्ट्रिय समितिले जिल्ला समिति अन्तर्गत रहने गरी आवश्यकता अनुसार पुर्नस्थापना कोषको स्थापना गर्न सक्नेछ ।

(३) पुनर्स्थापना कोषको रकम ऐन तथा यस नियमावली बमोजिम पीडितको उद्धार र पुनर्स्थापना गर्नमा मात्र खर्च गरिनेछ ।

(४) जिल्ला स्तरको कोषमा केन्द्रीय स्तरको कोषको रकम मध्येबाट राष्ट्रिय समितिले तोकेका रकम र जिल्ला समितिले स्थानीय स्तरमा प्राप्त रकम रहनेछ ।

(५) राष्ट्रिय स्तरको पुनर्स्थापना कोषको खाता सञ्चालन राष्ट्रिय समितिको सदस्य–सचिव र मन्त्रालयको आर्थिक शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(६) जिल्ला स्तरको पुनर्स्थापना कोषको खाता सञ्चालन जिल्ला समितिको सदस्य–सचिव र महिला विकास शाखाको आर्थिक प्रशासन शाखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१८. केन्द्र बन्द गर्ने सम्बन्धी व्यवस्था : (१) सञ्चालनमा रहेको केन्द्र बन्द गर्नु परेमा सोही व्यहोरा खुल केन्द्रले जिल्ला समिति समक्ष निवेदन दिनु पर्नेछ । यसरी निवेदन दिँदा उक्त केन्द्रमा बसी पुनर्मिलन तथा पुनर्स्थापना भएका सम्पूर्ण पीडितहरुको व्यक्तिगत विवरण समेत सम्लग्न गर्नु पर्नेछ ।

तर त्यसरी निवेदन दिँदा केन्द्रमा रहेका सम्पूर्ण पीडितहरुको पारिवारिक पुनर्मिलन र सामाजिक पुनर्स्थापनको व्यवस्था गरिसकेको हुनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा जिल्ला समितिले आवश्यक जाँचबुझ गरी आफ्नो लगतबाट सो केन्द्रको नाम कट्टा गर्नेछ ।

१९. आचारसंहिता पालना गर्नु पर्नेः केन्द्रले जिल्ला समितिले तोकेको मापदण्डका आधारमा केन्द्रक व्यवस्थापन समितिका पदाधिकारी तथा सेवा प्रदान गर्ने अन्य व्यक्तिले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्नेछ ।

२०. अनुसूचीमा हेरफेर तथा थपघटः मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

अनुसूची-१
(नियम १० को उपनियम (४) सँग सम्बन्धित)
पुनर्स्थापना केन्द्र सञ्चालनको स्वीकृतिको निवेदन

मितिः

विषयः केन्द्र स्थापना /सञ्चालनको स्वीकृति ।

श्री संयोजकज्यू
मानव बेचबिखन तथा ओसापसार विरुद्धको जिल्ला समिति
...................

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ बमोजिम पुनर्स्थापना केन्द्र स्थापना/ सञ्चालन गर्न देहायको विवरण भएको हाम्रो संस्था इच्छुक भएकाले स्वीकृतिका लागि निवेदन गर्दछौं ।

(क) संस्थाको नामः

(ख) संस्थाको ठेगानाः

(ग) संस्थाका पदाधिकारीको नाम, थर र ठेगानाः

(घ) सम्पर्क गर्नु पर्ने व्यक्तिः

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५, सो अन्तर्गत बनेको निर्देशिका तथा राष्ट्रिय समिति र जिल्ला समितिले दिएको निर्देशन बमोजिम पुनर्स्थापना केन्द्र स्थापना/ सञ्चालन गर्न मञ्जूर गर्दछु ।

संस्थाको
आधिकारप्राप्त व्यक्तिको,
दस्तखतः
नाम, थरः
सम्पर्क ठेगानाः

अनुसूची-२

(नियम १० को उपनियम (५) सँग सम्बन्धित)

केन्द्र स्थापना /सञ्चालनको स्वीकृतिको प्रमाणपत्र

..............................................(संस्थाको नाम) लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ बमोजिम पुनर्स्थापना केन्द्र स्थापना/ सञ्चालन गर्न स्वीकृतिको प्रमाणपत्र प्रदान गरिएको छ ।

मितिः

स्वीकृति दिने अधिकारी

अनुसूची-३
(नियम १३ को उपनियम (२) सँग सम्बन्धित)
पुनर्स्थापना केन्द्रको अनुगमन प्रतिवेदन

राष्ट्रिय समिति/जिल्ला समितिको मिति ........................ निर्णयानुसार मलाई देहायको पुनर्स्थापना केन्द्रको अनुगमन गर्न खटाइएकोमा सो बमोजिम अनुगमन गरी देहायको प्रतिवेदन पेश गरेको छ

१. पुनर्स्थापना केन्द्रको नाम र ठेगानाः

२. पुनर्स्थापना केन्द्रमा रहेका पीडितहरुको संख्याः

(क) बालक

(ख) बालिका

(ग) महिला

(घ) अन्य

३. ऐन, नियमावली र निर्देशिका बमोजिमको मापदण्डको पालनाको स्थितिः

(क)

(ख)

(ग)

४. पुनर्स्थापना केन्दलाई यस अघि दिइएका निर्देशनको पालनाको स्थिति

५. अन्य आवश्यक कुराहरु

६. राय सुझाव

# ८. घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७

प्रमाणिकरण मितिः २०६७।५।१

घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "उजूरी" भन्नाले ऐनको दफा ४ को उपदफा (१) वा दफा ५ को उपदफा (२) बमोजिम परेको उजूरी सम्झनु पर्छ ।

(ख) "उजूरीकर्ता" भन्नाले उजूरी दिने व्यक्ति सम्झनु पर्छ ।

(ग) "उजूरी सुन्ने निकाय" भन्नाले प्रहरी कार्यालय, राष्ट्रिय महिला आयोग, स्थानीय निकाय वा अदालत सम्झनु पर्छ ।

(घ) "ऐन" भन्नाले घरेलु हिंसा (कसुर र सजाय ) ऐन, २०६६ सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले नियम १३ बमोजिमको सेवा कोष व्यवस्थापन तथा सञ्चालन समिति सम्झनु पर्छ ।

(छ) "स्वास्थ्य केन्द्र" भन्नाले अस्पताल, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी समेत सम्झनु पर्छ।

(ज) "सेवा केन्द्र" भन्नाले ऐनको दफा ११ बमोजिम स्थापना भएको सेवा केन्द्र सम्झनु पर्छ ।

(झ) "सेवा कोष" भन्नाले ऐनको दफा १२ को उपदफा (१) बमोजिम स्थापना भएको सेवा कोष सम्झनु पर्छ ।

३. उजूरी सम्बन्धी व्यवस्था : (१) कसैले घरेलु हिंसाका सम्बन्धमा उजूरी दिन चाहेमा अनुसूची-१ बमोजिमको ढाँचामा उजूरी सुन्ने निकाय समक्ष उजूरी दिनु पर्नेछ ।

(२) कसैले घरेलु हिंसाका सम्बन्धमा मौखिक उजूरी दिएकोमा उजूरी सुन्ने निकायले त्यस्तो मौ उजूरीलाई अनुसूची-१ बमोजिमको ढाँचामा लेखी लेखाई उजूरीकर्ताको सहीछाप गराउनु पर्ने

(३) उपनियम (१) वा (२) बमोजिम उजूरी प्राप्त भएमा उजूरी सुन्ने निकायले त्यस्तो उजूरी नियम ४ बमोजिमको दर्ता किताबमा दर्ता गरी उजूरीकर्तालाई अनुसूची-२ बमोजिमको ढाँचामा भरप दिनु पर्नेछ ।

(४) कसैले घरेलु हिंसा सम्बन्धमा अदालत र अन्य उजूरी सुन्ने निकायमा समेत उजूरी दिएमा अदालतमा दिएको उजूरी उपर मात्र कारबाही गरिनेछ ।

(५) कसैले घरेलु हिसा सम्बन्धमा अदालत बाहेक एक भन्दा बढी उजूरी सुन्ने निकायमा उजूरी दिएमा पीडितले रोजेको कुनै एक निकायको उजूरी उपर मात्र कारबाही गरिनेछ ।

(६) घरेलु हिसां सम्बन्धमा पीडित र अन्य व्यक्ति दुवैको उजूरी परेमा पीडितले दिएको उजूरी उपर मात्र कारबाही गरिनेछ ।

(७) उपनियम (४), (५) वा (६) बमोजिम कुनै एक उजूरी उपर मात्र कारबाही गर्नु पर्ने भएमा

त्यस्तो उजूरी सुन्ने निकायले सो कुराको जानकारी सम्बन्धित उजूरी सुन्ने निकायलाई दिनु प

(८) उपनियम (७) बमोजिम जानकारी प्राप्त भएमा त्यस्तो उजूरी सुन्ने निकायले सो व्यहोरा उजूरी दर्ता किताबमा जनाई उजूरीको लगत कट्टा गर्नु पर्नेछ।

४. उजूरी दर्ता किताव : उजूरी सुन्ने निकायले उजूरी दर्ता गर्ने प्रयोजनको लागि अनुसूची-३ बमोजिमको उजूरी दर्ता किताब राख्नु पर्नेछ।

५. पीडितसँग सोधपुछ गर्न सक्ने : (१) कुनै उजूरी पीडित बाहेक अन्य व्यक्तिले दिएको भए उजूरी सुन्ने निकायले आवश्यकतानुसार सम्बन्धित पीडितलाई आफू समक्ष झिकाई सोधपुछ गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम गरिएको सोधपुछ सम्बन्धी कारबाही सम्बन्धित उजूरी सुन्ने निकायले गोप्य राख्न सक्नेछ।

६. स्वास्थ्य परीक्षण सम्बन्धी व्यवस्था : (१) पीडकले पीडितलाई शारीरिक चोटपटक वा मानसिक यातना दिएको व्यहोरा उजूरीमा उल्लेख भएमा उजूरी सुन्ने निकायले त्यस्तो पीडितलाई तत्काल् स्वास्थ्य परीक्षणको लागि नजिकको वा पायक पर्ने अस्पताल वा स्वास्थ्य केन्द्रमा अनुरोध गरी पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम स्वास्थ्य परीक्षणको लागि अनुरोध भई आएमा त्यस्तो अस्पताल वा स्वास्थ्य केन्द्रले तत्काल् पीडितको उपचार गरी घाँ जाँच लगायत स्वास्थ्य परीक्षण सम्बन्धी प्रतिवेदन सम्बन्धित उजूरी सुन्ने निकायलाई दिनु पर्नेछ।

७. सुरक्षा सम्बन्धी व्यवस्था : (१) उजूरी दिँदा वा उजूरीको कारबाहीको सिलसिलामा पीडकबाट पीडित वा निजसँग आश्रित अन्य कुनै व्यक्तिलाई थप शारीरिक चोटपटक वा मानसिक यातना हुन सक्ने सम्भावना भएमा उजूरीकर्ताले त्यसको पर्याप्त र विश्वसनीय आधार खुलाई सुरक्षाको लागि उजूरी सुन्ने निका समक्ष अनुरोध गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सुरक्षा माग भएमा र उजूरीकर्ताको माग बमोजिम पीडित वा निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्नु पर्ने देखिएमा उजूरी सुन्ने निकायले त्यस्तो व्यक्तिको सुरक्षाको नजिकको प्रहरी कार्यालय समक्ष लेखी पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो व्यक्तिलाई तत्काल् देहाय बमोजिमको सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ :-

(क) पीडित वा निजसँग आश्रित व्यक्तिलाई अस्थायीरुपमा सुरक्षित स्थान वा सेवा केन्द्रमा बस्ने व्यवस्था मिलाउने,

(ख) पीडकबाट थप शारीरिक चोटपटक वा मानसिक यातना हुन नपाउने व्यवस्था गर्ने।

८. उजूरी सहितको मिसिल पठाउने : (१) ऐनको दफा ४ को उपदफा (४) वा (५) बमोजिम झिकाउँदा पीडक उपस्थित नभएमा, पीडकलाई उपस्थित गराउन नसकिएमा वा पीडित र पीडक बीच मेलमिलाप हुन नसकेमा स्थानीय निकाय वा प्रहरी कार्यालयले ऐनको दफा ४ को उपदफा (११) बमोजिमको म्यादभित्र सोही व्यहोरा उल्लेख गरी अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित अदालत समक्ष उजूरी सहितको मिसिल पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम उजूरी सहितको मिसिल प्राप्त भएमा अदालतले सो उजूरी उपर आवश्यक कारबाही र किनारा गरी सोको जानकारी त्यसरी उजूरी पठाउने स्थानीय निकाय वा प्रहरी कार्यालयमा दिनु पर्नेछ।

९. स्वीकृति लिनु पर्ने : (१) ऐनको दफा ११ को उपदफा (२) बमोजिम कुनै संस्थाले सेवा केन्द्र स्थाप गरी सञ्चालन गर्न चाहेमा स्वीकृतिको लागि अनुसूची-५ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा त्यस्तो संस्थाले नियम १० बमोजिमको मापदण्ड पूरा गरेको देखिएमा मन्त्रालयले सो संस्थालाई आवश्यक शर्त तोकी अनुसूची-६ बमोजिमको ढाँच सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न स्वीकृति दिनेछ ।

१०. मापदण्ड पूरा गरेको हुनु पर्ने : सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्नको लागि मन्त्रालयले तोके बम देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) न्यूनतम आधारभूत सुविधा सहितको भौतिक संरचना,

(ख) न्यूनतम स्वास्थ्य सेवा तथा सुरक्षाको व्यवस्था,

(ग) पीडितको लागि आवश्यकतानुसार मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र कानूनी सहायता उपलब्ध गराउने व्यवस्था,

(घ) पीडितलाई आर्थिक सहायता उपलब्ध गराउन सक्ने क्षमता,

(ङ) मन्त्रालयले तोकेका अन्य मापदण्ड ।

११. निरीक्षण वा अनुगमन गर्ने : (१) सेवा केन्द्रको निरीक्षण वा अनुगमन मन्त्रालय आफैले गर्न वा मन्त्रालयले आफ्नो मातहतको कुनै निकाय वा कर्मचारीलाई सो कार्य गर्न आवश्यकता अनुसार खटाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सेवा केन्द्रको निरीक्षण वा अनुगमन गर्न मन्त्रालयले आफ्नो मातहतको कुनै निकाय वा कर्मचारीलाई खटाएमा सो निकाय वा कर्मचारीले सो को प्रतिवेदन मन्त्रालय समक्ष पे गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सेवा केन्द्रको निरीक्षण वा अनुगमन गर्दा कुनै सेवा केन्द्रले नियम १० बमोजिम निर्धारित मापदण्ड पूरा नगरेको वा मन्त्रालयले तोकेको शर्तहरु पालना नगरेको देखि मन्त्रालयले त्यस्तो मापदण्ड पूरा गर्न र शर्तहरु पालना गर्न सम्बन्धित सेवा केन्द्रलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित सेवा केन्द्रको कर्तव्य हुने

(५) उपनियम (३) बमोजिम दिइएको निर्देशन कुनै सेवा केन्द्रले पालना नगरेमा मन्त्रालयले त्यस्ता सेवा केन्द्रको स्वीकृति रद्द गर्न सक्नेछ ।

तर त्यसरी स्वीकृति रद्द गर्नु अघि सम्बन्धित सेवा केन्द्रलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

१२. संरक्षण अधिकृतको व्यवस्थाः (१) घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा समन्वय गर्ने कार्य समेतको लागि प्रत्येक महिला विकास कार्यालयमा एकजना महिला संरक्षण अधिकृत रहनेछ ।

(२) उपनियम (१) बमोजिम संरक्षण अधिकृतको व्यवस्था नभएसम्म सम्बन्धित महिला विकास अधिकृतले संरक्षण अधिकृतको समेत काम गर्नेछ ।

(३) उपनियम (१) बमोजिमको संरक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिमहुनेछः-

(क) घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा जिल्लास्तरमा सम्पर्क विन्दुको रुपमा काम

गर्ने,

(ख) उजूरी सुन्ने निकाय र सेवा केन्द्रसँग समन्वय कायम राख्ने,

(ग) पीडितलाई कानूनी सहायता प्रदान गर्ने,

(घ) पीडित र पीडकलाई आवश्यकतानुसार मनोविमर्श एवं मनोवैज्ञानिक सेवा उपलब्ध गराउने,

(ङ) घरेलु हिंसाको विवरण अध्यावधिक गर्ने,

(च) मन्त्रालयले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) पीडितलाई कानूनी सहायता प्रदान गर्ने प्रयोजनको लागि मन्त्रालयले आवश्यकता अनुसार कानूनी सहायता समिति गठन गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिमको कानूनी सहायता समितिको गठन प्रक्रिया तथा काम, कर्तव्य र अधिकार मन्त्रालयले तोके बमोजिम हुनेछ ।

१३. समिति सम्बन्धी व्यवस्थाः (१) सेवा कोषको व्यवस्थापन तथा सञ्चालन गर्नको लागि एक सेवा कोष व्यवस्थापन तथा सञ्चालन समिति रहनेछ ।

(२) समितिमा देहायका सदस्यहरु रहनेछन्:-

(क) सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सहसचिव, गृह मन्त्रालय - सदस्य

(घ) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(ङ) सहसचिव, स्थानीय विकास मन्त्रालय - सदस्य

(च) सहसचिव, , महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय - सदस्य

(छ) महानिर्देशक, महिला विकास विभाग - सदस्य

(ज) प्रतिनिधि, राष्ट्रिय महिला आयोग - सदस्य

(झ) प्रहरी नायव महानिरीक्षक, महिला बालबालिका सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय - सदस्य

(ञ) मन्त्रालयले तोकेको सेवा केन्द्रको एक जना प्रतिनिधि - सदस्य

(ट) उपसचिव (कानून), महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय - सदस्य- सचिव

(३) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको प्रशासनिक खर्च सेवा कोषबाट व्यहोरिने छ ।

तर सो खर्च सेवा कोषको कूल बजेटको दश प्रतिशत भन्दा बढि हुने छैन ।

(५) समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

१४. सेवा कोषको खाता सञ्चालनः (१) कोषलाई आवर्ति (रिभल्विङ्ग) कोषको रुपमा सञ्चालन गरिनेछ ।

(२) सेवा कोषमा जम्मा भएको रकम समितिले तोकेको कुनै वाणिज्य बैंकमा खाता खोली जम्म गरिनेछ ।

(३) उपनियम (२) बमोजिम खोलिएको खाताको सञ्चालन समितिले तोके बमोजिम हुनेछ ।

१५. सेवा कोषको प्रयोगः सेवा कोषमा जम्मा भएको रकम देहायका कार्यमा खर्च गरिनेछ :-

(क) सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्न,

(ख) पीडितको सुरक्षा तथा औषधि उपचार गर्न,

(ग) पीडितलाई कानूनी सहायता प्रदान गर्न,

(घ) पीडित र पीडकलाई आवश्यकतानुसार मनोविमर्श तथा मनोवैज्ञानिक सेवा प्रदान गर्न,

(ङ) घरेलु हिसां विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गर्न,

(च) घरेलु हिसां सम्बन्धी अन्य आवश्यक कार्यमा खर्च गर्न ।

१६. सेवा कोषको लेखा र लेखापरीक्षणः (१) सेवा कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँच राखिनेछ ।

(२) सेवा कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१७. चेतनामूलक कार्यक्रम सञ्चालन गर्नेः घरेलु हिंसा नियन्त्रणको लागि मन्त्रालय, अन्य सरकारी निकाय वा गैर सरकारी संस्थाले घरेलु हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गर्न वा गराउन सक्नेछन् ।

१८. विवरण अद्यावधिक राख्नु पर्नेः (१) उजुरी सुन्ने निकायमध्ये स्थानीय निकाय र प्रहरी कार्यालयले प्रत्येक बर्ष आफू समक्ष परेको उजूरी र सो उजूरी सम्वन्धी कारवाहीको विवरण मासिकरुपमा जिल्लास्थित महिला विकास कार्यालयमा पठाउनु पर्नेछ ।

(२) सेवा केन्द्रले आफूले वर्षभरीमा पीडितलाई उपलब्ध गराएको सेवा लगायतका विवरण जिल्लास्थित महिला विकास कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम उजूरी सुन्ने निकाय र सेवा केन्द्रबाट प्राप्त भएका विवरण महिला विकास कार्यालयले मन्त्रालय समक्ष पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम महिला विकास कार्यालयबाट प्राप्त भएको विवरण मन्त्रालयले अध्यावधिक गरी राख्नु पर्नेछ ।

१९. अधिकार प्रत्यायोजनः मन्त्रालयले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार आफू मातहतको निकाय वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीम आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

अनुसूची-१

(नियम ३ को उपनियम (१) र (२) सँग सम्बन्धित)

## उजूरीको ढाँचा

श्री ......................................मा चढाएको

## उजूरी

जिल्ला.....................गा.वि.स./न.पा......... वडा नं................................ वस्ने वर्ष.......को .................................. ले मलाई/ जिल्ला.....................गा.वि.स./न.पा......... वडा नं................................ वस्ने वर्ष.......को

..............लाई घरेलु हिंसा सम्बन्धी कसूर गरेकोले आवश्यक कानूनी कारबाहीको लागि देहायको विवरण खुला यो उजूरी गरेको छु।

१. घरेलु हिंसा भएको भैरहेको वा हुन लागेको:

(क) ठाउँ:

(ख) मिति:

(ग) समय:

२. घरेलु हिंसाको प्रकृति :

(क) शारीरिक यातना

(ख) मानसिक यातना

(ग) यौनजन्य यातना

(घ) आर्थिक यातना

(ङ) अन्य

३. घरेलु हिंसाबाट पीडितलाई पर्न गएको असर :

४. उजूरीवाला बाहेक घरेलु हिंसा भएको देख्ने वा थाहा पाउने अन्य व्यक्ति भए निजको नाम, ठेगाना : (क)

(ख)

(ग)

५. कुनै सबुत प्रमाण भए सो कुरा :-

६. अन्य उजूरी सुन्ने निकायमा उजूरी गरेको भए सो निकायको नाम र उजूरी गरेको मिति :

७. माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहने बुझाउने छु।

उजुरी दिनेको,-

दस्तखत:

नाम:

ठेगाना:

मिति:

अनुसूची-२

(नियम ३ को उपनियम (३) सँग सम्बन्धित)

भरपाईको ढाँचा

......................(उजुरीकर्ता) ले मिति .........................मा यस.................मा दिनु भएको घरेलु हिंसा सम्बन्धी उजूरी दर्ता भएकोले यो भरपाई दिइएको छ।

कार्यालयको छाप

उजूरी दर्ता गर्ने कर्मचार

दस्तखत :

नाम :

पद :

कार्यालय :

मिति :

अनुसूची-३

(नियम ४ सँग सम्बन्धित)

उजूरी दर्ता किताबको ढाँचा

...................(कार्यालय/अदालत)

......................................

......................................

आ.व.

| उजुरी दर्ता नं. | उजुरी दर्ता मिति र समय | उजुरवालाको नाम, थर र वतन | पीडितको नाम, थर,वतन,उमेर, लिंग र पेशा | घरेलु हिंसा भएको मिति र समय | हिंसा भएको स्थान पीडितको नाम थर र वतन | घरेलु हिंसाको प्रकृति | पीडक पक्राउ परेको विवरण | कारवाहीको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

अनुसूची-४

(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

उजूरी सहितको मिसिल पठाउने पत्रको ढाँचा

श्री .......................जिल्ला अदालत

...............................................।

विषयः उजूरी सहितको मिसिल पठाइएको बारे ।

यस ..................................(कार्यालय) समक्ष मिति .......................मा .......................... ले ................................. विरुद्ध उजूरी दर्ता गराउनु भएकोमा सो उजूरी सम्बन्धमा पक्षहरु बीच मेलमिलाप हुन नसकेकोले सो उजूरी सहितको मिसिल आवश्यक कारबाहीको लागि यसै पत्र साथ सलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

संलग्न कागजातहरु :

१. उजूरी

२. पीडित तथा पीडकको बयान

३. स्वास्थ्य परीक्षण प्रतिवेदन

४. घा जाँच प्रतिवेदन

५. अन्य प्रमाण

दस्तखत :

नाम :

पद :

मितिः

अनुसूची-५

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न स्वीकृतिको लागि दिइने निवेदनको ढाँचा

मिति ......................

विषय : सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न स्वीकृति पाउँ ।

श्री महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

यस संस्थाले सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न चाहेकोले स्वीकृति पाउनको लागि घरेलु हिंसा ( कसूर तथा सजाय) ऐन, २०६६ तथा घरेलु हिंसा (कसूर तथा सजाय) नियमावली, २०६७ बमोजिम यो निवेदन गरेको छु ।

१. संस्थाको विवरण :-
- (क) संस्थाको नाम :
- (ख) संस्थाको ठेगाना :
- (ग) संस्थाको प्रमुख पदाधिकारीको नाम र ठेगाना
- (घ) सर्म्पक व्यक्ति :

२. प्रस्तावित सेवा केन्द्रको विवरण :-
- (क) सेवा केन्द्र स्थापना स्थापना गरी सञ्चालन गर्न चाहेको स्थान :
- (ख) सेवा केन्द्रको मापदण्ड सम्बन्धी विवरण :
- (ग) सेवा केन्द्रको जनशक्ति :
- (घ) आर्थिक श्रोत :

संलग्न कागजातहरु :

१ संस्थाको विधानको प्रतिलिपि ।
२. संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

संस्थाको अधिकार प्राप्त व्यक्तिको,-

संस्थाको छाप

दस्तखत :
नामः
सम्पर्क ठेगानाः

अनुसूची-६

(नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न दिइएको स्वीकृतिको ढाँचा नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,

सिंहदरवार, काठमाडौं ।

विषयः सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न दिइएको स्वीकृति

श्री.............................. मितिः

............................ ।

. यस मन्त्रालयको मिति........................ को निर्णयानुसार त्यस संस्थालाई घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६ तथा घरेलु हिंसा (कसूर तथा सजाय) नियमावली, २०६७ बमोजिम सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न स्वीकृति दिइएको छ ।

सेवा केन्द्रले पालना गर्नु पर्ने शर्तहरु

(क)

(ख)

(ग)

स्वीकृति दिने अधिकारीको,-

दस्तखतः

नामः

पदः

आज्ञाले,

महेन्द्रप्रसाद श्रेष्ठ

नेपाल सरकारको सचिव

## अनुसूची-१

(नियम ३ को उपनियम (१) र (२) सँग सम्बन्धित)

### उजूरीको ढाँचा

श्री ......................................मा चढाएको

### उजूरी

जिल्ला.....................गा.वि.स./न.पा......... वडा नं................................. वस्ने वर्ष.......को ................................... ले मलाई/ जिल्ला.....................गा.वि.स./न.पा......... वडा नं................................. वस्ने वर्ष.......को

..............लाई घरेलु हिंसा सम्बन्धी कसूर गरेकोले आवश्यक कानूनी कारबाहीको लागि देहायको विवरण खुला यो उजूरी गरेको छु ।

१. घरेलु हिंसा भएको भैरहेको वा हुन लागेको:

(क) ठाउँः

(ख) मितिः

(ग) समयः

२. घरेलु हिंसाको प्रकृति :

(क) शारीरिक यातना

(ख) मानसिक यातना

(ग) यौनजन्य यातना

(घ) आर्थिक यातना

(ङ) अन्य

३. घरेलु हिंसाबाट पीडितलाई पर्न गएको असर :

४. उजूरीवाला बाहेक घरेलु हिंसा भएको देख्ने वा थाहा पाउने अन्य व्यक्ति भए निजको नाम, ठेगाना : (क)

(ख)

(ग)

५. कुनै सबुत प्रमाण भए सो कुरा :-

६. अन्य उजूरी सुन्ने निकायमा उजूरी गरेको भए सो निकायको नाम र उजूरी गरेको मिति :

७. माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहने बुझाउने छु ।

उजुरी दिनेको,-

दस्तखतः

नामः

ठेगानाः

मितिः

अनुसूची-२

(नियम ३ को उपनियम (३) सँग सम्बन्धित)

भरपाईको ढाँचा

……………………(उजुरीकर्ता) ले मिति ………………………मा यस………………मा दिनु भएको घरेलु हिंसा सम्बन्धी उजुरी दर्ता भएकोले यो भरपाई दिइएको छ ।

कार्यालयको छाप

उजूरी दर्ता गर्ने कर्मचार

दस्तखत :

नाम :

पद :

कार्यालय :

मिति :

अनुसूची-३
(नियम ४ सँग सम्बन्धित)
उजूरी दर्ता किताबको ढाँचा

..................(कार्यालय/अदालत)
.....................................
....................................

आ.व.

| उजूरी दर्ता नं. | उजूरी दर्ता मिति र समय | उजूरवालाको नाम, थर र वतन | पीडितको नाम, थर, वतन, उमेर, लिङ्ग र पेशा | घरेलु भएको स्थान, मिति र समय | हिंसापीडकको नाम, थर र वतन | घरेलु हिंसाको प्रकृति | पीडक पक्राउ परेको विवरण | कारबाहीको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

अनुसूची-४

(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

उजूरी सहितको मिसिल पठाउने पत्रको ढाँचा

श्री ........................जिल्ला अदालत

...............................................।

विषयः उजूरी सहितको मिसिल पठाइएको बारे ।

यस ..................................(कार्यालय) समक्ष मिति ........................मा ........................... ले .................................. विरुद्ध उजूरी दर्ता गराउनु भएकोमा सो उजूरी सम्बन्धमा पक्षहरु बीच मेलमिलाप हुन नसकेकोले सो उजूरी सहितको मिसिल आवश्यक कारबाहीको लागि यसै पत्र साथ सलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

संलग्न कागजातहरु :

१. उजूरी

२. पीडित तथा पीडकको बयान

३. स्वास्थ्य परीक्षण प्रतिवेदन

४. घा जाँच प्रतिवेदन

५. अन्य प्रमाण

दस्तखत :

नाम :

पद :

मितिः

अनुसूची-५

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न स्वीकृतिको लागि दिइने निवेदनको ढाँचा

मिति .....................

विषय : सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न स्वीकृति पाउँ ।

श्री महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

यस संस्थाले सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न चाहेकोले स्वीकृति पाउनको लागि घरेलु हिंसा ( कसूर तथा सजाय) ऐन, २०६६ तथा घरेलु हिंसा (कसूर तथा सजाय) नियमावली, २०६७ बमोजिम यो निवेदन गरेको छु ।

१. संस्थाको विवरण :-
(क) संस्थाको नाम :
(ख) संस्थाको ठेगाना :
(ग) संस्थाको प्रमुख पदाधिकारीको नाम र ठेगाना
(घ) सर्म्पक व्यक्ति :

२. प्रस्तावित सेवा केन्द्रको विवरण :-
(क) सेवा केन्द्र स्थापना स्थापना गरी सञ्चालन गर्न चाहेको स्थान :
(ख) सेवा केन्द्रको मापदण्ड सम्बन्धी विवरण :
(ग) सेवा केन्द्रको जनशक्ति :
(घ) आर्थिक श्रोत :

संलग्न कागजातहरु :
१ संस्थाको विधानको प्रतिलिपि ।
२. संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

संस्थाको अधिकार प्राप्त व्यक्तिको,-
दस्तखत :
नाम:
सम्पर्क ठेगाना:

संस्थाको छाप

# ९. लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७

राजपत्रमा प्रकाशन मितिः २०६७ पुस ५

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "लैङ्गिक हिंसा निवारण कोष (संचालन) नियमावली, २०६७ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "कार्यालय" भन्नाले महिला विकास कार्यालय सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष संझनु पर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति संझनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय संझनु पर्छ ।

(ङ) "राहत समिति" भन्नाले नियम ११ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति संझनु पर्छ ।

(च) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा संझनु पर्छ ।

(छ) "सञ्चालक समिति" भन्नाले नियम ६ बमोजिमको कोष सञ्चालक समिति संझनु पर्छ ।

३. कोषको स्थापना : (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (१) बमोजिमको रकम नेपाल राष्ट्र बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको खाताको सञ्चालन संचालक समितिको सदस्य सचिव र मन्त्रालयको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. कोषमा रकम जम्मा गर्ने : महिला हक हीतको क्षेत्रमा नेपाल भित्र कार्यरत अन्तराष्ट्रिय गैर सरकारी संस्थाले बार्षिक रुपमा गर्ने खर्चको मन्त्रालयले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई क जम्मा गर्नु पर्नेछ ।

५. कोषको उपयोग : (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न, (ङ) पुनर्स्थापना गराउन,

(च) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने : (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समिति र राहत समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

७. संञ्चालक समितिको गठन : (१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | अध्यक्ष |
| (ख) | सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | स द स्य |
| (ग) | सहसचिव, अर्थ मन्त्रालय | स द स्य |
| (घ) | सहसचिव ,गृह मन्त्रालय | स द स्य |
| (ङ) | प्रहरी नायब महानिरीक्षक, महिला तथा बालबालिका निर्देशनालय, प्रहरी प्रधान कार्यालय | स द स्य |
| (च) | लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेको संस्था को प्रतिनिधि १ जना | सदस्य |
| (छ) | सहसचिव महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | सदस्य-सचिव |

(३) उपनियम (२) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(४) सञ्चालक समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

८. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार : सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणको सम्वन्धमा नेपाल सरकारबाट स्विकृति नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कार्यालयको नाममा रकम निकासा गर्ने,

(ग) राहत समितिको काम कारवाहीको अनुगमन गर्ने वा गराउने,

(घ) मुलुक भित्र घटेका लैङ्गिक हिंसा सम्वन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ङ) सीपमूलक तालिमप्राप्त पीडितलाई वीउ पुँजी (सिड मनि) प्रदान गर्ने सम्वन्धमा मापदण्ड बनाई लागू गर्ने,

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(छ) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने

(ज) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने वा गराउने ।

९. सञ्चालक समितिको बैठक र निर्णय: (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ

(४) सञ्चालक समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(७) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) सञ्चालक समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरि राख्नेछ ।

(९) सञ्चालक समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. कार्यालयलाई रकम उपलब्ध गराउने : पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा रकम निकाशा दिनेछ ।

११. राहत समितिको गठन : (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि प्रत्येक जिल्लामा एक राहत समिति रहनेछ ।

(२) राहत समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| (ख) | प्रमुख, जिल्ला प्रहरी कार्यालय | सदस्य |
| (ग) | सरकारी वकिल, जिल्ला न्यायाधिवक्ता (जिल्ला सरकारी वकिलको कार्यालय) | सदस्य |
| (घ) | लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत जिल्लास्थित गैर सरकारी संस्थाहरु मध्येबाट राहत समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना | सदस्य |
| (ङ) | महिला विकास अधिकृत | सदस्य- सचिव |

(३) उपनियम (२) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(४) राहत समितिको सचिवालय कार्यालयमा रहनेछ ।

(५) राहत समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

१२. राहत समितिको काम, कर्तब्य र अधिकार : राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) जिल्लास्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,(घलैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

१३. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार : (१) यस नियमावली बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनि सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन दुई सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन दुई पचास रुपैयाँको दरले बढीमा तीन हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन दुई सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन दुई सय पचास रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा दुई हजार रुपैया,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल वाहिर रहे बसेको पीडितलाइ सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

१४. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने : (१) यस नियमावली बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा राहत समितिले नियम १३ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

१५. थप रकम निकासा माग गर्न सक्ने : (१) सञ्चालक समितिबाट कार्यालयको नाममा निकासा भएको रकम अपर्याप्त भएमा कार्यालयले सो को कारण खुलाई सञ्चालक समितिसँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा सञ्चालक समितिले कार्यालयको

आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ ।

१६. छुट्टै खाता खोल्नु पर्ने : (१) कार्यालयले सञ्चालक समितिबाट प्राप्त भएको रकम कार्यालयको नामम कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१७. कोषको लेखा र लेखा परिक्षण : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

१८. आवर्ति (रिभल्भीङ) कोष : यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

१९. प्रतिवेदन पेश गर्नेः (१) राहत समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन सञ्चालक समितिमा पठाउनु पर्नेछ ।

(२) सञ्चालक समितिले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक बर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) मन्त्रालयले उपनियम (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

२०. बैठक भत्ताः सञ्चालक समिति वा राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत अर्थ मन्त्रालयले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

२१. निर्देशन दिन सक्ने : (१) मन्त्रालयले सञ्चालक समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ

## १०. प्रहरी नियमावली, २०४९ को वाह्रौ संशोधन :

प्रहरी सेवामा २० प्रतिशत आरक्षणको व्यवस्था : प्रहरी नियमावली (वाह्रौ संशोधन) ले महिला सहभागिता सुनिश्चित गर्न प्रहरी सेवामा भर्ना गर्दा २० प्रतिशत सिट महिलालाई छुट्टयाउनु पर्ने व्यवस्था गरेको छ

## ११. छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४

श्री सर्वोच्च अदालतको मिति २०६२ साल वैशाख १९ गतेको आदेशानुसार नेपाल सरकारले देहा बमोजिमको निर्देशिका बनाएको छ।

१. निर्देशिकाको नाम र प्रारम्भ : १.१ यस निर्देशिकाको नाम "छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४" रहेकोछ।
१.२ यो निर्देशिका तुरुन्त लागू हुनेछ।

२. उद्देश्य : सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलका कतिपय जिल्लाहरुमा केटीहरुले पहिलो मासिकधर्म (रजस्वला) हुदा ११-१५ दिन सम्म, त्यसपछिका मासिकधर्मका बेला अरु केटीहरुले ५ दिन सम्म र विवाहिता महिलाले ४ दिन सम्म छाउपडिमा बस्नु पर्ने, सार्वजनिक स्थान (धारो, बाटो, विद्यालय आदि) प्रयोग र प्रवेशम बन्देज लगाउने तथा पोषणयुक्त खाने कुरा (दूध, दही, ध्यू, आदि) खान नदिने मान्यताका कारण महिला तथा बालिका बिरुद्ध हुने भेदभावपूर्ण व्यवहार, महिला बिरुद्धको हिंसा र निजहरुको स्वास्थ्यमा समेत गम्भिर असर पर्ने भएकोले यस्तो कुप्रथाको उन्मुलन गरी समतामूलक समाजको स्थापना गर्ने उद्देश्य यो निदे रहेको छ।

३. छाउपडी प्रथा उन्मुलन गर्ने प्रकृया : छाउपडी प्रथा उन्मुलन गर्नकालागि नेपाल सरकारले देहाय बमोजिमका कार्यक्रम लागू गर्नेछ :-

(क) तत्कालिन कार्यक्रम :
(१) छाउपडी प्रथाप्रति रहेको पुरातन विश्वास, मान्यता र प्रचलन विरुद्ध जनचेतना जगाउने उपायहरु अवलम्बन गर्ने।,
(२) छाउपडी प्रथाबाट प्रत्यक्षरुपमा प्रभावित बालिका तथा महिलाहरुलाई स्वास्थ्य सेवा तथा पोषण सम्बन्धमा जानकारी उपलब्ध गराउने।,
(३) छाउपडी प्रथाको अन्त्य गर्ने व्यक्ति, परिवार र समुदायलाई सम्मान गर्ने।

(ख) दीर्घकालीन कार्यक्रम :
(१) महिलाहरुलाई आर्थिक, सामाजिक र राजनैतिक रुपमा शसक्त बनाउदै सामाजिक तथा राष्ट्रिय जीवनको सबै क्षेत्रमा महिलाहरुको समानुपातिक सहभागिताको लागि कार्यक्रम संचालन गर्ने।
(२) कानूनी व्यवस्थाद्धारा महिलाको मानव अधिकारको प्रत्याभूति गर्दै समतामूलक समाज स्थापना गर्ने।

४. कार्यक्रम संचालन गर्ने निकाय : ४.१ छाउपडी प्रथा प्रचलनमा रहेका प्रत्येक जिल्लामा दफा ३ बमोजिमको कार्यक्रमहरु संचालन गर्न देहाय बमोजिमका निकायका प्रतिनिधि रहेको जिल्ला र नगरपालिका /गा.वि.स.स्तरीय समिति गठन गर्नु पर्नेछ :-

४.१.१ जिल्लास्तरीय समिति :
(क) जिल्ला विकास समिति, संयोजक
(ख) जिल्ला प्रशासन कार्यालय, सदस्य
(ग) जिल्ला शिक्षा कार्यालय, सदस्य
(घ) जिल्ला जनस्वास्थ्य कार्यालय, सदस्य
(ङ) जिल्ला प्रहरी कार्यालय, सदस्य

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरु, सदस्य (छ) अगुवा महिला / महिला समूहका प्रतिनिधिहरु, सदस्य (ज) बाल कवका प्रतिनिधि, सदस्य (झ) शिक्षक प्रतिनिधि, सदस्य

(ञ) महिला विकास कार्यालय, सदस्य सचिव

४.१.२ नगरपालिका /गा.वि.स.स्तरीय समिति :

(क) नगरपालिका/गा.वि.स., संयोजक

(ख) नगरपालिका/गा.वि.स.स्थित सरकारी निकायका प्रतिनिधीहरु, सदस्य (ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरु, सदस्य

(घ) अगुवा महिला/महिला समूहका प्रतिनिधिहरु, सदस्य (ङ) बाल ल्कवका प्रतिनिधि, सदस्य

(च) शिक्षक प्रतिनिधि, सदस्य

४.२ उपदफा ४.१ बमोजिमको समितिले कार्यक्रम संचालन गर्दा कार्ययोजना बनाई संचालन गर्नु पर्नेछ ।

४.३ स्थानीय निकायहरुले दफा ३ वमोजिमको कार्यक्रमलाई आफ्नो बार्षिक कार्यक्रम भित्रै पारेर आवश्यक बजेट विनियोजन गर्नुपर्नेछ ।

५. लक्षित समुदाय : दफा ३ बमोजिमको कार्यक्रम संचालन गर्न लक्षित समुह संस्था देहाय बमोजिम हुनेछन्:- (क) विद्यालय,

(ख) छाउपडी प्रथावाट प्रभावित वालिका तथा महिला,

(ग) समुदाय (धामी, झाँक्री, पण्डित, मुखिया आदि),

(घ) परिवारका वरिष्ठ सदस्य सहित अन्य सदस्य,

(ङ) राजनैतिक दलहरु

६. श्रोत परिचालन :

छाउपडी प्रथा उन्मुलन गर्ने कार्यकालागि उपदफा ४.१ बमोजिमको समितिले देहायको श्रोत परिचालन गर्नु पर्नेछ :-

(क) स्थानीय निकायहरुको श्रोत,

(ख) सरकारी श्रोत,

(ग) राष्ट्रिय/अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरुको श्रोत, (घ) अन्य श्रोत ।

७. सहयोग गर्नु पर्ने : छाउपडी प्रथा उन्मुलन गर्न सार्वजनिक जवाफदेहीको पदमा रहेका व्यक्ति, प्रभावि बालिका तथा महिलाको परिवारका सम्पूर्ण सदस्यहरु एवं समाजका आमनागरिकको छाउपडी प्रथा उन्मुलन गर्ने दायित्व हुनेछ ।

# १२. श्रमजीवि महिलाहरुप्रति डान्स रेस्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५

प्रस्तावना :

डान्स बार, डान्स रेस्टुरेन्ट, क्याबिन रेस्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लरमा काम गर्ने महिला कामदारहरुला कार्यस्थलमा गरिने यौन उत्पिडनका व्यवहारहरुलाई नियन्त्रण गर्ने सम्वन्धमा हालसम्म नेपालमा कुनै कानूनका निर्माण नभएकोले, कार्यस्थलमा काम गर्ने श्रमजीवि महिला एवं अन्य कामदारहरुलाई मर्यादित एवं आत्मसम्मानपूर्वक, सुरक्षित वातावरणमा काम गर्न सक्ने वातावरणको श्रृजना गर्न वाञ्छनीय भएकोले,

संसद (संविधानसभा) ले ऐन नबनाएसम्म सर्वोच्च अदालतबाट देहाय बमोजिमको निर्देशिका बनाई जारी गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो निर्देशिकाको नाम श्रमजीवि महिलाहरुप्रति कार्यस्थलमा हुने यौन उत्पिडननियन्त्रण गर्ने निर्देशिका, २०६५ रहेको छ ।

(२) यो निर्देशिका २०६५ साल पौष १ देखि नेपालभर लागू हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा

क) “श्रमजीवि” भन्नाले पारिश्रमिक लिइ वा नलिई पूरा वा आंशिक समयमा रेस्टुरेन्ट, मसाज पार्लरमा काम गर्ने महिला सम्झनु पर्छ । सो शब्दले अन्य कामदारलाई समेत जनाउछ ।

ख) “कार्यस्थल” भन्नाले श्रमजीवि महिलाले काम गर्ने रेस्टुरेन्ट, मसाज पार्लरलाई जनाउछ ।

ग) “रेस्टुरेन्ट” भन्नाले डान्स रेस्टुरेन्ट, डान्स बार, क्याबिन रेस्टुरेन्टलाई सम्झनुपर्छ । यो शब्दले साँझ समेतलाई समेत जनाउनेछ ।

घ) “मसाज पार्लर” भन्नाले शुल्क लिई वा नलिई मालिसको सेवा प्रदान स्थललाई सम्झनुपर्छ । या शब्दले रेस्टुरेन्टहरुले प्रदान गर्ने गरेको मसाज सेवालाई समेत जनाउँछ ।

ङ) “यौन शोषण” भन्नाले कार्यस्थलमा काम गर्ने महिलाहरुलाई यौन उत्तेजनामा ल्याउने वा आफू स्व यौन उत्तेजनामा आउने हिसावले जिस्काउने, वोल्ने वा कुनै प्रकारको यौन इशारा प्रदर्शन गर्ने ग लगायतका सम्पूर्ण कार्यलाई जनाउँछ । यो शब्दले शुल्क लिई वा नलिई वेश्याबृत्तिमा संलग्न हु वाध्य पार्ने पराउने लगायतका व्यवहारलाई समेत जनाउनेछ ।

च) “धनी” भन्नाले रेस्टुरेन्ट, मसाज पार्लर, आदिको संस्थापक, व्यवस्थापक वा सञ्चालक समेतलाई सम्झनु पर्छ ।

छ) “सेवा ग्राही” भन्नाले रेस्टुरेन्ट तथा मसाज पार्लरले प्रदान गर्ने सेवा लिन आउने व्यक्तिलाई सम्भ पर्छ ।

ज) “समिति” भन्नाले दफा १४ बमोजिम गठित अनुगमन एवं कारवाई समितिलाई सम्झनु पर्छ ।

परिच्छेद २

व्यवसाय दर्ता, सञ्चालन

३. दर्ता नगराई व्यवसाय सञ्चालन गर्न नहुने

१) रेस्टुरेन्ट, मसाज पार्लर जस्ता व्यवसाय दर्ता नगरी सञ्चालन गर्न पाईने छैन ।

२) यो निर्देशिका जारी भए पछि पहिलो पटक दर्ता नगराई सञ्चालनमा रहेको दफा ३(१) बमोजिमका रेस्टुरेन्ट, मसाज पार्लरहरु तीन महिना भित्र दर्ता गराई सक्नु पर्नेछ ।

३) उपदफा (२) बमोजिमका रेस्टुरेन्ट, मसाज पार्लरहरु यो निर्देशिका लागू भए पछि जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

४.लगत विवरण प्रस्तुत गर्नुपर्ने :

१) आफ्नो व्यवसायमा संलग्न श्रमजीवि महिला एवं पुरुषको नाम थर वतन सहितको वैयक्तिक विवरणको लगत ३ प्रति तयार गरी एक प्रति आफूसँग १ प्रति नजिकको प्रहरी कार्यालय तथा एक प्रति प्रमुख जिल्ला अधिकारी समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम तयार गरिएको विवरणहरु गोप्य रहने छन् ।

५. व्यवसाय सञ्चालन गर्ने शर्त एवं अवधि

१) रेस्टुरेन्ट, मसाज पार्लर आदिको व्यवसाय सञ्चालन गर्दा वरपरका, घर र वासिन्दालाई असर नपर्ने गरी सञ्चालन गर्नु पर्दछ ।

२) रेस्टुरेन्ट, मसाज पार्लर आदि व्यवसाय सञ्चालन गर्दा त्यहाँबाट निस्केको ध्वनी वाहिर ननिस्कने प्रवन्ध गर्नु पर्नेछ ।

३) रेस्टुरेन्ट, मसाज पार्लर आदि व्यवसायको सञ्चालन समय नेपाल सरकारले तोके बमोजिम हुनेछ

४) श्रमजीविहरुलाई कार्य समाप्त पश्चात सुरक्षित रुपमा वासस्थानसम्म पुऱ्याउने प्रवन्ध गर्ने जिम्मा सम्वन्धित धनीको हुनेछ ।

५) प्रत्येक रेस्टुरेन्ट, मसाज पार्लर आदि व्यवसायिक कार्यस्थलको वातावरण स्वच्छ हुनु पर्नेछ

६) तोकिएको शर्तको अधीनमा रहे नरहेको सम्वन्धमा अनुगमन गर्ने अधिकार प्रहरी तथा प्रमुख जिल्ल अधिकारी तथा अनुगमन तथा कारवाई समितिलाई हुनेछ ।

७) तोकिएको शर्त विपरीत काम भएको पाइएमा समितिले त्यस्तो रेष्टुरेन्ट, मसाज पार्लर व्यवसाय बन्द गर्ने वा अन्य उपयुक्त आदेश दिन सक्नेछ ।

६. पारिश्रमिक नदिई काममा लगाउन नहुने :

यो निर्देशिका जारी भए पछि श्रमजीवि र धनी बीच आपसी सहमतिको आधारमा तय गरिएको अवस्थामा वाहेक नेपाल सरकारद्वारा निर्धारित न्यूनतम पारिश्रमिक नदिई काममा लगाउन हुदैन । त्यसरी आपसी सहमतिमा पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारद्वारा निर्धारित न्यूनतम पारिश्रमिक भन्दा कम लिने गरी निर्धारण गर्न पाइदैन ।

७. सूचना पाटी टाँस्नु पर्ने

रेस्टुरेन्ट, मसाज पार्लर आदिमा प्रवेश गर्नासाथ सबैले देख्न सक्ने गरी ठाँउमा नहुने कामको सूचना राख्नु पर्नेछ ।

## परिच्छेद ३
## गर्न नहुने काम

८. यौन उत्पिडन

कार्यस्थलमा देहायका काम कारवाई गरेमा वा गर्न लगाएमा श्रमजीवि महिलालाई यौन उत्पिडन दिएको मानिनेछ ।

क) शारीरिक सम्वन्धको लागि प्रस्ताव या माग गर्नु ,

ख) यौन एवं उत्तेजक भाषा तथा उत्तेजक नृत्य, गीतको प्रयोग गर्नु ,

ग) श्रमजीवि महिलाले देख्ने गरी अश्लिल साहित्य, पोष्टर, पर्चा पम्पलेट आदि राख्नु, टाँस्नु, प्रर्दशन गर्नु, गराउनु ,

घ) यौन सम्वन्धी छेडखानी गर्नु ,

ङ) शारीरिक, मौखिक या यौन सम्वन्धी आचरण प्रस्तुत गरेमा,

च) यौन विकार उत्पन्न हुने अन्य कुनै पनि व्यवहार गरे गराएमा, छ) उत्तेजक पोशाक लगाई नृत्य गर्न गीत गाउन वाध्य पारेमा ।

९. यौन शोषण

कार्यस्थलमा देहायका काम कारवाही गरेमा वा गर्न लगाएमा यौन शोषण गरेको मानिनेछ ।

क) आर्थिक प्रलोभन दिइ वा नदिई कसैसँग यौन सम्वन्ध स्थापित गर्न वाध्य पारेमा वा पार्न लगाएमा,

ख) श्रमजीवि महिलालाई थप आर्थिक सुविधा, पदोन्नती दिने दिलाउने भनी लालचमा पारी वा आश्वासन दिई यौन सम्वन्ध कायम राखेमा वा राख्न लगाएमा,

ग) शुल्क वा रकमको प्रस्ताव गरी श्रमजीवि महिलासँग यौन सम्वन्ध राखेमा, राख्न प्रयत्न गरेमा,

घ) यौन सम्बन्ध राख्ने वा नराख्ने जुनसुकै उद्देश्यले श्रमजीवि महिलाको कुनै पनि अङ्ग स्पर्श गरेमा आफ्नो अङ्ग स्पर्श गर्न लगाएमा,

ङ) मदिरा वा त्यस्तै प्रकारका लागू पर्दाथको सेवन गरी, गराई परिच्छेद ३ मा उल्लेखित काम कारवाही गरे गराएमा,

च) ईच्छा विपरीत वाध्यतामा पारी यौन सम्वन्ध राखेमा,

१०. अमर्यादित व्यवहार गर्न नुहने

कार्यस्थलमा महिला श्रमजीविहरु प्रति उनीहरुको मर्यादामा आँच पुग्ने देहायका कुनै पनि काम कारवाही गर्न गराउन हुदैन ।

क) सेवाग्राहीसँग बसी मदिरा लगायतका लागू पर्दाथ सेवन गर्न गराउन,

ख) श्रमजीवि महिलालाई कार्यस्थलमा सेवाग्राहीसँग बसी धुम्रपान गर्न लगाउन, ग)
अश्लिल एवं यौन अर्थ दिने शब्दबाट सम्बोधन गर्न गराउन,

घ) आफू आफूमा श्रमजीवि महिलाले सुन्ने गरी वा सुनाउने उद्देश्यले यौनसम्वन्धी हसी मजाक गर्न गराउ तथा महिलासँग सो उद्देश्यले हसि मजाक गर्न, गर्ने प्रयत्न गर्न गराउन,

ङ) श्रमजीवि महिलाको शरीर वा नग्न प्रदर्शन गर्न लगाउन वा प्रदर्शन गर्न वाध्य पार्ने ।

## परिच्छेद ४
## काम कर्तव्य र अधिकार

११ धनीको काम कर्तव्य र अधिकार

रेस्टुरेन्ट, मसाज पार्लर लगायतका व्यवसाय सञ्चालन गर्ने धनीको देहायका काम कर्तव्य र अधिकार हुनेछ ।

क) कार्यस्थलमा श्रमजीवि महिलाको मर्यादामा असर पुग्ने गतिविधिहरु रोक्न लगाउने,

ख) सेवाग्राहीले श्रमजीवि महिलालाई अमर्यादित, अभद्र एवं यौनजन्य काम कारवाही गरेमा वा गर्न लगाएमा त्यसबाट सुरक्षा प्रदान गर्ने गराउने,

ग) श्रमजीवि महिलाको सुरक्षाको यथोचित प्रवन्ध गर्ने, गराउने,

घ) कार्यस्थलमा श्रमजीवि महिलाको शारीरिक एवं मानसिक शोषण हुनबाट रोक्ने तथा महिलालाई हुने कुनै पनि अलाभकारी स्थितिको अन्त्य गर्ने,

ङ) श्रमजीवि महिलाहरुले गरेको गुनासोको तत्काल समाधान गर्ने गराउने,

च) महिला श्रमजीविलाई मौखिक, शारीरिक, मानसिक रुपमा यौनजन्य एवं अन्य दुर्व्यवहार हुने किसिमको कार्य गर्न, वोल्न एवं इशारा गर्न गराउनबाट रोक्ने,

छ) रेस्टुरेन्ट, मसाज पार्लर आदिमा कुनै सेवा ग्राहीले यो निर्देशिका बमोजिम वा प्रचलित कानून बमा गर्न नहुने काम गरेमा त्यस्तो सेवा ग्राहीबाट श्रमजीवि महिलालाई बचाउन वा निजलाई रेस्टुरेन्ट व मसाजपार्लरबाट निकाल्न बाउन्सर (सुरक्षक) को व्यवस्था गर्नु पर्नेछ ।

ज) धनीले श्रमसम्वन्धी कानून र अन्य कानूनपूर्ण रुपले पालन गर्नु पर्नेछ ।

१२. सेवाग्राहीका काम कर्तव्य र अधिकार

रेस्टुरेन्ट, मसाज पार्लरमा आउने सेवाग्राहीको कर्तव्य देहाय बमोजिम हुनेछ,

क) श्रमजीवि महिला प्रति सम्मानजनक व्यवहार गर्ने,

ख) श्रमजीवि महिलासँग उनीहरुको मर्यादामा आँच पुग्ने कुनै पनि काम, व्यवहार गर्न हुदैन ।

ग) मादक पदार्थ सेवन गरी हो हल्ला गर्न एवं महिलाप्रति अभद्र व्यवहार गर्न हुदैन,

घ) परिच्छेद ३ मा निषेधित गरिएको काम गर्न हुँदैन,

ङ) परिच्छेद ३ अन्तर्गतका काम कारवाईहरु गर्ने, गर्न लगाउने, सोको दुरुत्साहन दिन नहुने,

१३. समितिको काम, कर्तव्य र अधिकार

दफा १५ बमोजिम गठित अनुगमन एवं कारवाई समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् ।

क) समितिसमक्ष परेका उजुरीको छानविन गर्ने, गराउने,

ख) समितिले समय समयमा श्रमजीवि महिला रहेको कार्यस्थल रेस्टुरेन्ट, मसाज पार्लरमा आकस्मिक निरीक्षण गर्न सक्नेछ । त्यसरी निरीक्षण गर्दा परिच्छेद ३ मा लेखिएको गर्न नहुने काम भइरहेको वा हुन लागेको वा हुने आशंकाको विद्यमानता रहेको देखेमा तत्काल त्यस्ता कार्यहरु नियन्त्रण गर आवश्यक कारवाई प्रक्रिया शुरु गर्नेछ ।

ग) श्रमजीवि महिला कार्यरत रहेको स्थानलाई अझ बढी व्यवस्थित एवं मर्यादित बनाउन आवश्यक देखिएको काम गर्ने,

घ) श्रमजीवि महिलासँग सम्वन्धित बिषयमा समितिले आवश्यक निर्देशन दिन सक्नेछ । सो निर्देशनको पालना गर्नु सम्पूर्ण धनीहरुको कर्तव्य हुनेछ ।

ङ) रेस्टुरेन्ट, मसाज पार्लर लगायतका कार्यस्थलमा निर्देशिका वा प्रचलित कानून विपरित बमोजिम काम भएको छ छैन अनुगमन गर्ने गराउने ।

च) निर्देशिकाको पालना नभएको देखेमा पहिलोपल्ट सचेत गराउने, दोश्रो पल्टदेखि त्यस्तो व्यवसाय बन्द गराउने ।

छ) रेस्टुरेन्ट, मसाज पार्लरमा कानून विपरित कार्य भएको देखेमा वा तत् सम्वन्धमा कुनै उजुरी परे सो सम्वन्धमा आवश्यक छानविन एवं कारवाहीको लागि सम्वन्धित निकायमा पठाउने ।

ज) सम्वन्धित निकायले पनि प्राप्त उजुरी उपर छानविन अनुसन्धान शुरु गरी संकलित सबुद प्रमाणको आधारमा कारवाही अगाडी बढाउनु पर्छ ।

झ) रेस्टुरेन्ट, मसाज पार्लरमा गर्न पाईने नपाईने बिषयमा प्रचार प्रसार गर्ने गराउने ।

## परिच्छेद ५
## उजुरी एवं कारवाही

१४ उजुरी

(१) परिच्छेद ३ अन्तर्गतको निषेधित कार्यबाट कुनै श्रमजीवि पीडित भएमा वा पीडित हुने आंशका भएमा पीडित आफैले वा सो को बारेमा जानकारी प्राप्त गर्ने जो सुकैले पनि दफा १५ बमोजिम गठित समिति समक्ष वा नजिकको प्रहरी कार्यालयमा आफूले देखे, सुने जानेको सम्पूर्ण कुरा खुलाई दिन सक्नेछ ।

(२) प्रहरी कार्यालयमा उजुरी परेको भए सम्वन्धित प्रहरी कार्यालयले तत्काल पीडितको स्वास्थ्य एवं सुरक्षाको प्रवन्ध गरी प्राप्त उजुरी तुरुन्त समितिसमक्ष पेश गर्नुपर्नेछ । समितिले पनि तुरुन्त आवश्य कारवाई शुरु गर्नुपर्नेछ ।

(३) यो निर्देशिका बमोजिम गरिने सम्पूर्ण काम कारवाही गोप्य हुनेछन् । कुनै पनि तथ्य प्रकाशित परेमा समितिको अनुमति लिई परिवर्तित नामबाट मात्र प्रकाशित गर्न सकिनेछ ।

(४) उजुरी छानविन गर्दा श्रमजीवि महिलालाई यस निर्देशिका बमोजिमको गर्न नहुने काम गरेको पाइए त्यस्तो कार्य रोक्ने सम्वन्धमा धनीलाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशनक पालना गर्नु सम्वन्धित धनीको कर्तव्य हुनेछ ।

## परिच्छेद ६

## समिति

१५ जिल्ला अनुगमन एवं कारवाही समिति

१) प्रत्येक जिल्लामा यो निर्देशिकाको प्रयोजनको लागि एक समिति रहनेछ । सो समितिको नाम जिल्ला अनुगमन एवं कारवाई समिति हुनेछ ।

२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

क) प्रमुख जिल्ला अधिकारी अध्यक्ष

ख) प्रमुख जिल्ला प्रहरी कार्यालय सदस्य

ग) प्रमुख जिल्ला महिला विकास कार्यालय, सो नभएको जिल्लामा स्थानीय विकास अधिकारी सदस्य

३) समितिको एक स्थायी समिति हुनेछ ।

४) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

१६. प्रचलित कानून बमोजिम हुने

१) यो निर्देशिकामा व्यवस्था भए देखि वाहेक अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

२) यो निर्देशिकामा लेखिएका कुराहरुले पीडित पक्षले प्रचलित कानून बमोजिम कारवाही चलाउन पाउने कुरामा असर पार्ने छैन ।

न्यायाधीस

ईति सम्वत २०६५ साल मंसिर १३ गते रोज ६ शुभम् ।

# १३. महिला उपर हुने सबै प्रकारका भेदभाव निर्मूलन सम्बन्धी महासन्धी

महासभाद्वारा १८ डिसेम्वर १९७९ मा नं. ३४।१८० को प्रस्ताव साथ पारित एवं दस्तखत, अनुमोदन तथा सम्मिलनको लागि खुला गरिएको लागू भएको मिति- ३ सेप्टेम्बर १९८१ (धारा २७ (१) अनुसार)

प्रस्तावना,

वर्तमान महासन्धीका राज्यपक्षहरुले,

संयुक्त राष्ट्र संघको बडापत्रले मौलिक मानव अधिकारहरुमा, मानव व्यक्तिको मूल्य तथा मर्यादामा र पुरुष एवं महिलाको समान अधिकारमा आफ्नो आस्था पुनः पुष्टि गरेको कुरालाई अवगत गर्दै, मानव अधिकार सम्बन्धी

विश्वव्यापी घोषणाले भेदभावको अमान्यताको सिद्धान्तलाई पुष्टि गरेको तथा सबै मानव प्राणी स्वतन्त्र रुपमा एवं समान हक र मर्यादामा जन्मेका हुन्छन् तथा प्रत्येकलाई त्यसमा उल्लेखित हकहरु तथा स्वतन्त्रताहरु लिंगको आधारमा हुने भेदभाव लगायत कुनै पनि प्रकारको भेदभाव रहित उपभोग गर्न पाउँछन् भन्ने कुरालाई अवगत गर्दै,

मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धीहरुका राज्यपक्षहरुमा सबै पुरुष र महिलालाई सबै आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक एवं राजनैतिक अधिकारहरु समान रुपले भोग गर्न पाउने अधिकार उपलब्ध गराउने दायित्व छ भन्ने कुरालाई अवगत गर्दै,

संयुक्त राष्ट्र संघ तथा त्यसका विशेषज्ञ संस्थाहरुको तत्वावधानमा पुरुष तथा महिलाको समानताको अधिकार प्रवर्द्धन गर्न बनेका विभिन्न अन्तराष्ट्रिय महासन्धीहरुलाई विचार गर्दै,

संयुक्त राष्ट्र संघ तथा त्यसका विशेषज्ञ संस्थाहरुले पुरुष तथा महिलाको समानताको अधिकार सम्बन्धमा पारित गरेका प्रस्तावहरु घोषणापत्रहरु तथा सिफारिसहरुलाई समेत अवगत गर्दै,

यस्ता विभिन्न लिखतहरुको बावजूद महिला उपर व्यापक भेदभाव अझै विद्यमान रहेको कुरामा ध्यान दिदै,

महिला उपर हुने भेदभावले अधिकारको समानता सम्बन्धी सिद्धान्तमा एवं मानव मर्यादा प्रतिको आदरभावमा खलल पार्दछ, महिलाले पुरुषसँगको बराबरीको आधारमा आफ्नो मुलुकको राजनैतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक जीवनीमा सहभागिता हुने स्थितिमा व्यवधान पार्दछ, समाज तथा परिवारको समुन्नततिको विकासमा अवरोध ल्याउँछ, एवं आफ्नो मुलुकको तथा मानवताको सेवाको खातिर महिलाको क्षमताको पू विकासलाई अवरुद्ध पार्दछ भन्ने कुराहरुलाई पुनः स्मरण गर्दै,

दरिद्र अवस्थामा महिलालाई भोजन, स्वास्थ, शिक्षा, तालिम र रोजगारीका अन्य अवसरहरु प्राप्त गर्न तथा अन्य खाँचोहरु पुरा गर्न कष्टसाध्य हुन्छ भन्ने कुरामा ध्यान केन्द्रित गर्दै,

सद्विवेक तथा न्यायमा आधारित नयाँ अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थाको स्थापनाबाट पुरुष तथा महिला बीचमा समानताको अभिवृद्धिमा खँदिलो योगदान गर्दछ भन्ने कुरामा विश्वस्त हुँदै,

रंगभेद नीति, सबै प्रकारका वर्णबादहरु, वर्णका आधारमा हुने भेदभावहरु, उपनिवेशवाद, नव-उपनिवेशवाद, अतिक्रमण, वैदेशिक कब्जा तथा आधिपत्य र राज्यको आन्तरिक मामिलामा हस्तक्षेप समेत सबै कुराको उन्मूलन गर्नु पुरुष तथा महिलाको अधिकारको उपभोगको लागि आवश्यक भन्ने कुरालाई जोड दिँद

अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षाको सुदृढीकरण, अन्तर्राष्ट्रिय तनावमा सिथिलता, सामाजिक तथा आर्थिक प्रणाली जस्तै भएपनि राज्यहरुको बीच आपसी सहयोग हुनु, सर्वप्रकारका तथा सम्पूर्ण निःशस्त्रीकरण, खास गरेर कडा एवं प्रभावकारी अन्तर्राष्ट्रिय नियन्त्रण अन्तर्गत आणविक निःशस्त्रीकरण, राज्यहरुको बीचको सम्बन्ध न्यायपूर्ण, समानता तथा आपसी हितको आधारमा हुनुपर्ने सिद्धान्तको समर्थन, वैदेशिक वा औपनिवे आधिपत्यमा रहेका वा विदेशी कब्जामा रहेका जनताहरुको आत्म-निर्णय तथा स्वतन्त्रताको अधिकार प्राप्तिका साथ साथै राष्ट्रिय सार्वभौमिकताको एवं क्षेत्रिय अखण्डता समेतबाट सामाजिक उन्नति तथा विकासको सम्बर्द्धन हुन्छ र त्यसको परिणामस्वरुप पुरुष तथा महिलाको बीच पूर्ण समानता प्राप्तिमा योगदान आउँछ भन्ने कुरालाई जोड दिँदै,

मुलुकको पूर्ण तथा सर्वाङ्गिण विकासमा, विश्वको हितमा एवं शान्ति प्राप्तिमा महिलाले पुरुषसँग हरक्षेत्रमा बराबरीको आधारमा अधिकतम सहभागिता आवश्यक छ भन्ने कुरामा विश्वस्त हुँदै,

परिवारको हित तथा समाजको उत्थानमा महिलाबाट हुन सक्ने महान देनलाई अहिलेसम्म पूर्ण मान्यता प्राप्त भै नसकेको भए तापनि मातृत्वको सामाजिक विशेषता तथा परिवारको सन्दर्भमा बालबालिकाको लालनपालनमा आमाबाबु दुबैको भूमिकालाई बुझी, महिलाको सन्तानोत्पादनक विशेषतालाई भेदभावको अ बनाइनु हुँदैन भन्ने कुरालाई हृदंयगम गरी, बालबालिकाको लालन पालनको जिम्मेवारीमा पुरुष र महिला एवं सम्पूर्ण समाज पनि भागिदार बन्नु पर्दछ भन्ने कुरालाई महसूस गर्दै,

पुरुष तथा महिलाको बीचमा पूर्ण समानता प्राप्तिको लागि समाजमा तथा परिवारमा पुरुषको भूमिका तथा महिलाको भूमिका सम्बन्धी परम्परागत सोचाईमा परिवर्तन हुनुपर्ने आवश्यकतालाई महसूस ग

महिला विरुद्धको भेदभाव निर्मूलन सम्बन्धी घोषणापत्रमा उल्लेखित सिद्धान्तहरुको कार्यान्वयन गर्न तथा त्यस प्रयोजनको लागि सबै प्रकारको एवं अनुकृतिको यस्तो भेदभावलाई निर्मूल गर्न आवश्यक उपायहरु अपनाउन दृढ संकल्प गर्दै,

निम्नलिखित कुराहरु गर्न मन्जूर गर्दछन्–

## भाग-१

### धारा-१

यस महासन्धीको प्रयोजनको लागि महिला विरुद्ध भेदभाव भन्नाले महिलाले राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक वा अरु कुनै विषय सम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई, आफ्नो वैवाहिक स्थिति जे जस्तो रहे भए तापनि, पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै शून्यकरण पार्ने उद्देश्य वा परिणाम भएको, लिंगको आधा हुने कुनै पनि भेदभाव वा वहिष्कार वा प्रतिबन्ध सम्झनु पर्दछ ।

### धारा-२

राज्य पक्षहरुले महिला उपर हुने सबै प्रकारका भेदभावलाई भर्त्सना गर्दछन्, महिला उपर हुने सब भेदभावलाई निर्मूल पार्ने नीति उपयुक्त तरीकाबाट अविलम्ब अपनाउन मन्जूर गर्दछन् तथा यसको लागि देहायका तरीकाबाट अविलम्ब अपनाउन मन्जूर गर्दछन् तथा यसको लागि देहायका काम गर्न कबूल गर्दछन् ।

क) आफ्नो राष्ट्रिय संविधानमा वा अन्य उपयुक्त कानूनमा पहिले नै नपरिसकेको भए महिला र पुरुषमा समानताको सिद्धान्तलाई समावेश गर्ने तथा यस सिद्धान्तलाई कानून वा अन्य माध्यमबाट व्यावहारिक रुपमा साकार पार्ने,

ख) महिला विरुद्धका सबै भेदभावलाई प्रतिबन्ध लगाउन विधायिकीय तथा अन्य उपायहरु अपनाउने तथा आवश्यक भएमा दण्ड सजायको व्यवस्था समेत गर्ने,

ग) पुरुषहरु सरह समान आधारमा महिलाको अधिकारको कानूनी संरक्षणको व्यवस्था गर्ने तथा महिला उपर कुनै पनि भेदभावपूर्ण काम हुन नदिन सक्षम राष्ट्रिय अदालतहरु एवं अन्य सार्वजनिक निकायहरुद्वारा प्रभावकारी संरक्षण सुनिश्चित गर्ने,

घ) महिला उपर भेदभाव हुने कुनै पनि कार्य वा प्रचलनमा सरिक नभई अलग रहने एवं सार्वजनिक अधिकारीहरु तथा संस्थाहरुले यी दायित्वहरु अनुसार काम गर्नेछन् भनी सुनिश्चित गर्ने,

ङ) कुनै पनि व्यक्ति, संस्था वा उद्यमबाट महिला उपर हुने भेदभावलाई निर्मूल गर्न सबै आवश्यक उपायहरु अपनाउने,

च) महिला विरुद्ध भेदभाव गराउने कुनै पनि प्रचलित कानून, विनियम, रीति तथा प्रचलनलाई सुधार गर्ने वा खारेज गर्ने गरी कानून बनाउने लगायत आवश्यक पर्ने सबै कदमहरु चाल्ने,

छ) महिला विरुद्ध भेदभाव हुने वा गराउने सबै राष्ट्रिय दण्डव्यवस्थाहरु खारेज गर्ने ।

धारा-३

पुरुष सरह समानताको आधारमा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको प्रयोग तथा उपभोग प्रत्याभूत गराउनको लागि महिलाको पूर्ण विकास तथा प्रवर्द्धन सुनिश्चित गर्न राज्य पक्षहरुले सबै सम्बद्ध क्षेत्रमा, खास गरेर राजनैतिक, सामाजिक, आर्थिक एवं साँस्कृतिक क्षेत्रमा, कानूनी व्यवस्था लगायत सबै उपयुक्त कदमहरु चाल्नेछन् ।

धारा-४

१. राज्य पक्षहरुले पुरुष तथा महिलामा वास्तविक तवरले द्रुततर गतिमा समानता कायम गर्न कुनै अस्थायी प्रकारको विशेष उपायहरुको अवलम्बन गरेको रहेछ भने त्यस्ता उपायहरुलाई यस महासन्धीमा व्यवस्था गरिए बमोजिमको भेदभावपूर्ण व्यवहार भएको मानिने छैन, तर त्यसको परिणाम स्वरुप यस्ता उपायहरु कुनै पनि हालतमा असमान वा भिन्न स्तरलाई कायमै राख्न दिने प्रकारको हुन सक्ने छैन । यी उपायहरुलाई अवसर तथा व्यवहारमा समानताको उद्देश्य प्राप्त भएपछि अन्त्य गरिनुपर्छ ।

२. राज्य पक्षहरुले मातृत्वको संरक्षणको लागि यस महासन्धीमा व्यवस्था गरिएका उपायहरु लगायत अन्य विशेष उपायहरु अपनाएकोलाई भेदभावपूर्ण भएको मानिने छैन ।

धारा-५

राज्य पक्षहरुले निम्नलिखित प्रयोजनको लागि चाहिने सबै उपयुक्त कदमहरु चाल्नेछन् :

१. पुरुष तथा महिला सम्बन्धी एकोहोरे भूमिकामा आधारित वा कुनै खास लिंगको महत्ताभास वा लघुताभासमा आधारित दुराग्रहको तथा परम्परागत एवं अन्य प्रकारका प्रचलनहरुको निर्मूल गर्ने उद्देश्य प्राप्तिका लागि पुरुष तथा महिलामा रहेको स्वाभाविक प्रकृतिका सामाजिक तथा साँस्कृतिक आचारण पद्धतिलाई बदल्न।

२. बालबालिकाको हितलाई हरहालतमा सर्वोपरि ध्यान दिईनेछ भन्ने कुरालाई मध्य नजरमा राख्दै मातृत्व भनेको एक सामाजिक क्रियाकलाप हो भन्ने कुरालाई राम्रोसँग बुझाउने तथा आफ्ना बालबालिकाको लालनपालन एवं विकासमा पुरुष तथा महिलाको बराबर जिम्मेवारी रहेको हुन्छ भन्ने कुरा मानिने गरी त्यस्ता पक्षहरुलाई पनि पारिवारिक शिक्षामा समावेश गर्ने ।

धारा-६

राज्य पक्षहरुले महिलाको किनबेच तथा महिलाको वेश्यावृत्तिको शोषण लगायत सबै प्रकारको कार्यलाइ दमन गर्ने कानून बनाउन सबै आवश्यक कदमहरु चाल्नेछन् ।

## भाग-२

धारा-७

राज्य पक्षहरुले मुलुकको राजनैतिक तथा सार्वजनिक जीवनमा महिला विरुद्धको भेदभाव निर्मूल गर्न तथा खास गरेर पुरुष सरह बराबरीको आधारमा महिलालाई निम्नलिखित अधिकार उपलब्ध गराउन सबै आवश्यक कदम अपनाउनेछन् :

क. सबै निर्वाचनहरु तथा जनमत संग्रहहरुमा मतदान दिने अधिकार तथा सार्वजनिक रुपमा निर्वाचित हुने संस्थाहरुमा निर्वाचनको लागि योग्य हुने अधिकार,

ख. सरकारी नीति निर्माणमा तथा त्यसको कार्यान्वयनमा सरिक हुने तथा सार्वजनिक पद धारण गर्न एवं सबै सरकारी तहहरुमा हुने सार्वजनिक क्रियाकलाप सम्पादन गर्ने अधिकार,

ग. मुलुकको सार्वजनिक तथा राजनैतिक जीवनीसँग सम्बन्धित गैरसरकारी संस्था तथा संगठनहरुमा सरिक हुन पाउने अधिकार ।

धारा-८

राज्य पक्षहरुले महिलालाई पुरुष सरहको समान आधारमा तथा विना कुनै भेदभाव अन्तर्राष्ट्रिय तहमा सरकारलाई प्रतिनिधित्व गर्न पाउने मौका तथा अन्तर्राष्ट्रिय संगठनहरुको कार्यमा भाग लिन पाउने मौका सुनिश्चित गर्न सबै उपयुक्त कदमहरु चाल्नेछन् ।

धारा-९

१. राज्य पक्षहरुले महिलालाई पुरुष सरह राष्ट्रियता प्राप्त गर्न, परिवर्तन गर्न वा धारण गर्न समान अधिकार प्रदान गर्नेछन् । तिनीहरुले खास गरेर विदेशीसँग विवाह गरेको कारणबाट वा विवाहित अवस्थामा पतिले राष्ट्रियता परिवर्तन गरेको कारण बाट पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने निजलाई राज्य विहिन नतुल्याउने वा पतिको राष्ट्रियता ग्रहण गर्न बाध्य हुनु नपर्ने व्यवस्था सुनिश्चित गर्नेछन्

२. राज्य पक्षहरुले बालबालिकाको राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरुष सरहको अधिकार प्रदान गर्नेछन्।

भाग-३

धारा-१०

राज्य पक्षहरुले महिलालाई शिक्षाको क्षेत्रमा पुरुष सरह समान अधिकार प्राप्तिको व्यवस्था सुनिश्चित गर्नको लागि महिला उपर हुने भेदभाव निर्मूल गर्न सबै आवश्यक कदमहरु चाल्नेछन् । तिनीहरुले महिल
र पुरुषको समानताको आधारमा खास गरेर निम्नलिखित कुराहरु सम्बन्धी व्यवस्था सुनिश्चित गर्नेछन् : (क)ग्रामिण तथा शहरी क्षेत्रमा अवस्थित सबै प्रकारका शिक्षण संस्थामा अध्ययन गर्न र उपाधि हासिल गर्न
पाउनको लागि जीविकाको तथा व्यवसायको जानकारी पाउने समान अवसरको व्यवस्था, यस प्रकारको समानता पूर्व-विद्यालय शिक्षा, साधारण शिक्षा, प्राविधिक शिक्षा, पेशागत शिक्षा तथा उच्च प्राविधिक शिक्षा
एवं सबै प्रकारका व्यवसायिक प्रशिक्षणको सम्बन्धमा उपलब्ध हुने कुरा सुनिश्चित गरिनेछ, (ख)उही पाठ्यक्रम, उही परीक्षा, उही स्तरको योग्यता प्राप्त शिक्षक तथा उस्तै प्रकारको विद्यालय भवन
तथा उपकरणमा शिक्षा पाउने अवसरको व्यवस्था, सबै प्रकार तथा तहको शिक्षामा देखा पर्ने गरेको पुरुष तथा महिलाको भूमिका नै फरक छ भनी देखाउने एकोहोरो धारणालाई निर्मूल गर्न तथा लक्ष्य प्राप्तिको लागि सहायक हुने सह-शिक्षा तथा अन्य प्रकारका शिक्षण विधिलाई प्रोत्साहन दिने, र खास गरेर पाठ्य पुस्तकहरु तथा विद्यालय कार्यक्रमहरुमा परिवर्तन गर्ने एवं तदनुकुल शिक्षण विधि अपनाउने, छात्रवृत्ति तथा अन्य प्रकारका अध्ययन अनुदान सम्बन्धी फायदा प्राप्त गर्नको लागि समान अवसर उपलब्ध गराउने,

ग) पौढ शिक्षा तथा कार्यगत साक्षर कार्यक्रम लगायतका निरन्तरीय शिक्षण कार्यक्रमहरुमा, खास गरेर पुरुष तथा महिलाका बीचमा रहेको शैक्षिक अन्तरलाई शीघ्रातिशीघ्र कम गर्ने लक्ष्य कार्यक्रममा सरिक हुन समान अवसर दिलाउने, पढाई छाड्ने छात्राहरुको संख्यालाई घटाउने तथा अधकल्चैमा विद्यालय छाडेका बालिकाहरु तथा महिलाहरुको निमित्त शैक्षिक कार्यक्रमहरुको आयोजना गर्ने खेलकुद तथा शारीरिक शिक्षामा सक्रिय रुपमा भाग लिन पाउने समान अवसर प्रदान गर्ने, परिवार नियोजन सम्बन्धी सूचना एवं सल्लाह लगायत परिवारको स्वास्थ्य तथा समृद्धि सुनिश्चित गर्न सहायक हुने प्रकारको शैक्षिक जानकारी दिलाउने ।

धारा-११

१. राज्य पक्षहरुले रोजगारीको क्षेत्रमा महिलालाई पुरुष सरहको समानताको आधारमा समान हक सुनिश्चित गराउनको लागि महिला उपरको सबै प्रकारको भेदभाव निर्मूल गर्न सबै आवश्यक कदम चाल्नेछन् र
खास गरेर देहायका अधिकार प्राप्ति सुनिश्चित गर्नेछन् :
    क. समस्त मानव प्राणीको अविच्छेद्य अधिकारको रुपमा काम गर्ने अधिकार दिलाउने,
    ख. रोजगारीमा नियुक्तिको लागि छनौट गरिंदा समान प्रक्रिया प्रयोग गरिने लगायत रोजगारीको समान अवसरको अधिकार,
    ग. स्वतन्त्र रुपमा पेशा तथा रोजगारी चयन गर्न पाउने अधिकार, बढुवा हुन पाउने, सेवाको सुरक्षा पाउने तथा सेवाका तमाम शर्तहरु एवं फाईदाहरु उपभोग गर्न पाउने अधिकार, र सिकारु सुविधा लगायत व्यवसायिक तालिम तथा पुनर्तालिम पाउने, उच्च-व्यवसायिक तालिम तथा समय-समयमा
    तालिम पाउने अधिकार,
    घ. समान सुविधा सहितको समान पारिश्रमिक पाउने हक, समान मूल्यको कामको लागि समान व्यवहार पाउने हक तथा कामको गुणात्मक मूल्यांकन हुँदा समान व्यवहार पाउने हक,
    ङ. सामाजिक सुरक्षाको अधिकार, खास गरेर निवृत्त भएकोमा, बेरोजगारीमा, बिरामी परेकोमा, अशक्त

भएकोमा तथा बृद्धावस्थामा र काम गर्न अन्य तवरबाट अशक्त भएको अवस्थामा समेत सामाजिक सुरक्षा पाउने अधिकार एवं पूरा तलब सहित बिदा लिन पाउने अधिकार,

च. प्रजनन पद्धतिको बचाउ हुने गरी स्वास्थ्यको संरक्षण पाउने हक एवं कार्यस्थलमा सुरक्षाको अधिकार।

२. विवाह वा मातृत्वको आधारमा महिला उपर हुने भेदभाव रोक्न तथा तिनीहरुको काम गर्ने अधिकारलाई सक्षमताका साथ उपलब्ध गराउन राज्य पक्षहरुले निम्न लिखित कुरामा उपयुक्त कदम चाल्नेछन् :

क. नियन्त्रण व्यवस्थाको अधीनमा रही गर्भवती वा प्रसूति विदाको आधारमा पदच्यूत गर्न नपाउने तथा अन्य अवस्थामा पदच्यूत गर्दा पनि वैवाहिक स्थितिको आधारमा भेदभाव गर्न नपाउने गरी प्रतिबन्ध लगाउने,

ख. भैरहेको नोकरीबाट वा वरिष्ठताबाट वा सामाजिक भत्ताबाट बन्चित हुनु नपर्ने गरी पूरा तलब सहितको प्रसूती विदा वा सोही सरहको सामाजिक फाइदाहरु पाउने व्यवस्था प्रारम्भ गर्ने,

ग. बाबुआमाहरुलाई आफ्नो कार्यगत जिम्मेवारी साथसाथै पारिवारिक दायित्व पनि निर्वाह गर्न सक्ने तथा सार्वजनिक जीवनमा सरिक हुन सक्ने तुल्याउन, खास गरेर बाल स्याहार सुविधा प्रणालीको स्थापना गरेर एवं विकास कार्यलाई प्रवर्द्धन गरेर, आवश्यकीय सहायक सामाजिक सेवाहरुको व्यवस्थालाई प्रोत्साहन दिने,

घ. गर्भवती महिलालाई हानिकारक हुने भनी प्रमाणित भएका काममा लगाउन नपाउने गरी विशेष संरक्षण प्रदान गर्ने,

३. यस धारामा वर्णन गरिएका कुराहरुसँगै सम्बन्धित संरक्षणात्मक कानूनी व्यवस्थाहरुलाई तत्काल प्रचलित वैज्ञानिक तथा प्राविधिक ज्ञानका आधारमा समय समयमा पुनरावलोकन गरिने छ र आवश्यकता अनुसार परिवर्तन वा खारेज वा विस्तृत गरिनेछ ।

धारा-१२

१. राज्य पक्षहरुले महिलालाई परिवार नियोजनसँग सम्बन्धित कुराहरु लगायत स्वास्थ्य स्याहार सेवा सम्बन्धी कुरामा पुरुष सरह समानताको आधारमा उपलब्ध गराउन स्वास्थ्य क्षेत्रमा महिला उपर हुने भेदभाव निर्मूल गर्नको लागि सबै उपयुक्त कदमहरु चाल्नेछन् ।

२. यस धाराको प्रकरण १ मा जुनसुकै कुरा लेखिएको भए तापनि राज्य पक्षहरुले महिलालाई गर्भवती समय, प्रसूतिका समय तथा प्रसूती पश्चात् अवधिका सम्बन्धमा चाहिंदो सेवाहरु, आवश्यकतानुसार निःशुल्क सेवा समेत, एवं गर्भवती समय तथा स्तनपानको समयमा पर्याप्त पोषण उपलब्ध गराउन आवश्यक व्यवस्था गर्नेछन् ।

धारा-१३

राज्य पक्षहरुले महिलालाई पुरुष सरह समानताको आधारमा समान प्रकारका अधिकारहरु, खास गरेर देहायका अधिकारहरु, उपलब्ध गराउनको लागि आर्थिक तथा सामाजिक जीवनको अन्य क्षेत्रहरुमा महिला उपर हुने सबै प्रकारमा भेदभाव निर्मूल गर्न सबै उपयुक्त कदमहरु चाल्नेछन्:

क. पारिवारिक लाभ भोग्न पाउने अधिकार,

ख. बैंक कर्जा पाउने, बन्धकी राख्ने तथा अन्य प्रकारका आर्थिक ऋण प्राप्त गर्न पाउने अधिकार,

ग. खेलकुदमा, मनोरन्जनका गतिविधिमा तथा साँस्कृतिक जीवनीका समस्त पक्षहरुमा सहभागी हुन पाउनेअधिकार ।

धारा-१४

१. राज्य पक्षहरुले, गाउँले महिलाले भोगी रहेका खास समस्याहरु तथा ती गाउँले महिलाले परिवारको आर्थिक उन्नतिमा तथा विना मूल्यमा गरिएका आर्थिक योगदान लगायत आर्थिक व्यवस्थामा तिनीहरुले खेलेको महत्वपूर्ण भूमिका प्रति ध्यान दिनेछन् र यस महासन्धीको व्यवस्थाहरु ती ग्रामीण क्षेत्रका महिलामा साकार गराउन सबै उपयुक्त कदमहरु चाल्नेछन् ।

२. राज्य पक्षहरुले, ग्रामीण क्षेत्रका महिलाले पुरुष सरह समानताको आधारमा ग्रामीण विकासमा सहभागी

हुन पाउन् र त्यसबाट पाउने फाइदा भोग्न पाउन् भन्ने कुरा यकीन गर्नको लागि ग्रामीण क्षेत्रका महिला उपर हुने भेदभावलाई निर्मूल गर्न सबै प्रकारका कदमहरु चाल्नेछन् र खास गरेर त्यस्ता महिलालाइ देहायका अधिकार उपलब्ध गराउने छन् :

क. विकास योजनाको विस्तृतीकरण तथा कार्यान्वयनमा सबै तहमा भाग लिन पाउने,
ख. परिवार नियोजनका सूचना, सल्लाह र सेवा लगायत पर्याप्त स्वास्थ्य स्याहार सुविधा पाउने,
ग. सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने,
घ. कार्यगत साक्षरता लगायत सबै प्रकारको औपचारिक तथा अनौपचारिक तालिम तथा शिक्षा प्राप्त गर्ने एवं अन्य कुराका अतिरिक्त उनीहरुको प्राविधिक क्षमता वृद्धि गराउनको लागि सबै सामुदायिक तथा विस्तार सेवाहरुबाट फाइदा प्राप्त गर्ने,
ङ रोजगारी तथा आत्म-रोजगारीद्वारा आर्थिक अवसरहरुमा समानरुपले भागीदार हुनको लागि स्वावलम्बन समूहहरु तथा साझा संस्थाहरु गठन गर्न पाउने,
च. समस्त सामूदायिक क्रियाकलापहरुमा भाग लिने,
छ. कृषि कर्जा तथा ऋण, बजार सुविधा उपयुक्त प्रविधि प्राप्त गर्न सक्ने तथा भूमि सम्बन्धी र कृषि सुधार एवं जग्गा जमीनको पुनर्व्यवस्था योजना सम्बन्धी समान प्रकारको व्यवहार पाउने,
ज. जीवन यापनका उपयुक्त अवस्थाहरु खास गरेर आवास, फोहोर मैलाको सफाई, विद्युत तथा खानेपानीको व्यवस्था, यातायात तथा संचार सम्बन्धी व्यवस्थाहरु उपभोग गर्न पाउने ।

## भाग-४

### धारा-१५

राज्य पक्षहरुले महिलालाई कानूनको दृष्टिमा पुरुष सरहको समानता प्रदान गर्नेछन् । राज्य पक्षहरुले महिलालाई देवानी मामिलामा पुरुष सरहको कानूनी सामर्थ्यता प्रदान गर्नेछन् र त्यस्तो सामर्थ्यता उपभो गर्न पाउने समान अवसर प्रदान गर्नेछन् । खास गरेर तिनीहरुले महिलालाई करार गर्न पाउने तथा सम्पत्ति संचालन गर्न पाउने समान अधिकार प्रदान गर्नेछन् तथा अदालत तथा न्यायाधिकरण समक्ष हुने कार्यविधिको सबै अवस्थामा समान व्यवहार गर्नेछन् ।

महिलाको कानूनी सामर्थ्यतालाई नियन्त्रण गर्ने प्रकारका कानूनी मान्यता प्राप्त भएका कुनै पनि किसिमका करार तथा तमाम निजामती लिखतहरु बदर हुनेछन् तथा गैरकानूनी मानिनेछ भन्ने कुरा राज्य पक्षहरुले मंजूर गर्दछन् ।

व्यक्तिको घुमफिर गर्न पाउने अधिकार तथा आफ्नो वासस्थान एवं वासभूमि छान्न पाउने स्वतन्त्रता सम्बन्धी कानूनमा पुरुष तथा महिलालाई समान अधिकार प्रदान गर्न राज्य पक्षहरु मन्जूर गर्दछन् ।

### धारा-१६

राज्य पक्षहरुले विवाह तथा पारिवारिक सम्बन्ध बारेको कुराहरुमा महिला उपरको भेदभाव निर्मूल गर्न सबै उपयुक्त कदमहरु चाल्नेछन् तथा खास गरेर देहायका व्यवस्था पुरुष तथा महिलामा समानताको आधारमा सम्पादन गराउने छन्:

क. विवाह गर्ने समान अधिकार हुने,
ख. आफ्नो जीवनसँगी स्वतन्त्र तवरले छान्न पाउने तथा उनीहरुको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र विवाह हुने गरी समान अधिकार दिलाउने,
ग. विवाह पर्यन्त तथा विवाह-विच्छेद पश्चात्को अवस्थामा समान अधिकार तथा दायित्व दिलाउने,
घ. विवाहको स्थिति जे जस्तो रहे तापनि बालबच्चा सम्बन्धी कुराहरुमा बाबुआमा दुवैलाई समान अधिकार तथा दायित्व दिलाउने, यस कुरामा सदैव बालबालिकाको हितलाई सर्वोपरि ध्यान दिने,
ङ आफ्नो बालबच्चाको संख्या तथा तिनीहरुको जन्मान्तरको सम्बन्धमा स्वतन्त्र एवं जिम्मेवारीपूर्वक निर्णय गर्न पाउने समान अधिकार हुने तथा ती अधिकारहरु प्रभावकारी ढंगबाट उपभोग गर्न सक्ने तुल्याउन जो चाहिने जानकारी, शिक्षा तथा साधन उपलब्ध गराउने,

च. बालबालिकाको संरक्षकत्व, संरक्षितपना, गुठियारको हैसियत तथा दत्तक ग्रहण गर्ने सम्बन्धमा अथवा कुनै मुलुकको राष्ट्रिय कानूनी व्यवस्थामा यो कुरा लागू रहेछ भने त्यस्ता संस्थाको सम्बन्धमा महिलालाइ पनि समान अधिकार तथा जिम्मेवारी दिलाउने, यस कुरामा सदैव बालबालिकाको हितलाई सर्वोपरि ध्यान दिने,

छ. कुनै पनि पारिवारिक नाम, पेशा तथा वृत्तिचयन गर्न पाउने अधिकार लगायत पति तथा पत्नीको रुपमा दुवैमा समान वैयक्तिक अधिकार दिलाउने,

ज. सम्पत्तिको सम्बन्धमा निःशुल्क वा सशुल्क रुपमा स्वामित्व, प्राप्ति, बन्दोबस्त, प्रशासन, उपभोग तथा बेचविखन गर्न पाउने गरी पति पत्नी दुवैलाई समान अधिकार दिलाउने ।

बालकको वैवाहिक वाग्दानको र बाल-विवाहको कुनै पनि कानूनी मान्यता हुनेछैन । विवाह गर्ने न्यू उमेर निर्धारण गर्ने कानूनी लगायत सबै आवश्यक व्यवस्था गरिनेछ र औपचारिक विवाह दर्ता किताबमा विवाह दर्ता गर्न अनिवार्य गरिनेछ ।

## भाग-५

धारा-१७

१. यस महासन्धीको कार्यान्वयन सम्बन्धी प्रगतिको लेखाजोखा गर्नको लागि यो महासन्धीले व्यवस्था गरेका कुराहरु सम्बन्धमा उच्च नैतिक मर्यादा तथा क्षमता भएका विशेषज्ञहरु मध्येबाट यो महासन्धी प्रारम्भ हुने बित्तिकै अठाह्र जना र यो महासन्धीलाई पैंतीसौं राज्य पक्षले अनुमोदन वा सम्मिलन गरेपछि ते जना विशेषज्ञहरु भएको एउटा "महिला विरुद्ध भेदभाव निर्मूलन समिति" (यसपछि "समिति" भनिएको) गठन गरिनेछ । यी विशेषज्ञहरु समानुपातिक भौगोलिक वितरण पद्धति अनुसार तथा भिन्न- भिन्न सभ्यताको एवं प्रमुख कानूनी प्रणालीको प्रतिनिधित्व हुने गरी राज्य पक्षहरुले आ-आफ्नो जनताहरुबाट निर्वाचित गर्नेछन् र तिनीहरुले व्यक्तिगत हैसियतमा काम गर्नेछन् ।

२. राज्य पक्षहरुबाट मनोनीत व्यक्तिहरुको सूचिबाट गोप्य मतपत्रको तरीकाबाट समितिका सदस्यहरु निर्वाचित हुनेछन् । प्रत्येक राज्य पक्षले आफ्नो नागरिकहरु मध्ये एक जना व्यक्तिमात्र मनोनीत गर्न पाउनेछन् ।

३. यो महासन्धी प्रारम्भ भएको मितिले ६ महिनापछि प्रारम्भिक निर्वाचन हुनेछ । प्रत्येक निर्वाचन हुने मिति भन्दा कम्तिमा ३ महिना अगावै संयुक्त राष्ट्र संघको महामन्त्रीले राज्य पक्षहरुलाई आ-आफ्नो मनोनयनपत्रहरु दुई महिनाभित्र दाखिला गर्न आह्वान गर्दै पत्र पठाउनेछन् । महामन्त्रीले प्राप्त मनोनयनहरुको आधारमा मनोनयन गर्ने राज्य पक्षहरुको नाम समेत जनाई वर्णानुक्रम अनुसारको एउटा सूची बनाउने छन् र सूची राज्य पक्षहरुलाई पठाउनेछन् ।

४. समितिकासदस्यहरुको निर्वाचन संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा महामन्त्रीले आयोजना गरेको राज्य पक्षहरुको बैठकमा हुनेछ । यस बैठकको लागि दुईतिहाई राज्य पक्षहरुको उपस्थितिलाई गणपूर संख्या पुगेको मनिनेछ । बैठकमा उपस्थित भई मतदान गर्ने राज्य पक्षहरुका प्रतिनिधिहरुको स्पष्ट बहुमत प्राप्त गरी सबै भन्दा बढी मत प्राप्त गर्ने त्यस्ता मनोनीत व्यक्तिहरु नै समितिको सदस्यमा निर्वाचित भएको मानिनेछ ।

५. समितिका सदस्यहरु चार वर्षको लागि निर्वाचित हुनेछन् । पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरुमध्ये नौ जनाको पदावधि दुई वर्षमा समाप्त हुनेछ । पहिलो निर्वाचन भएको लगत्तैपछि समितिका अध्यक्ष त्यस्ता नौ जना सदस्यहरुको नाम गोला प्रथाद्वारा छुट्याउनेछन् ।

६. समितिको पाँच जना अतिरिक्त सदस्यहरुको निर्वाचन पैंतीसौ अनुमोदन वा सम्मिलन प्राप्त भएपछि यसै धारको प्रकरण २, ३ र ४ मा भएका व्यवस्थाहरु अनुसार गरिनेछ । यस पटक निर्वाचित अतिरिक्त सदस्यहरु मध्ये दुई जना सदस्यहरुको पदावधि दुई वर्ष पुरा भएपछि समाप्त हुनेछ । त्यस्ता दुई ज सदस्यहरुको नाम समितिका अध्यक्षले गोला प्रथाद्वारा छाने बमोजिम हुनेछ ।

७. बीचमा पर्न आउने रिक्तताको पूर्ती गर्दा जुन राज्य पक्षको विशेषज्ञले सो समितिको सदस्यताको रि सिर्जना गरेको हो सोही राज्य पक्षले समितिको स्वीकृति प्राप्त गरी आफ्ना नागरिकहरु मध्येबाट अर्को विशेषज्ञ नियुक्त गर्नेछ ।

८. समितिका सदस्यहरुले समितिको कामको महत्वलाई ध्यानमा राखी महासभाले निर्धारण गरिदिए बमोजिमको शर्त तथा व्यवस्था अनुसार महासभाबाट स्वीकृत भए बमोजिम संयुक्त राष्ट्र संघको स्रोतबाट पारिश्रमिक प्राप्त गर्नेछन् ।

९. यस महासन्धी अनुसार समितिले गर्नुपर्ने कामको प्रभावकारी कार्यान्वयनको लागि संयुक्त राष्ट्र संघका

महामन्त्रीले आवश्यक कर्मचारी र सुविधाहरु उपलब्ध गराउनेछन् ।

धारा-१८

१. राज्य पक्षहरुले यो महासन्धीका व्यवस्थाहरुको कार्यान्वयनको लागि अपनाइएका व्यवस्थापिका, न्यायिक, प्रशासकीय तथा अन्य कदमहरु सम्बन्धी तथा यस सम्बन्धमा भएका प्रगति बारेको प्रतिवेदन समितिको विचारार्थ देहायका अवधिहरुमा संयुक्त राष्ट्र संघको महामन्त्रीमा पेश गर्ने कबूल गर्दछन् :

क. सम्बन्धित राज्यका हकमा प्रारम्भ भएको मितिले एक वर्षभित्र,

ख. तत्पश्चात् कमसेकम प्रत्येक चार वर्षमा तथा समितिले अनुरोध गरेको समयमा ।

२. प्रतिवेदनमा यो महासन्धीका दायित्वहरु पूरा गर्नमा व्यवधान पार्ने तत्वहरु तथा अवरोधहरु समेत उल्लेख गर्न सकिनेछ ।

धारा-१९

१. समितिले आफ्नो कार्य विधि सम्बन्धी नियमहरु आफैं निर्धारण गर्नेछ ।

२. समितिले आफ्ना पदाधिकारीहरु दुई वर्षको पदावधिको लागि आफै छान्नेछ ।

धारा-२०

१. यस महासन्धीको धारा १८ अनुसार पेश गरिएका प्रतिवेदनहरु उपर विचार विमर्श गर्नको लागि समितिको बैठक प्रत्येक वर्ष साधारतया दुई हप्ता ननाघ्ने गरी बस्नेछ ।

२. समितिको बैठक साधारणतया संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा वा समितिले निर्धारण गरेको अन्य कुनै उपयुक्त ठाउँमा बस्नेछ ।

धारा-२१

१. समितिले आफुले गरेको कामको सम्बन्धमा प्रत्येक वर्ष आर्थिक तथा सामाजिक परिषद् मार्फत संयुत्त राष्ट्र संघको महासभामा प्रतिवेदन पेश गर्नेछ र राज्य पक्षहरुबाट प्राप्त प्रतिवेदनहरु तथा जानकारीहरु सम्बन्धमा गरिएको जाँचबुझको आधारमा समितिले आफ्नो सुझाव तथा साधारण सिफरिसहरु गर्न सक्नेछ। यस्ता सुझावहरु तथा साधारण सिफरिस र त्यसको सम्बन्धमा राज्य पक्षहरुबाट कुनै टिकाटिप्पणी प्राप्त भएको भए सो समेत समितिको प्रतिवेदनमा संलग्न गरिनेछ ।

धारा-२२

विशेषज्ञ संस्थाहरुको कार्यक्षेत्रभित्र पर्न आउने यस महासन्धीका व्यवस्थाहरुको कार्यान्वयनको सम्बन्धमा विचार विमर्श गरिंदा तिनीहरुलाई पनि प्रतिनिधित्व हुन पाउने अधिकार हुनेछ । समितिले ती विशेषज्ञ संस्थाहरुको कार्यक्षेत्रभित्र पर्न आउने कुराहरुका सम्बन्धमा महासन्धीको कार्यान्वयनबारेमा प्रतिवेदन पेश गर्न तिनीहरुला आमन्त्रण गर्न सक्नेछ ।

भाग -६

धारा-२३

यस महासन्धीमा उल्लेखित कुनै कुराले पनि पुरुष तथा महिलाको बीचमा समानता कायम गर्नको लागि बढी सहायक हुने देहायका लिखतमा परेका कुनै पनि व्यवस्थामा असर पार्ने छैनः

क. कुनै राज्य पक्षको कानूनमा रहेका, वा

ख. सो राज्यका सम्बन्धमा लागू रहेका अन्य कुनै अन्तर्राष्ट्रिय महासन्धी, सन्धी वा सम्झौतामा रहेका ।

धारा-२४

यस महासन्धीद्वारा मान्यता प्रदान गरिएका अधिकारहरुको पूर्ण प्राप्तिको लागि लक्षित समस्त आवश्यकीय कार्यहरु राष्ट्रिय तहमा कार्यान्वयन गर्न राज्य पक्षहरु कबूल गर्दछन् ।

धारा-२५

१. यो महासन्धी सबै राज्यहरुबाट हस्ताक्षर हुनको लागि खुला रहनेछ ।

२. यो महासन्धीको जिम्मावालको रुपमा संयुक्त राष्ट्र संघको महामन्त्रीलाई तोकिएको छ । ३. यो महासन्धीमा अनुमोदनको प्रक्रिया अपनाउनु पर्नेछ । अनुमोदनका लिखतहरु संयुक्त राष्ट्र संघका
महामन्त्री समक्ष दाखिला गर्नु पर्नेछ ।

४. यो महासन्धी कुनै पनि राज्यद्वारा सम्मिलनको लागि खुला रहनेछ । सम्मिलन सम्बन्धी लिखत संयुक्त राष्ट्र संघका महामन्त्री समक्ष दाखिल गरिए पछि सो राज्य सम्मिलित भएको मानिनेछ ।

धारा-२६

१. यस महासन्धीमा संशोधन गर्नको लागि कुनै पनि राज्य पक्षले कुनै पनि समयमा संयुक्त राष्ट्र संघका महामन्त्रीलाई सम्बोधन गरी लिखित सूचना दिएर अनुरोध गर्न सक्नेछ ।

२. यसप्रकारको अनुरोध भएकोमा के कस्तो कारवाई गर्ने भन्ने कुरा संयुक्त राष्ट्रसंघको महासभाले गरे बमोजिम हुनेछ ।

धारा-२७

१. यो महासन्धी यसको अनुमोदन वा सम्मिलन गर्ने गरी बीसौं लिखत संयुक्त राष्ट्र संघको महामन्त्री कहाँ दाखिल भएको मितिले तीसौं दिनदेखि लागू हुनेछ ।

२. यस महासन्धीको अनुमोदन वा सम्मिलन गर्ने बीसौं लिखत दाखिल भै सकेपछि यसको अनुमोदन सम्मिलन गर्ने अन्य प्रत्येक राज्यको हकमा सो राज्यले आफ्नो अनुमोदनको वा सम्मिलनको लिखत दाखिल गरेको मितिले तीसौं दिनदेखि प्रारम्भ हुनेछ ।

धारा-२८

१. अनुमोदन वा सम्मिलन गर्दाको अवस्थामा कुनै राज्यले यस महासन्धीको सम्बन्धमा आफ्नो सुरक्षण राख्न भएमा त्यस्तो सुरक्षण सम्बन्धी लिखत संयुक्त राष्ट्र संघका महामन्त्रीकहाँ दाखिल गर्नेछन् र त्यस्तो लिखतको ब्यहोरा निजले सबै राज्यहरुलाई उपलब्ध गराउनेछन् ।

२. यस महासन्धीको उद्देश्य तथा प्रयोजनसँग मेल नखाने सुरक्षणलाई अनुमति दिइने छैन । ३. सुरक्षणलाई फिर्ता लिइने भएमा संयुक्त राष्ट्र संघका महामन्त्रीलाई तत्सम्बन्धी सूचना दिई सुरक्षण फिर्ता लिन सकिनेछ । निजले उक्त कुराको सूचना सबै राज्यहरुलाई दिनेछन् । यस प्रकारको सूचना महामन्त्रीलाइ
प्राप्त भएको मितिदेखि क्रियाशील हुनेछ ।

धारा-२९

१. यस महासन्धीको व्याख्या वा प्रयोगको सम्बन्धमा कुनै दुई वा बढी राज्य पक्षहरुका बीच उठेको कुन विवाद आपसी वार्तालापबाट समाधान हुन नसकेमा तिनीहरुमध्ये कसैको अनुरोध भएमा मध्यस्थताको लागि पेश गरिनेछ । मध्यस्थताको लागि अनुरोध भएको मितिले छ महिनाभित्र सम्म पनि मध्यस्थताको संगठन बारेमा पक्षहरु मन्जुर हुन नसकेमा त्यस्ता पक्षहरुमध्ये कुनै एक पक्षले सो विवाद अन्तर्राष्ट्रिय न्यायालयमा सो न्यायालयको कानून अनुसार दरखास्त दिई प्रस्तुत गर्न सक्नेछन् ।

२. यो सन्धिपत्रमा हस्ताक्षर वा अनुमोदन गर्दाको वा सम्मिलन गर्दाको अवस्थामा प्रत्येक राज्य पक्षले यो धाराको प्रकरण १ बाट आफू आबद्ध छैन भन्ने कुराको घोषणा गर्न सक्नेछ । यस प्रकारको सुरक्ष राख्ने राज्य पक्षसँग सो प्रकरणमा लेखिएका कुराको सम्बन्धमा अरु राज्य पक्षहरु आवद्ध हुने छैनन् ।

३. यस धाराको प्रकरण २ अनुसार सुरक्षण राख्ने कुनै राज्य पक्षले त्यस्तो सुरक्षण संयुक्त राष्ट्र संघका महामन्त्रीलाई सूचना दिई कुनै पनि बखतमा फिर्ता लिन सक्नेछ ।

धारा-३०

१. यो महासन्धीको अरवी, चिनियाँ, अंग्रेजी, फ्रेन्च, रसियन र स्पेनिश भाषाका मूल पाठहरु समानरुपमा आधिकारिक मानिनेछन् र ती प्रतिहरु संयुक्त राष्ट्र संघका महामन्त्रीको जिम्मामा राखिनेछन्।

२. यस कुराको साक्षीको रुपमा अधिकार प्राप्त तलका हस्ताक्षरकारीहरुले यस महासन्धीमा हस्ताक्षर गरेका छन् ।

५५/४ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको इच्छाधिन आलेख

महासभा,

भिएना घोषणा र कार्य योजना, र वेईजिङ्ग घोषणा र कार्य मञ्चलाई पुनः सुदढ गराउदै, भिएना घोषणा र कार्य योजना अनुरुप वेईजिङ्ग कार्यमञ्चले महिला विरुद हुने सबै प्रकारका भेदभाव बिरुद्धको महासन्धिको ऐच्छिक प्रोटोकलको मसौदालाई परिस्कृत गराई उजुरीको अधिकारको कार्यविधिको आधारम जतिसक्दो छिटो प्रारम्भ हुन सकोस् भन्ने उद्देश्यले महिलाको स्थिति सम्बन्धी आयोगद्धारा प्रारम्भ गरिएको प्रकृयालाई सहयोग पुप्याएको कुरालाई स्मरण गदै,

सन् २००० भित्रै महासन्धिको विश्वव्यापी रुपमा अनुमोदन हुन सकोस् भन्नाका निमित्त वेइजिङ कार्यमञ्चले महासन्धिको अनुमोदन वा सम्मिलन गर्न बाँकी सबै राष्ट्रहरुलाई यथाशक्य छिटो अनुमोदन गन वा सम्मिलन हुन अपिल गरेको कुरालाई ध्यान दिदैं,

१) यस प्रस्तावको अनुसूचीमा मूलपाठ भएको महासन्धिको ऐच्छिक प्रोटोकललाई पारित गर्दछ र हस्ताक्षर, अनुमोदन र सम्मिलनको लागि खुल्ला राख्दछ

२) महासन्धि हस्ताक्षर, अनुमोदन वा सम्मिलन गरिसकेको राष्ट्रलाई यथाशक्य छिटो ऐच्छिक प्रोटोकलमा हस्ताक्षर, अनमोदन वा सम्मिलनको लागि अनुरोध गर्दछ,

३. ऐच्छिक प्रोटोकलका पक्ष राष्ट्रहरुले प्रोटोकलद्वारा प्रदान गरिएका अधिकार र कार्यविधि प्रति सम्मान गर्ने जिम्मेवारी लिनु पर्दछ र प्रोटोकल अन्तर्गतको कारवाईका प्रत्येक तहमा महिला बिरुद्ध हुने सबै प्रकार भेदभाव बिरुद्धको समितिसँग मिलेर काम गर्नु पर्छ भन्ने कुरामा जोड दिन्छ,

४) एच्छिक प्रोटोकलको कार्यादेश साथै कार्यहरु पूरा गर्न समितिले छनौट नगर्ने, पक्षपात रहित र वस्तुपर सिद्धान्तबाट निरन्तर निर्देशित हुनु पर्नेमा जोड् दिदै,

५) समितिलाई प्रोटोकल प्रभावकारी भएपछि यस अन्तर्गतका आफ्ना कार्यहरु सम्पादन गर्न महासन्धिको अनुच्छेद २० अन्तर्गत रहेर समयावधि निश्चित गर्न र साधारण सभावाट पूर्व सहमति प्राप्त गर्ने गरी प्रोटोकलका पक्ष राष्ट्रहरुले सो समयावधि हेरफेर गर्न सक्ने अनुरोध गर्दै,

६) प्रोटोकल कार्यान्वयनमा आएपछि समितिका कार्यहरुको प्रभावकारी कार्यान्वयको लागि महासचिवसँग कर्मचारी तथा आवश्यक सुविधाको अनुरोध गर्दै,

७) साधारण सभामा महासचिवले पेश गर्ने प्रतिवेदनमा प्रोटोकलको स्थिति सम्बन्धि जानकारीहरु समावेश गर्न अनुरोध गर्दै

२८ औं साधारण सभा
६ अक्टुवर १९९९

# अनूसूची

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको ऐच्छिक प्रोटोकलका वर्तमान पक्ष राष्ट्र

- संयुक्त राष्ट्र संघको बडापत्रको मानवको मौलिक अधिकार, अस्तित्व र मानव व्यक्तित्वको मूल्य र महिला र पुरुषको समान अधिकारलाई जानकारीमा लिदैं,
- मानव अधिकारको विश्वव्यापि घोषण पत्रमा उल्लेख भएको सबै मानव जातिको स्वतन्त्र र समान सम्मान र अधिकारयुक्त जन्मने साथै लैङ्गिक लगायत कुनै पनि प्रकारको फरक नभई समानता र स्वतन्त्रता उपभोग गर्न पाउने कुरालाई जानकारीमा लिदै लिङ्गको आधारमा विभेद नगरिने अन्य मानव अधिकारका अन्तरराष्ट्रिय महासन्धिहरु र अरु अन्तरराष्ट्रिय मानव अधिकार सयन्त्रहरुको पुर्नस्मरण गर्दै,
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धि महासन्धिको स्मरण गर्दै जस अनुसार सदस्य राष्ट्रहरुले महिला विरुद्धहुने सबै प्रकारका असमानताहरु प्रति देखाएको प्रतिवद्धता प्रति सहमत हुदै सबै उचित प्रकारका साधन र स्रोतहरुको विना ढिलाई महिला विरुद्धका असमान नीतिहरुको परिवर्तनका लागि लगाईने,
- महिलारुका सबै मानव अधिकार र मौलिक स्वतन्त्रता र महिला विरुद्धका हिंसा र यी अधिकार र स्वतन्त्रताको प्रभाकारी कार्यन्वयन गर्न, प्रतिवद्धता सुनिश्चत गर्दै

निम्न बमोजिम गर्न मन्जुर भएका छन् :

धारा १

यो प्रोटोकलको पक्ष राष्ट्रले ("पक्ष राष्ट्र") महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महास सम्बन्धी समिति ( "समिति") लाई धारा २ बमोजिम पेश भएका सूचना प्राप्त गर्ने र विचार गर्ने अधिकार छ भन्ने कुराको मान्यता प्रदान गर्दछ ।

धारा २

कुनै पक्ष राष्ट्रको क्षेत्राधिकारभित्र सो राष्ट्रद्वारा महासन्धिमा उल्लेखित कुनै अधिकारको हनन् भै पीडित भएको दावी गर्दै कुनै व्यक्ति वा व्यक्तिहरुको समूहद्वारा सूचना पेश गर्न सकिने छ । यस्तो सूचना ० वा समूहहरुको तर्फबाट पेश गरिएको रहेछ भने उनिहरुको सहमति बिना उनिहरुको तर्फबाट सूचना प गरिएको थियो भन्ने कुराको पुष्टि सो कुराको दावी गर्ने व्यक्तिबाट नभएसम्म सो कुरा उनीहरुको सर्हा भएको मानिनेछ ।

धारा ३

सूचना लिखित हुनु पर्नेछ र वेनामी हुनु हुदैन वर्तमान प्रोटोकलको पक्ष नभएको महासन्धिको पक्ष सरोकार राख्ने सूचना समितिले स्वीकार गर्ने छैन ।

धारा ४

१ उपचारको लागि दिइएको निवेदनमा अनावश्यक ढिलाई भएको वा प्रभाबकारी राहत दिन आलटाल गरिएकोमा वाहेक उपलव्ध भएसम्मका सम्पूर्ण स्थानीय उपचारको लागि प्रयास गरेको कुरा निश्चित नभएसम्म समितिले कुनै सूचना उपर कारवाई गर्ने छैन ।

२ देहायको अवस्थामा समितिले सूचना स्वीकर नभएको घोषाणा गर्नेछ::

क) सोही विषयमा समितिद्वारा पहिले नै छानविन भै सकेको भएमा वा अन्तर्राष्ट्रिय छानविन वा समाधानको अन्य प्रकृया अन्तर्गत परीक्षण भैरहेको भएमा,

ख) महासन्धिको व्यवस्थासंग अमिल्दो भएमा,

ग) स्पष्ट रुपमा दुराशयपूर्ण किसिमले शुरु गरिएको वा प्रयाप्त मात्रामा पुष्टि नभएको, घ) सूचना पठाउन पाउने अधिकारको दुरुपयोग भएमा,

ङ) जुन तथ्यको आधारमा सूचना दिइएको हो उक्त तथ्य यो प्रोटोकल सम्बन्धित पक्ष राष्ट्रको हकमा लागू हुनु पूर्व घटेको भएमा र उक्त मिति पछि त्यस्तो तथ्यको निरन्तरता नभएको भएमा ।

धारा ५

१ सूचना प्राप्त भएपछि र त्यस सम्बन्धमा कुनै निर्णयमा पुग्नुभन्दा अगाडि जुनसुकै बखत समितिले पक्ष राष्ट्रबाट आरोपित हिंशाका पीडित वा पीडितहरुलाई सम्भावित अपूरणीय क्षतिबाट जोगाउनको लागि आवश्यक अन्तरिम उपायको अवलम्बन गर्ने सम्बन्धमा तत्काल केही गर्नको लागि सम्बन्धित पक्ष राष्ट्रलाई अनुरोध पठाउन सक्नेछ ,

२. यस धाराको उपधारा (१) बमोजिम समितिले आफ्नो स्वविविवेकको प्रयोग गरेबाट सूचनाको ग्राह्यता अथवा विषयवस्तुको निर्धारण भएको कुरा जनाउने छैन ।

धारा ६

१. कुनै सूचना सम्बन्धित पक्ष राष्ट्रको सहमति विना ग्राह्य हुन नसक्ने भन्ने कुरा समितिलाई लागेमा र त्यस्तो व्यक्ति वा व्यक्तिहरुको समूहको परिचय पक्ष राष्ट्रलाई दिए हुने कुरामा उनीहरुको सहमति भएमा समितिले यो प्रोटोकल अन्तर्गत आफू समक्ष पेश भएको कुनै सूचना सम्बन्धित पक्ष राष्ट्रलाई गोप्य रु जानकारी गराउनेछ ।

२. त्यस्तो जानकारी प्राप्त गर्ने पक्ष राष्ट्रले छ महिना भित्र उक्त विषयलाई स्पष्ट पार्ने लिखित व्यवस्था वा विवरण र उक्त पक्ष राष्ट्रले उपलब्ध गराउन सक्ने कुनै उपचार भए सो समेत समितिमा पठाउनेछ।

धारा ७

१ समितिले आफू समक्ष यस प्रोटोकल अन्तर्गत भएका सूचनाहरु व्यक्ति, व्यक्तिहरुको समूह वा उनीहरुको तर्फबाट र सम्बन्धित पक्ष राष्ट्रबाट उपलब्ध गराइएको जानकारीलाई दृष्टिगत गरी गर्ने छ, तर त्यस्तो जानकारी सम्बन्धित पक्षलाई पठाईने छ ।

२. समितिले यस प्रोटोकल अन्तर्गत प्राप्त सूचनाहरुको परीक्षण बन्द बैठकमा गर्नेछ ।

३. सूचनाको परीक्षण पछि समितिले सूचनाका सम्बन्धमा आफ्नो दृष्टिकोण र कुनै सिफारिश भए सो समेत सम्बन्धित पक्षलाई पठाउनेछ ।

४. पक्ष राष्ट्रले समितिको दृष्टिकोण र कुनै सिफारिस भए त्यसलाई समेत विशेष महत्वका साथ विचार गर्नेछ र समितिको दष्टिकोण र सिफारिशलाई दृष्टिगत गरी गरिएको कारवाई सम्बन्धी जानकारी सहित लिखित प्रतिक्रिया छ महिना भित्र समितिलाई पठाउनेछ ।

५. समितिले उपयुक्त देखेको लगायत यसको दृष्टिकोण र कुनै सिफारिश भए सोको प्रतिक्रियाका सम्बन्धम पक्ष राष्ट्रले अवलम्बन गरेका उपायका सम्बन्धमा महासन्धिको धारा १८ बमोजिम पक्ष राष्ट्रले यसपछि पेश गर्ने प्रतिवेदनमा थप जानकारी गराउनको लागि समितिले पक्ष राष्ट्रलाई अनुरोध गर्न सक्नेछ

धारा ८

१. कुनै पक्ष राष्ट्रले महासन्धिमा उल्लिखित अधिकारको गम्भीर अथवा योजनावद्ध किसिमले उल्लंघन गरेकोछ भन्ने कुराको विश्वसनीय जानकारी प्राप्त भएमा समितिले त्यस्तो पक्ष राष्ट्रलाई सो जानकारीका सम्बन्धमा गरिने छानविनमा सहयोग गर्नको लागि अनुरोध गर्नेछ र यस प्रयोजनको लागि उक्त जानकारीका सम्बन्धमा आफ्नो धारणा पेश गर्न अनुरोध गर्नेछ ।

२. सम्बन्धित पक्ष राष्ट्रद्वारा पेश हुन सक्ने धारणा गरी र आफू समक्ष प्राप्त हुन आएका विश्वसनीय जानकारीलाई दृष्टिगत गरी समितिले आफ्नो एक वा एक भन्दा बढी सदस्यलाई सो विषयमा छानविन गरी तुरुन्त प्रतिवेदन पेश गर्नको लागि तोक्न सक्नेछ । आवश्यक परेर पक्ष राष्ट्रको सहमति भएमा छानविन अन्तर्गत त्यस्तो राष्ट्रको भूभागको भ्रमण पनि पर्न सक्नेछ ।

३. त्यस्तो छानविनको निष्कर्षको अध्ययन पश्चात् समितिले कुनै समीक्षा र सिफारिश भए सो समेत संलग्न राखी उक्त निष्कर्ष सम्बन्धित पक्ष राष्ट्रलाई पठाउनेछ ।

४. सम्बन्धित पक्ष राष्ट्र समितिले पठाएको त्यस्तो निष्कर्ष, समीक्षा र सिफारिश प्राप्त भएको छ महिना भित्र आफ्नो धारणा समिति समक्ष पेश गर्नु पर्नेछ ।

५. यस्तो छानविन गोप्यरुपमा गरिनेछ र कारवाईको प्रत्येक चरणमा सम्बन्धित पक्ष राष्ट्रको सहयोगको अपेक्षा गरिनेछ ।

धारा ९

१. यस प्रोटोकलको धारा ८ अन्तर्गत गरिएका छानविनको प्रतिक्रिया स्वरुप अवलम्बन गरिएको उपायको विवरण महासन्धिको धारा ९८ बमोजिमको प्रतिवेदनमा समावेशमा गर्नको लागि सम्बन्धित पक्ष राष्ट्रलाई समितिले अनुरोध गर्न सक्नेछ ।

२ धारा ८ को उपधारा ४ मा उल्लेखित ६ महिनाको अवधि समाप्त भएपछि समितिले आवश्यकताअनुसार सम्बन्धित पक्ष राष्ट्रलाई छानविनको प्रतिक्रिया स्वरुप अवलम्बन गरिएका उपायको बारेमा जानकारी गराउन अनुरोध गर्न सक्नेछ ।

धारा १०

१. प्रत्येक पक्ष राष्ट्रले यो प्रोटोकलमा हस्ताक्षर वा अनुमोदन गर्दाका बखत वा त्यसमा सम्मिलन हुंदाका बखत धारा ८ र ९ मा व्यवस्थित समितिको अधिकारलाई आफूले मान्यता प्रदान नगरेको कुराको घोषण गर्न सक्नेछ ।
२. कुनै पक्ष राष्ट्रले उपधारा १ बमोजिमको घोषणा गरिसकेपछि महासचिवलाई सूचना दिएर जुनसुकै ब त्यस्तो घोषण फिर्ता लिन सक्नेछ ।

धारा ११

यस प्रोटोकल बमोजिम समितिलाई सूचना दिएको कारणले आफ्नो क्षेत्राधिकार भित्र कुनै व्यक्तिलाई दुव्य गरिएको वा डर त्रास देखाइएको छैन भन्ने कुराको विश्वास दिलाउन पक्ष राष्ट्रले सबै उपयुक्त उपायका अवलम्बन गर्नु पर्नेछ ।

धारा १२

समितिले यस प्रोटोकल बमोजिम आफूले संचालन गरेका सबै कियाकलापको सारांस धारा २१ बमोजिमका आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

धारा १३

प्रत्येक पक्ष राष्ट्रले महासन्धि र यस प्रोटोकलको व्यापकरुपमा जानकारी गराउने र प्रचार प्रसार गर्ने तथा समितिको दृष्टिकोण र सिफारिस खास गरी पक्ष राष्ट्र समावेश भएको विषयमा सूचना प्राप्त गर्न सहज बनाउने दायित्व स्वीकार गर्दछन् ।

धारा १४

यस प्रोटोकलद्वारा समितिलाई प्रदान गरिएको कार्य सम्पादन गर्दा अपनाउनु पर्ने कार्यविधिगत नियम समिति आफैले निर्धारण गर्नेछ ।

धारा १५

१ महासन्धि हस्ताक्षर गर्ने, अनुमोदन गर्ने वा सम्मिलन हुने जुनसुकै पक्ष राष्ट्रलाई हस्ताक्षरको लागि प्रोटोकल खुल्ला रहनेछ ।
२. महासन्धि अनुमोदन गर्ने वा सम्मिलन हुने कुनै पक्ष राष्ट्रले यो प्रोटोकल अनुमोदन गर्नु पर्नेछ ।
लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष अभिलेख गर्नु पर्नेछ ।
३. महासन्धि अनुमोदन गर्ने वा सम्मिलन हुने कुनै पक्ष राष्ट्रको लागि यो प्रोटोकल सम्लिनको लागि ख रहनेछ ।
४. संयुक्त राष्ट्र संघका महासचिव समक्ष सम्मिलनको लिखित अभिलेख गरेपछि सम्मिलन प्रभावकारी हुनेछ।

धारा १६

१. अनुमोदन अथवा सम्मिलनको दशौं लिखित संयुक्त राष्ट्र संघका महासचिव समक्ष अभिलेख भएको मितिले तीन महिना पछि यो प्रोटोकल प्रारम्भ हुनेछ ।
२. यो प्रोटोकल प्रारम्भ भएपछि यसलाई अुनमोदन गर्ने अथवा यसमा सम्मिलनहुने राष्ट्रको हकमा त्यस्त राष्ट्रको अुनमोदन अथवा सम्मिलनको लिखित अभिलेख भएको मितिले तीन महिना पछि प्रारम्भ हुनेछ ।

धारा १७
यो प्रोटोकलमा कुनै आरक्षण राख्न पाइने छैन ।
धारा १८
१ कुनै पक्ष राष्ट्रले यो प्रोटोकलमा संशोधनको प्रस्ताव गर्न चाहेमा संयुक्त राष्ट्र संघ महासचिव समक्ष दत गराउन सक्नेछ । महासचिवले सबै पक्ष राष्ट्रलाई त्यस्तो संशोधनको प्रस्तावमा विचार गरी मतदान गर्नको निमित्त पक्ष राष्ट्रहरुको सम्मेलन गर्ने पक्षमा रहे नरहेको कुराको निजलाई जानकारी गराउन अनुरा गर्दै त्यस्तो संशोधन प्रस्ताव सबै पक्ष राष्ट्रहरुलाई पठाउने छन् । कम्तीमा एक तिहाई पक्ष राष्ट्रहरु त्यस्तो सम्मेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्र संघको तत्वावधानमा त्यस्तो सम्मेलनको आयोजना गर्नेछन् । सम्मेलनमा उपस्थित भएर मतदान गर्ने पक्ष राष्ट्रहरुको बहुमतबाट पारित भएको कुनै संशोध अनुमोदनको लागि संयुक्त राष्ट्र संघको महासभामा प्रस्तुत गरिनेछ ।
२. संयुक्त राष्ट्र संघको महासभाद्वारा अनुमोदन भएपछि र यस प्रोटोकलका दुई तिहाई पक्ष राष्ट्रहरुले आ-आफ्नो सवैधानिक प्रक्रिया बमोजिम स्वीकार गरेपछि संशोधनहरु प्रारम्भ हुनेछन् । ३. संशोधन प्रारम्भ भएपछि त्यस्तो संशोधन स्वीकार गर्ने पक्ष राष्ट्रको हकमा बन्धनकारी हुनेछ, अन्य पक्ष राष्ट्रहरुको हकमा यो प्रोटोकल र उनिहरुले स्वीकार गरेका अघिल्ला संशोधनहरुनै बन्धनकारी हुनेछन्।

धारा १९
१ कुनै पक्ष राष्ट्रले संयुक्त राष्ट्र संघका महासचिवलाई लिखित सूचना दिएर जुनसुकै बखत यो प्रोटोकलल परित्याग गर्न सक्नेछ । महासचिवले त्यस्तो सूचना प्राप्त गरेको ६ महिना पछि परित्याग प्रारम्भ हुनेछ।
२. परित्याग प्रारम्भ हुनु भन्दा अगावै धारा २ अन्तर्गत दिएको सूचना वा धारा ८ अन्तर्गत प्रारम्भ गरिएको छानविनका सम्बन्धमा यस प्रोटोकलको व्यवस्था बमोजिम कार्यबाही जारी राख्न परित्यागले कुनै असर पार्नेछैन ।

धारा २०
संयुक्त राष्ट्र संघका महासचिवले देहायको विषयमा सबै राष्ट्रहरुलाई जानकारी गराउने छन् :-
क) यस प्रोटोकल अन्तर्गत भएका हस्ताक्षर, अनुमोदन र सम्मेलनहरु,
ख) यो प्रोटोकल र धारा १८ बमोजिमको संशोधन प्रारम्भ भएको मिति,
ग) धारा १९ बमोजिमको परित्याग ।

धारा २१
१ समान प्रामाणिकता राख्ने अरबि, चिनियाँ, अंग्रेजीली, फ्रान्सेली, रुसी र स्पेनीयाँ, भाषामा मूलपाठ भएको यो प्रोटोकल संयुक्त राष्ट्र संघको अभिलेखालयमा दाखिला गरिनेछ ।
२. संयुक्त राष्ट्र संघका महासचिवले यो प्रोटोकलको प्रमाणित प्रतिहरु महासन्धिको धारा २५ मा उल्लेखित सबै राष्ट्रहरलाई पठाउने छन् ।